ISSN 2091-1769

# शब्द संयोजन

वर्ष २२, अङ्क ७, पूर्णाङ्क २५८, २०८२ कार्तिक



मूल्य रु. ४०/-

तिहार तथा छठ पर्व २०८२ को
हार्दिक मङ्गलमय शुभकामना !

विशेष संवाद

डा. ठाकुरप्रसाद पोखरेल



# शुभारम्भ



## डा. गुरुप्रसाद पोखरेल

मानवजीवनको सचित्र प्रतिविम्बन र व्याख्या गर्ने कथा आख्यान विषयको एक प्रकार हो । कथा घटनालाई केन्द्रमा राखेर गरिने गद्यात्मक सिर्जना हो । कथामा भावको प्रभावकारी घटनाविन्यास गरिएको हुन्छ । कथा आफैँमा पूर्ण संरचना हो । यो उपन्यासको एउटा खण्ड होइन न त यो लघुकथाको विस्तार । कुनै पनि घटनाको कार्यकारण शृङ्खलाबाट बुनिँदै गएर एउटा प्रभावपरक निष्कर्षमा पुग्नु कथाको खास अभिलक्षण हो । मानवजीवन, व्यक्ति र समाजका एकल वा बहुआयामिक; सरल वा वक्र, जिज्ञासा वा आश्चर्य, घृणा वा निराशा, स्नेह वा करुणा, प्रेम वा आक्रोश तथा उत्साह वा प्रश्न आदिजस्ता भाव कथामा समेटिन्छन् ।

कथाकारले भन्न र लेख्नखोजेको कुरालाई पाठकले बोध गर्नसक्ने खालका कथा लेख्ने कथाकार हुन् खेमराज निरौला । उनी एक कुशल समकालीन कथाशिल्पी हुन् । उनको 'नयाँ युगका नयाँ कुरा' कथासङ्ग्रहका कथा पढ्दा उक्त कुराको पुष्टि हुन्छ । नेपाली समाजभित्रका सामाजिक वर्ग, जाति र लिङ्गलाई आफ्ना कथाका मुख्य आधार बनाएका निरौलाले समसामयिक समाजमा विद्यमान नारी, पुरुष, युवा, युवती, बालबालिका तथा वृद्धवृद्धाका मनोदशालाई हृदयस्पर्शी ढङ्गले प्रस्तुत गरेका छन् । आफ्नो जीवनभोगाइ, सामाजिक घटना र मानवीय मनोदशालाई त्रियाआमिक रूपले यी कथाको बनोट उनले तयार पारेका छन् ।

खासगरी कविता, निबन्ध, खण्डकाव्य तथा महाकाव्य र कथालेखनमा गतिशील खेमराज निरौलाका कथाहरूमा मानवजीवनमा घटित हुनसक्ने घटनाहरूलाई सुन्दरढङ्गले प्रस्तुत गरिएको छ । प्राकृतिक प्रकोप, सन्तति, सम्पत्ति, धर्म, सुख, दुःख, प्रेम, विवाह, रोग, मृत्यु आदि निरौलाका कथाको मूल विषयवस्तु रहेको देखिन्छ । समग्रमा देशको बिग्रँदो राजनीतिक परिस्थिति र त्यसले जन्माएको सामाजिक, राजनीतिक, प्रशासनिक, समसामयिक वेथिति र विसङ्गति अनि त्यस विसङ्गतिबाट कथाकार निरौलाका मनमा उब्जिएका विचारभाव यस कथाका विषयपरिधि हुन् ।

*(कथाकार खेमराज निरौलाको कथासङ्ग्रह 'नयाँ युगका नयाँ कुरा' मा समाविष्ट भूमिकाबाट साभार)*

❖ सम्पादकीय

# लोकतन्त्रको उपलब्धि अनुशासनहीनता र अराजकता !

लोकतन्त्र भनेको आफैँमा अनुशासित र विधिले चल्ने शासनव्यवस्था हो । लोकतन्त्रमा सरकार जति अनुशासित हुनुपर्छ, जसरी विधिको शासन सुनिश्चित गरिनुपर्छ, जनताका हक अधिकारको पनि सुनिश्चितता जसरी गरिनुपर्छ त्यसैगरी जनता पनि सभ्य, शिष्ट र अनुशासित हुनै पर्छ । त्यसैले त भनिएको हो नि 'लोकतन्त्र भनेको सबै सबै अनुशासित, मर्यादित, शिष्ट हुनुपर्ने शासनव्यवस्था हो ।' अराजकता र अनुशासनहीनता लोकतन्त्रका मूल मर्म हुँदै होइनन्, न त विशेषता नै । हिजोको कालरात्रियुक्त निरङ्कुश शासनव्यवस्थामा जनताले लेख्ने, बोल्ने स्वतन्त्रता प्राप्त गरेनन्, जनअधिकार कुण्ठित गरियो भनेर नै निरङ्कुशताका विरुद्धमा पटक पटक आन्दोलन गर्नुपरेको थियो होइन र ? अनि लोकतन्त्र भनेको अनुशासित र मर्यादित शासन व्यवस्था भएकाले यही लोकतन्त्रका निम्ति रगत बगाएको होइन र ? अनि यही सबै सबैको सपना भनिएको वा मानिएको लोकतन्त्रमा किन फेरि अनुशासनहीनता, अराजकता, ठगी, भ्रष्टाचार मौलाइरहेको छ ? किन फेरि पनि जनताका तहसम्मै वितृष्णा पैदा भइरहेको छ ? यसको मूल कारण पत्ता लगाउनुपर्ने र निराकरणका उपाय अवलम्बन गरिहाल्नुपर्ने वेला भइसकेको होइन र ?

जनताले सुशासनको अनुभूति गर्ननपाउनु, भ्रष्टाचारले प्रश्रय पाउनु, नवधनाढ्यवादको विषवृक्ष हुर्काउनु; नातावाद, फरियावाद, परिवारवाद, आसेपासेवाद, चम्चागिरी, कमिसनखोरी, दलाली आदि प्रवृत्ति फोहोरको मुला मौलाएझैँ मौलाउनु; जनताको रगतपसिनाको अंश काटेर बैङ्कमा जम्मा गरेको रकम कर्जा लिने र तिर्नुपर्ने दायित्वबोध नगर्ने बरु उल्टै जनता भड्काउने, बैङ्क तथा वित्तीय संस्थालाई धम्क्याएर किलकिलेसम्म खाएको कर्जा पचाउने पूरा का पूरा बद्नियत राखेर हाक्काहाक्की सडकमा आन्दोलन गर्न भनेर निस्किने लुटेराहरूको समूहलाई वेलैमा नियन्त्रण गरी कानुनबमोजिम कारवाही गर्नुको सट्टा सरकारकै तर्फबाट तमासा हेर्ने निर्लज्जताले पनि अराजकता र अनुशासनहीनतालाई प्रोत्साहन गरेको अनुभूति गरिएकै हो । 'जिसका लाठी उसका भैँस' भन्ने उखानझैँ सडकका छाडा साँढेझै बुर्कुसी मार्ने गुण्डाहरू र जनताको रगतपसिनाको अंश हाक्काहाक्की लुटेर खाने, अनुशासनको सीमामा कहिल्यै पनि नबसेर बहुविवाहमा रल्लिने, दोहोरो नागरिकता तथा दोहोरो राहदानी बनाउन तथा बोक्नै नपाउने मुलुकको कानुन तथा विधिको हाक्काहाक्की उल्लङ्घन गर्ने राष्ट्रिय ठगहरूलाई पालैपालो काँधमा बोक्ने दलीय रबैयाले पनि अनुशासनहीनता र अराजकतालाई पुल्पुल्याएको हो, पन्पिने अवसर पैदा गरेको हो । त्यति मात्र होइन झन अहिले त अनुशासन, मर्यादा, नैतिकता, इमान, शिष्टता, शालीनता आदि पक्षको उल्लङ्घन जोसुकैले जतासुकैबाट गर्नु पो लोकतन्त्रका विशेषता रहेछन् कि भन्ने भाष्य निर्माण भइरहेको वा भ्रम मौलाइरहेको त होइन भन्ने पो देखिन थालेको छ !

फेरि पनि दोष चालकलाई जान्छ र जानुपर्छ, व्यवस्थालाई होइन । चालककै कुशलता वा शिल्पको अभावका कारण सवारी दुर्घटनामा पर्छ भनिएझैँ गएका बिस-तिस वर्ष शासनसत्तामा रहने वा शासन गर्नेले लोकतन्त्रको हुर्मत लिएका वा लोकतन्त्रको मर्म नै नबुझेका वा सत्तास्वार्थ वा व्यक्तिगत स्वार्थभन्दा पर हेर्दै नहेरेका कारण लोकतन्त्रकै विरुद्धमा जनमत देखा पर्नथालेको वा भनौँ अराजकता र अनुशासनहीनता लोकतन्त्रकै उपजका रूपमा देखिएका, हुर्किएका हुन् र यिनै पक्षले जनतामा वितृष्णा पैदा गराएका त होइनन् भन्ने प्रश्नहरू पनि यतिखेर उठेका छन्, उठिरहेका छन्, उठ्नथालेका छन् ! सर्वोत्कृष्ट शासनव्यवस्था भनिएको हाम्रो लोकतन्त्रका लागि यो पक्ष राम्रो हुँदै होइन, हुनसक्तैन । आखिर व्यवस्थाले रोजगारीका अवसर सिर्जना गरेन, जनजीविकाका पक्षमा ध्यान पुर्‍याएन, शिक्षा-स्वास्थ्यजस्ता आधार भूत कुराको प्राप्ति राज्यबाट सहज, शुलभ र निर्वाधरूपमा हुनसकेन भने व्यवस्थाको मन्त्र जपेर जनताको जीवनस्तर उक्सिने वा सुदृढ हुने त होइन नि । अवसरविहीनताले अराजकताको सिर्जना गर्न पनि त सक्छ । यद्यपि अराजकता र अनुशासनहीनता कुनै पनि सभ्य समाजको निर्माणका लागि राम्रा र सकारात्मक कुरा होइनन्, हुनसक्तैनन् । यी पूरा का पूरा उल्टा बाटा हुन्, सुल्टा बाटा हुँदै होइनन् ।

राज्यको कानुनको पालना नगर्ने, बरु गुमराहमा पार्ने, कानुनले निषेध गरेका कुरालाई प्राथमिकतामा राख्ने, कसरी र कुन उपायले जनताको रगतपसिनाको अंश भुक्यानमा पारेर वा लुटेर/ठगेर खानसकिन्छ भन्ने सोद्देश्यमूलक अभियान चलाउने राष्ट्रिय ठगहरू नै ठिक हुन् भन्ने जनमत बन्नु, उनीहरूकै पक्षमा जनसमर्थन जुटाउन खोज्नु, उल्टो हस्ताक्षरको नौटङ्की गर्नु, नाराबाजी गर्नु आफैँमा लोकतन्त्रको उपहास हो, मजाक हो । लोकतन्त्रमा विधिको र कानुनको शासन हुनुपर्छ र कानुनको सम्मान गरिनुपर्छ तर कानुनको, विधिको, न्यायालयको सम्मान गर्नुको सट्टा उपहास गर्ने, अपहेलना गर्ने र आफू र आफ्नो समूह नै सर्वेसर्वा हुन् भन्ने अराजकहरूको झुण्ड नै अहिले अराजकता सिर्जना गर्न र अनुशासनहीनता पैदा गराउन उद्दत रहेको देखिएको छ! यसरी फटाहा, बेइमान, ठग, अनुशासनहीन, अराजक, विचारविहीन लन्ठुहरूको यो भागादौडीले प्रश्रय पाउनु कुनै पनि हालतमा हुँदैनथ्यो बरु तत्कालै विनाविलम्ब कानुन तथा विधिअनुसार कारवाहीको दायरामा ल्याइहाल्नुपर्थ्यो । यही कुरामा भने राज्यसत्ता पटक पटक चुकेको छ, चुकिरहेको छ ! राज्यले लोकतन्त्रमा कोहीकसैलाई पनि मनपरि गर्ने छुट हुँदैन भन्ने सन्देश हरेक सचेत तथा हुल्लडबाज जोसुकै नागरिकलाई पनि यथासमयमा दिनुपर्छ, दिइरहनुपर्छ । 'आगलागी भइसकेपछि कुवा खन्नुको अर्थ हुँदैन' भनिएझैँ दुर्घटना भइसकेपछि गोहीका आँसु बगाउनुको, घटनास्थल भ्रमण गर्नुको र वक्तव्यबाजी गर्नुको कुनै पनि अर्थ हुँदैन ।

अनुशासन सभ्य समाजको परिचायक हो भने अराजकता असभ्यताको सूचक हो । संसारको कुनै पनि मुलुक अनुशासनहीनता र अराजकताले समृद्ध भएको छैन, हुँदैन । अनुशासनविना एउटा परिवार त चल्दैन भने राज्य चल्ने त कुरै हुँदैन । त्यसैले अराजकताको अन्त्यका लागि राज्य अत्यन्तै गम्भीर हुनु आवश्यक छ । सामाजिक सञ्चालको

दुरुपयोग पनि अहिले अराजकताको बिउ बनेको छ। पक्कै पनि सामाजिक सञ्जाल सूचना तथा सञ्चारको, ज्ञानको भरपर्दो माध्यम हो, यसमा कुनै द्विविधा छैन, हुनु पनि हुँदैन तर त्यसलाई भरपर्दो र विश्वसनीय बनाउन, अराजक हुन नदिन पनि राज्यले उपयुक्त विधिको अवलम्बन गरी नियमन र आवश्यकताको हदसम्म नियन्त्रणै पनि गर्नु आवश्यक छ। 'अति भएपछि खति हुन्छ' भनिएझैँ चिनी पनि धेरै खाए तितो हुन्छ । स्वतन्त्रताका नाममा अराजकता र अनुशासनहीनता कुनै पनि समाजका लागि स्वीकार्य कुरा होइन, हुनसक्तैन।

हिजोको शासनव्यवस्था निरङ्कुश थियो, जनविरोधी थियो, जनताका हकअधिकार कुण्ठित थिए, समाजमा विभेद र शोषण व्याप्त थियो भनेर नै जनताले प्रजातन्त्र/लोकतन्त्रको अपेक्षा गरेका हुन्, प्रजातन्त्रको प्राप्तिका लागि बलिदान गरेका हुन् वा भनौँ राजनीतिक दलहरूलाई सहयोग गरेका हुन्, उनीहरूको आह्वानमा भएको आन्दोलनमा सहभागी भएका हुन्। प्रजातन्त्रको आगमनसँगै जनतामा चेतनाको स्तर विकसित भयो र हुँदा हुँदा गणतन्त्रको युग भोग्दासम्म जनताका अपेक्षा पनि चुलिए। यो गणतान्त्रिक शासनव्यवस्थामा कुनै पनि प्रकारको विभेद कोही कसैले सहनु, भोग्नुपर्दैन, जनताका बोल्ने, लेख्ने अधिकार, सभासम्मेलन गर्ने हक कुण्ठित हुँदैनन् भन्ने अपेक्षा गरिएको हो तर स्वतन्त्रताका नाममा अराजकता र अनुशासनहीनताको पर्याय लोकतन्त्र होओस् भन्ने त कोही कसैले अपेक्षा गरेको विषय होइन नि। यस्तो अवस्थामा शासनसत्ता अपेक्षाकृत जिम्मेवार भइदिएन र यथासमयमा यथोचित कदम चालिदिएन र अराजकताका प्रति नरम भइदियो वा तमासे मात्र भइदियो भने त्यसले लोकतन्त्रलाई थप बदनाम गर्ने वा लोकतन्त्रको थप हुर्मत लिने कामबाहेक अरू केही हुनसक्तैन।

लोकतन्त्र भनेको ठग्नु, गालीगलौज गर्नु कोही कसैको वा जोसुकैको हुर्मत लिनु, बदनाम गर्नु, सक्कली पहिचान लुकाएर छद्मनामलाई अघि सार्नु होइन । लोकतन्त्रको मर्म र भावनाविपरीतका कामकुरा मात्र गर्ने, कथित सामाजिक सञ्चालको प्रयोगका नामका चरम दुरुपयोग वर्तमानका पराकाष्ठा हुन्। लोकतन्त्रमा स्वतन्त्रताको सही सदुपयोग जति स्वीकार्य छ दुरुपयोग त्यत्ति नै त्याज्य पनि हुन्छ। स्वतन्त्रताका नामबाट हुने कुनै पनि कुराको दुरुपयोग लोकतन्त्र होइन । लोकतन्त्र भनेको अनुशासनहीनता हुँदै होइन, लोकतन्त्र भनेको त आत्मअनुशासन पो हो त। त्यसैले लोकतन्त्रमा सरकार, जनता, सुरक्षाकर्मी, पत्रकार आदि सबै सबै अनुशासित हुनै पर्छ । अनुशासनहीनता र अराजकता लोकतन्त्रमा किमार्थ पाच्य हुनसक्तैन । लोकतन्त्र बर्बर र ढुङ्गेयुगकालीन हुनुहुँदैन। मत्स्यन्याय यसको विशेषता हुँदै होइन तर हामीकहाँ त बदमास, फटाहा, डाका, गुन्डा, मिटरब्याजी, बैङ्क तथा वित्तीय संस्थामारा, गरिब जनताको रगतपसिनाको अंश सहकारीमा राख्नेकै पैसा ठग्नेहरूले पो लोकतन्त्रको दुहाइ दिने गरेका र लोकतन्त्रका नाममा अनुशासनहीता र अराजगता सिर्जना गर्ने कार्य गरिरहेका छन् त! जुन अत्यन्त निर्लज्ज मात्र छैन हास्यास्पद पनि छ र लोकतन्त्रको उपहास गर्ने काम भइरहेको छ। विधिले, कानुनले यस्तै यस्तै कुरा रोक्नुपर्ने चाहिँ सरकारको दायित्व होइन र ?

***–रमेश पोखरेल***

## यस अङ्कमा


**विशेष संवाद**

**नेपाली...**- *डा. ठाकुरप्रसाद पोखरेल/७*

**कविता/गजल/मुक्तक**

**पुतली...** -*मिथिलेश आदित्य/१३*

**देश...** -*नर्मदेश्वरी सत्याल/१६*

**गजल**- *डा. घनश्याम परिश्रमी/१६*

**जिजीविषा**- *रजनी खत्री/२१*

**एउटा...** - *डा. सावित्री श्रेष्ठ/२२*

**मगमग...**- *विन्दु अधिकारी ढकाल/३६*

**मेरो...**- *प्रा.डा. कृष्णप्रसाद घिमिरे/४५*

**म..., भिल्को...**- *विश्व सिग्देल/४५*

**घाउ**- *लीलाराज दाहाल/५०*

**झ्याल**- *डा. दामोदर पुडासैनी 'किशोर'/५३*

**मुक्तक**- *गोविन्दबहादुर कुँवर/५७*

**अनुवाद/कविता**

**थामिदैन.../चुकेको...** -*सुबोध श्रीवास्तव/१२*

**कथा/लघुकथा**

**छुटेका...** - *नवराज श्रेष्ठ/१४*

**गलत...**- *विष्णु आचार्य 'अतृप्त'/३४*

**घैँटामा...**- *जनार्दन अधिकारी/३५*

**कस्तो...**- *कुमार नेपाल/५८*

**निबन्ध/विश्लेषण/कृतिसमीक्षा**

**मभित्रको...** - *देवीप्रसाद घिमिरे/१७*

**एक मुठी...** - *प्रा.डा. भरतकुमार भट्टराई/२३*

**संकल्प** - *महेशराज खरेल/३७*

**इतिहासको...** - *माधव काफ्ले/४६*

**हाम्रा सिप...** - *खेमराज निरौला/५१*

**आस्थाको...** - *अरुणबहादुर खत्री 'नदी'/५५*

**स्थायी स्तम्भ**

**शिखर व्यक्तित्व**

*ओशो रजनीश/६*

**निरन्तर...**

वासुदेव अधिकारी/५९

**समाचार**/६२

**अनुभूति**

*प्रा. डा. हेमनाथ पौडेल/६३*



शब्द संयोजन
मासिक

# शब्द-संयोजन

(मासिक साहित्यिक प्रकाशन) वर्ष २२ अङ्क ७ पूर्णाङ्क २५८/२०८२ कार्तिक
जिप्रकाका द.नं. ९४/२०६०/०६१

**सल्लाहकार** : डा. मोदनाथ प्रश्रित, प्रा. डा. जीवेन्द्र देव गिरी, राम विनय
प्रा. केशव सुवेदी, ई. महेन्द्र गुरुङ

**प्रधान सम्पादक तथा प्रकाशक**: वासुदेव अधिकारी
**कार्यकारी सम्पादक**: रमेश पोखरेल
**सम्पादक**: सुमी लोहनी, रूपक अलङ्कार
**अन्तर्वार्ता संयोजन**: अच्युत घिमिरे
**वेभ संयोजन**: प्रशान्त खरेल
**कला**: गणेशकुमार जी.सी.
**आवरण चित्र**: गुगल
**प्रतिनिधि**: पुण्यप्रसाद खरेल(झापा), डा. हरिप्रसाद तिमिल्सिना (नेपालगन्ज), नमुना शर्मा (चितवन)
Email : s_samyojan@yahoo.com website: sahityasandhya.org.np
**मुद्रण**: विनायक प्रेस, धोबिधारा, काठमाडौँ, मो.९८४१४४७३२२
**साजसज्जा**: टच क्रिएसन प्रा. लि., फोन ०१-५३१५४४८

## शिखर व्यक्तित्व

# ओशो रजनीश



पूर्वीय दर्शन रहस्यहरूको भण्डार हो त्यसकारण यसका व्याख्याता तथा प्रवाचकहरू पनि त्यस्तै रहस्यको पोको बोकेरै उदाउने गरेका छन् । कसैले परम्परागत धारालाई नै सुदृढ र विस्तारित गराएका छन् भने कसैले मूलधारालाई चिरेर आफ्नो भङ्गालो निर्माण गरेका छन् । जसले सनातन जगलाई अझ बलियो र गम्भीर हुने गरी व्याख्या गरेका छन् तिनीहरू निर्विवाद रूपले पूज्य भएका छन् । जसले परम्परागत मान्यतामाथि धावा बोलेर गतिलो वैचारिक झापड दिने काम गरेका छन् तिनीहरू भने बखत बखतमा विवाद र आलोचनाको सिकार पनि भएका छन् । त्यस्तै विवादित तर शक्तिशाली वक्ताका रूपमा हामी ओशो रजनीशलाई लिनसक्छौँ ।

पिता बाबुलाल जैन र माता सरस्वती जैनका एघार सन्तानमध्ये ओशो जेठा सन्तान थिए । सन १९३१ डिसेम्बर ११ मा मध्यप्रदेशको जबलपुरमा जन्मेका ओशोको पारिवारले दिएको नाम चन्द्रमोहन जैन थियो । उनको बाल्यकाल मामाघरमा बितेको थियो । ओशो विद्यार्थी जीवनदेखि नै कुशल, तार्किक र प्रखर वक्ता थिए । कुनै पनि विषयको वादविवाद उनका लागि प्रिय हुन्थ्यो । विद्यार्थीकालमा विभिन्न सङ्घसंस्थाप्रति आकर्षित भए तापनि उनले कसैलाई निरन्तरता दिएनन् । बाहिरी आडम्बर र आदर्शलाई मूल्य नदिने उनको स्वभाव त्यति वेलै विकसित भएको थियो । ओशो सामाजिक अन्धविश्वास, सांस्कृतिक विसङ्गति तथा धार्मिक पाखण्डको प्रखर विरोधी थिए । त्यसकारण उनी जुन जुन विश्वविद्यालयमा पुग्थे त्यहाँका शिक्षक तथा प्राध्यापकहरूसित उनको वादविवाद उठिहाल्थ्यो र उनी आफ्नै गुरुका आँखामा कसिङ्गर बन्न पुग्थे । आफ्नै स्वभावका कारण बल्ल बल्ल उनले उच्चशिक्षा पूरा गरे अनि जबलपुर विश्वविद्यालयमा अध्यापक भएर काम गर्नथाले ।

ओशोभित्र अत्यन्तै अध्ययनशील स्वभाव थियो । उनले हजारौँ पुस्तकहरू चिह्न लागाएरै पढेका थिए । पुस्तक पढ्ने मात्र नभएर त्यसलाई मन्थन गरेर निचोड निकाल्ने अद्भुत क्षमता पनि उनमा थियो । संसारका सबै धर्म, सभ्यता र संस्कृतिको गहन अध्ययन गरी तिल चामल पर्गेल्ने काम उनले गरेका थिए । उनी प्राध्यापनलाई परित्याग गरी शैक्षिक प्रमाणपत्रहरू बालेर दुनियाँलाई तनाबमुक्तिको बाटोमा डोऱ्याउन हिँडे । ओशोले गान्धीलाई खतरनाक भिखारी भनेका छन् भने सर्वपल्ली राधाकृष्णनलाई बौद्धिक चोर ! आफूले देखेको सत्यलाई निर्भिकताका साथ प्रस्तुत गर्नु, कुनै पनि धर्म तथा आदर्शको दायरामा नबाँधिनु, सबैलाई भगवान् बन्ने अधिकार छ भन्ने अहम् ब्रह्मास्मिको औपनिषदिक सत्यलाई उजागर गर्नु ओशोको विशेषता हो । दुनियाँ सम्भोगजन्य क्षणिक आनन्दमा अल्झेकामा उनले व्यङ्ग्य गरेका छन् र समाधिजन्य आनन्दलाई वास्तविक खुसी मानेका छन् । संसारलाई आफ्नो वाक्शक्तिले लठ्ठ पार्ने ओशोका अनुयायीहरू अहिले पनि संसारभर छन् । उनका दर्जनौँ व्याख्यानग्रन्थहरू अहिले पनि बेस्ट सेलर छन् । १९ जनबरी १९९० मा उनी यस लोकबाट बिदा भए ।

*- रूपक अलङ्कार*



❖ डा. ठाकुरप्रसाद पोखरेल

# नेपाली समालोचनामा पूर्वीयभन्दा पाश्चात्य साहित्यको प्रभाव धेरै परेको पाइन्छ

वि.सं.२०२२ साल भदौमा माता भीमादेवी पोखरेल र पिता गुरुप्रसाद पोखरेलका सुपुत्रका रूपमा पाँचथर जिल्लाको हालको हिलिहाङ ६ अर्खौलेमा जन्मिएका **डा.ठाकुरप्रसाद पोखरेल** हाल झापा जिल्लाको विर्तामोड नगरपालिका वडा नं.४ विर्ताबजारमा बसोवास गरिरहेका छन् । त्रिभुवन विश्वविद्यालयबाट नेपाली साहित्यमा स्नातकोत्तर उत्तीर्ण गरी विद्यावारिधिसमेत पूरा गरेका पोखरेल २०४७ सालदेखि हालसम्म प्राध्यापन पेसामा संलग्न रहेका छन् । हाल मेची बहुमुखी क्याम्पसमा सहप्राध्यापकका रूपमा कार्यरत पोखरेलका *समीक्षाकुसुम सहलेखन (२०५८), विजय मल्लका एकाङ्की (२०७४), खोज र समीक्षा (२०७४), समीक्षाको स्वरूप (२०७९), अवलोकन (२०८०)* जस्ता कृति प्रकाशित भएका छन् भने विभिन्न पत्रपत्रिकामा समीक्षामूलक लेखहरू प्रकाशित भएका छन् । कुनै पनि विषयमा मिहिनढङ्गले अध्ययन गरी गहिरो विश्लेषणका साथ कलम चलाउने विशेषताका कारण नेपाली समालोचना विधामा अलि बढी नै जमेका र निबन्धलेखनमा पनि सिद्धहस्त रहेका पोखरेलसँग शब्द संयोजनका लागि साहित्यकार अच्युत घिमिरेले गरेको कुराकानी यहाँ समावेश गरिएको छ।

***अच्युतः पछिल्लो समय सिर्जनात्मक कार्यमा कसरी लागिरहनुभएको छ ?***

**पोखरेलः** केहीसमय यता लेखनकार्यलाई निरन्तरता दिनसकेको छैन । घरायसी व्यवहार र क्याम्पसमा कक्षा लिनुपर्ने भएकाले पनि होला समय अनुकूल नएको । सिर्जनातर्फ खासै कलम चलाउने गरेको छैन । फुर्सदका समयमा जर्नलका लागि केही समीक्षात्मक लेखहरू तयार गर्ने गर्दछु । समग्रमा भन्दा केही महिनायता उपलब्धिमूलक काम गर्नसकेको छैन ।

***अच्युतः लेखनकार्यमा कहिलेदेखि किन लाग्नुभयो ?***

**पोखरेलः** प्राध्यापन कार्यको थालनीसँगै कृतिको समीक्षा, विश्लेषण गर्ने अभ्यास सुरु भयो । प्राध्यापकीय कार्यसँगै विस्तारै समीक्षा गर्ने बानी बस्यो । सुरुमा ध्रुवप्रसाद भट्टराई सरसँग मिलेर पुस्तक प्रकाशन गर्ने सल्लाह गऱ्यौँ । पाण्डुलिपि लगेर काठमाडौँको आठराई प्रकाशनलाई दिएको थियो, त्यो केही समयपछि हरायो भन्ने मात्रै जबाफ पाइयो र दुःख पनि लाग्यो । फेरि हामीले हिम्मत हारेनौँ, अब आफ्नै लगानीमा प्रकाशन गर्ने निर्णय गरियो । केही समयम लगाएर फुटकर समीक्षा तयार भयो । समीक्षाकुसुम नाम दिएर २०५८ सालमा पुस्तक प्रकाशन पनि गरियो । अनि विस्तारै अनुसन्धान गर्ने हुटहुटी जाग्न थाल्यो ।

***अच्युतः तपाईँ कुन घटनाले छोएपछि लेख्न थाल्नुहुन्छ ?***

**पोखरेलः** आफूले गर्नुपर्ने काम सकिएपछि एक्लै हुँदा पढ्न, लेख्न मन लाग्छ । पहिला के गर्ने भन्ने निर्णय गरेर त्यसतर्फ लाग्ने । समीक्षा गर्ने हो भने कृति पढेर त्यसलाई कसरी पूरा गर्नसकिन्छ निश्चित गरेपछि कलम समाउने । कापी कलम समातेपछि केही त लेखिन्छ नै ।

***अच्युतः तपाईँको विचारमा समाज र साहित्यको सम्बन्ध कस्तो हुन्छ ?***

**पोखरेलः** साहित्य जस्तोसुकै विषयको भए पनि समाजरहित हुँदैन । सर्जक जुन समाजको छ उसले त्यो समाजलाई कुनै न कुनै रूपमा चित्रण गरेको हुन्छ नै । त्यसैले साहित्य र समाजबिच नङमासुको सम्बन्ध रहेको हुन्छ ।

***अच्युतः आफ्ना र अरूका सिर्जनालाई कसरी तुलना गर्नुहुन्छ ?***

**पोखरेलः** आफ्नो सिर्जना जस्तोसुकै भए पनि माया हुन्छ र त्यसलाई सुरक्षित गरिन्छ । आफ्नालाई जति माया गरिन्छ अरूलाई पनि त्यस्तै हुन्छ भन्ने लाग्दछ । त्यो समयमा भएका घटना र परिवेशलाई देखेर भोगेर नै रचनाहरू आएका हुन्छन् । तिनलाई आदर गरेर ग्रहणयोग्य भाव, विचार, दर्शनलाई लिनु भावकहरूको कर्तव्य ठान्दछु ।

***अच्युतः सिर्जना कर्म (साहित्य लेखन) र घरव्यवहारलाई कसरी सन्तुलनमा राख्नुभएको छ ?***

**पोखरेलः** यो निकै गारो काम हो, एउटालाई काख र अर्कालाई पाखा पार्नेबित्तिकै क्रम भङ्ग हुन्छ । मानसिक तनाबमा पार्ने र शान्ति दिने अलग धार भएकाले यी दुईलाई सन्तुलनमा राख्न निकै अप्ठ्यारो हुन्छ । गृहस्थी भएपछि घरव्यवहार सह्यार्नै पऱ्यो । यसले सधैँ बन्धनमा पार्ने भएकाले फुर्सदको समय खोजी गर्दै रह्यो । जब व्यवहारको गाँठो खुकुलो हुन्छ तब सिर्जनातिर ध्यान दिने गरिन्छ ।

***अच्युतः आफ्ना समालोचनात्मक रचनाहरूले समाजमा कस्तो प्रभाव पारेझैँ लाग्छ ?***

**पोखरेलः** समाजले समालोचनालाई धेरै चिन्दैन जति कविता, काव्य, कथा, निबन्ध आदिलाई चिन्दछ र श्रद्धा पनि गर्दछ । समालोचना पढ्नु र बुझ्नुमा फरक पनि छ । पढेर मात्र बुझिँदैन । यसले सिर्जना जगत्लाई चिनाउने गर्दछ । समाजसँग सम्बन्धित भएकाले हिजो, आजलाई देखाउँदै भोलि कस्तो हुनुपर्छ पनि यसले भन्न सक्छ । धेरै त नभनौँ थोरै प्रभाव पारेकै छ भन्ने लाग्दछ ।

***अच्युतः समालोचना सिर्जना केका लागि गर्नुहुन्छ ?***

**पोखरेलः** प्राध्यापन कर्ममा लागेको हुँदा समालोचनातिर दृष्टि दिनै पर्‍यो अध्ययन, अनुसन्धान गर्दै रहे थोरै भए पनि कुनै दिन त्यसको मूल्याङ्कन होला भन्ने पनि हो । अरू चाहिँ रहर, मानसिक सन्तुष्टि र फुर्सदमा समयको सदुपयोग हो ।

***अच्युतः आफूले समालोचना सिर्जना गर्दा कस्ता कृतिलाई बढी प्राथमिकता दिनुहुन्छ ?***

**पोखरेलः** कस्तो खालको समालोचना हो परिचयात्मक, अनुसन्धानात्मक, सैद्धान्तिक, विश्लेषणात्मक आदि । कति लामो, कति गहिराइमा जानुपर्ने हो त्यसअनुसारको कृतिको चयन गर्ने हो । कसैको अनुरोधमा गर्ने वा आफ्नो रोजाइमा गर्ने त्यसअनुसार फरक हुन्छ । इच्छानुसार समालोचना गर्दा कुनै सिद्धान्तसँग सम्बन्धित कृतिलाई बढी प्राथमिकता दिउँजस्तो लाग्दछ । सिद्धान्त भन्नाले राजनीतिक चाहिँ होइन ।

***अच्युतः पाठकले तपाईँलाई समालोचक भनेर सम्बोधन गर्दा कत्तिको गर्व लाग्छ ? बताइदिनुहोस् न ।***

**पोखरेलः** मजस्तो बुद्धु पनि समालोचक ? भनेर सर्म हुन्छ । ठिकै दृष्टिले हेरेर त समालोचक भन्या होला, अब त्यस क्षेत्रमा म पनि चिनिन थालेँछु भन्ने कुराले छुन्छ । ऊ समालोचना गर्दछ भन्ने बुझेरै होला कृति उपहार दिँदा पनि समीक्षार्थ भनेर सर्जकहरूले लेख्ने गर्नुहुन्छ ।

***अच्युतः हामी पाठक ठाकुरप्रसाद पोखरेललाई समालोचकका रूपमा नै चिन्छौँ । प्राध्यापकीय समालोचना (सूत्र समालोचना) र स्वतन्त्र समालोचनाबिचको अन्तर बताइदिनुहोस् न ।***

**पोखरेलः** प्राध्यापकीय समालोचना एउटा समयसीमामा आबद्ध हुन्छ । छिटै सकिने र विद्यार्थीले बुझ्ने खालको हुनुपर्छ । त्यसमा थोरै मात्र व्याख्या, विश्लेषण हुन्छ । ऊ समय दिएर जान्न, सिक्न आउने हुँदा विद्यार्थीकेन्द्रित हुन्छ सूत्र समालोचना भने स्वतन्त्र समालोचनामा परतन्त्र हुँदैन । कलम समातेपछि त्यहाँ धेरै कुरामा खेल्न, रमाउन र ससाना कुरालाई पनि समाउन पाइन्छ । यी दुईवटाको भिन्नता एउटा लघु आकारको र अर्को दीर्घाकारको पनि हुन सक्छ, एउटा निश्चित परिधिभित्र रहेको हुन्छ भने अर्को समयसीमा मुक्त समालोचकको इच्छानुसार अधिक व्याख्यात्मक र विश्लेषणात्मक पनि हुनसक्छ ।

***अच्युतः वास्तविक समालोचना चाहिँ कुन हो ?***

***पोखरेलः*** यो वास्तविक यो अवास्तविक भन्ने नै हुँदैन । सबै खालका समालोचना आआफ्ना ठाउँअनुसार ठिकै हुन्छन् । म चाहिँ अनुसन्धानात्मक र सैद्धान्तिक समालोचना अलि बढी रुचाउँछु किनभने त्यहाँ तथ्यपरक कुराहरू रहन्छन् । समग्रमा सबै उस्तै हुन् किनकि तिनमा पनि केही रहस्य उनिएको हुनसक्छ ।

***अच्युतः अहिलेसम्म नेपाली साहित्यको समालोचना विधामा एकाधबाहेक खाँट्टी समालोचक नै छैनन् भन्छन् नि; तपाईँ के भन्नुहुन्छ ?***

**पोखरेलः** त्यो कुरा चाहिँ सही हो नै जस्तो लाग्छ। आजका समालोचना सबै आहा ! भन्ने खालका छैनन् । म पनि समालोचक हुँ भन्नका लागि लेखिने र आवश्यकता परेर लेखिनेमा अन्तर छ। समालोचना भनेको प्राध्यापन पेसामा लागेकाले र बढुवाको आशा गर्नेले मात्र लेख्नेजस्तो देखिन्छ। यस्तो लक्ष राखेर आउने समालोचना नेप्जोलमा गएका जर्नल प्रकाशन हुन लागेपछि केही राम्रा समालोचनाहरू देखिन थालेका छन् तीबाहेक सबै राम्रा भन्न सकिने अवस्था छैन।

***अच्युतः चाकडी, चाप्लुसी र भनसुनका आधारमा गरिने समालोचनालाई के भन्नुहुन्छ ?***

**पोखरेलः** त्यसरी आउने समालोचना राम्रा खालका हुँदैनन् । जसको चाकडी हुन्छ उसको गुणगान हुने भएकाले गुणवत्ता हुदैन भन्ने लाग्दछ । लेखकको धेरै स्तुति र निन्दा गर्नु असल समालोचनाको धर्म होइन । चाकडीमा आधारित समालोचना कालजयी हुँदैनन्।

***अच्युतः तपाईँ आफूलाई कस्तो वर्गको समालोचक ठान्नुहुन्छ ?***

**पोखरेलः** म यस्तो भन्ने भन्दा पनि गहनतातिर हिँड्ने प्रयास गर्दै मात्र छु । हुन त प्रभावबाट म पूरै चोखो छु भन्दिन किनकि मेरा पनि धेरै कमीकमजोरीहरू खोज्दै जाँदा फेला पर्लान्। कमजोरीहरू हटाउँदै गएर एउटा असल समालोचक बन्ने प्रयासमा छु।

***अच्युतः नेपाली समालोचना विधाको आजको अवस्थालाई कुन रूपमा हेर्नुहुन्छ ? र यो कसरी अगाडि बढ्दै छ भन्ने ठान्नुहुन्छ ?***

**पोखरेलः** नेपाली समालोचना साहित्य उल्लेख्य रूपमा आइरहेका छन् तर जति क्षीरनीर विवेक हुनुपर्ने हो त्यो पाइँदैन भन्ने लाग्दछ । नेपाली समालोचनामा पूर्वीयका तुलनामा पाश्चात्य प्रभाव धेरै परेको छ । केही हदसम्म त स्वाभाविकै हो तर पूर्वीय दर्शन र साहित्यलाई बेवास्ता गर्ने प्रवृत्ति रहेको देखिन्छ, त्यसको अन्त्य हुनु आवश्यक छ। अहिले केही वर्षयता अलि अनुसन्धानात्मक, सैद्धान्तिक खालका समालोचनाहरू आउन थालेका छन् र यसरी नै आइरहे भविष्य उज्ज्वल छ।

***अच्युतः पाठकहरू ठाकुरप्रसाद पोखरेलको लेखनमा अरूभन्दा फरकपन पाइन्छ भन्छन् नि ? ती फरकपन के के हुन् ? बताइदिनुहास् न।***

**पोखरेलः** सबैले त्यसो भन्छन् भन्दैनन् के हो थाहा छैन तर लेखकलाई अधिक लालीपाउडर लगाएर चिल्याउने प्रवृत्ति मेरो छैन। पढ्दै जाँदा लेखक र रचनामा जे देख्छु त्यही लेख्छु। त्यहाँ केकस्ता गुणहरू रहेका छन् तिनमा केन्द्रित हुने, रचनाभित्र लेखकका विचार, भाव, चिन्तन केसँग सम्बन्धित छन् तिनमा केन्द्रित हुँदै प्रवृत्ति खुट्याउने प्रयत्न गर्दछु।

***अच्युतः सरकारी स्तरबाट (राज्य व्यवस्थाबाट) साहित्य र साहित्यकारलाई हेर्ने दृष्टिकोण कस्तो पाउनुभएको छ ? बताइदिनुहोस् न।***

**पोखरेलः** जुन विचारको सरकार आयो त्यसले आफ्ना निकटस्थ साहित्यकार त्यसमा पनि चाकडीबाजहरूलाई माथि उठाउने गर्दछ । निकटवर्तीहरूलाई सम्मान गर्ने, पदक दिने काम

त पहिलेदेखि नै हुँदै आएको हो र त्यसैले निरन्तरता पाइरहेको छ । उपत्यकाले बाहिर देख्दैन र चिन्दैन पनि । बाहिरको आबाज त्यहाँ छिर्दैन र यदि पुगेछ भने पनि राज्यबाट उचित कदर भएको देखिदैन ।

***अच्युतः समग्रमा आजको नेपाली साहित्यको अवस्था कस्तो देख्नुभएको छ ?***

**पोखरेलः** पहिलाभन्दा अहिले उल्लेख्य रूपमा साहित्यसिर्जना भइरहेको पाइन्छ, त्यो धेरै राम्रो कुरा हो तर जति गुणात्मकता हुनुपर्ने हो त्यो चाहिँ अलि नभएजस्तो लाग्दछ । साहित्यिक सङ्घसंस्था र प्रतिष्ठानहरू खुलेका छन् तर पाठकहरूको अभाव देखिन्छ । समग्रमा भन्नुपर्दा पहिलाभन्दा अहिले अलि राम्रै देखिन्छ ।

***अच्युतःसाहित्यमा देखिएको गुट /उपगुटहरूबारे तपाईँलाई केही भन्नु छ ?***

**पोखरेलः** साहित्यलाई विचार र आस्थाका आधारमा वा पक्ष, विपक्षका दृष्टिबाट हेरिनुहुँदैन । यस्तो अवस्थामा साहित्य गुणात्मक हुनसक्दैन ।

***अच्युतः नेपाली साहित्यमा गुणात्मक लेखन लेखिरहेका साहित्यकारको नाम लिनुपर्दा ककसका नाम लिनुहुन्छ र किन ?***

**पोखरेलः** यो चाहिँ अलि अप्ठ्यारै कुरा हो । सबैको आआफ्नै दृष्टिकोण हुन्छ । स्थापित लेखकका पनि सबै सिर्जना अब्बल हुँदैनन् । नाम उल्लेख गरेर भन्न चाहिँ समय लाग्छ ।

***अच्युतः तपाईँको विचारमा स्रष्टा र द्रष्टाबिच के अन्तर छ ?***

**पोखरेलः** स्रष्टा विचारलाई समातेर भावनाको चास्नीमा डुबुल्की मार्दै विश्व भ्रमण गर्दछ भने द्रष्टा भावनामा बग्न पाउँदैन । उसले स्रष्टा र सिर्जनाभित्र केन्द्रित भएर महत्त्वपूर्ण पक्ष बाहिर ल्याउनुपर्छ । यसकारण स्रष्टालाई लागेको कुरा भन्ने छुट छ तर द्रष्टाले देखेको कुरा मात्र बोल्न पाउँछ र ऊ भावनामा बग्न पाउँदैन ।

***अच्युतः नयाँपुस्ताका स्रष्टाहरूलाई केकस्ता सल्लाह तथा सुझाव दिनुहुन्छ ?***


**पोखरेलः** गहन साहित्यसाधनामा लागौँ । गुटउपगुटका प्रपञ्चभन्दा अलग रहेर स्वतन्त्र रूपमा कलम चलाउने लेखकको भविष्य राम्रो छ । सङ्ख्यात्मक भन्दा पनि गुणात्मक साहित्यको आज खाँचो छ ।

***अच्युतः तपाईँले भन्नै पर्ने र मैले सोध्न बिर्सेका कुराहरू पक्कै होलान्, सङ्क्षेपमा बताइदिनुहोस् न ।***

**पोखरेलः** साहित्य शब्दभण्डार मात्र होइन, उसका गुण, रूप स्पष्ट झल्कनुपर्दछ । स्रष्टाको आयु सिर्जनाअनुसार हुन्छ । मैले के पाएँ भन्नेभन्दा पनि साहित्यका माध्यमबाट मैले पाठकको मन कति छुन सकेँ ? भन्ने कुराले महत्त्व राख्दछ । लामो र मोटो पुस्तक प्रकाशन गर्नु, गराउनु मात्र ठुलो कुरा होइन । प्रभावोत्तेजक भाव, विचार, प्रसङ्गजस्ता कुराले महत्त्व राख्दछ ।

***अच्युतः हाम्रानिम्ति समय निकालेर पाठकलाई तपाईँका महत्त्वपूर्ण विचार जान्ने, बुझ्ने अवसर दिनुभएकोमा हार्दिक धन्यवाद ।***

**पोखरेलः** मेरा आफ्ना विचार राख्ने अवसर दिनुभएकामा यहाँलाई पनि धेरै धेरै धन्यवाद !



❖ **सुबोध श्रीवास्तव**
कानपुर (उ.प्र.)-२०८००१, उत्तर प्रदेश (भारत)।
मो.९१४०६३८४७४
इमेल : editor.pariveshmail@yahoo.com

## १. थामिदैन नदी

कहिले
कसैले रोकेर
रोकिदैन
नदी
न कुनै अस्थायी वासस्थानमा
रोकावटले भयभीत भएर
दिशा परिवर्तन गर्छ।
नदी चञ्चल हुन्छ
तर
गाम्भीर्य पनि हराउँदैन कहिल्यै
वात्सल्य खन्याउँछ हमेसा
निकै स्नेहले
दुबै किनारामा।
म पुल भएर
साक्षी छु उसको निरन्तरताको
त्यसैले
मन पर्छ मलाई
उसलाई निर्मिमेष
नियालिरहन।
नदी
जसले दुबै किनारलाई
मायाममता दिन्छ
तर
अलिकति पनि जन्मन दिँदैन मोह
सायद
त्यसैले कहिल्यै थामिदैन
ऊ
बग्दै गइरहन्छ, बगिरहन्छ ...!

## २. चुकेको छैन मान्छे...!

बस्
थोरै थाकेको छ
अहिले
चुकेको छैन मान्छे!
फुर्सदले
ऊ उठ्ने छ
केही समयपछि नै
नयाँ ऊर्जाका साथ
बुन्ने छ नयाँ छेउबाट
सपनालाई
गति दिने छ
निर्जीवजस्तो भएर रहेको हलोलाई
फेरि चाँडै नै
खेतबारीमा अङ्कुराउने छ
बालीनाली
अनि
चल्ने छ जिन्दगी
दोहोरो उत्साहले।
हो, साँच्चिकै
जीवनका लागि
जति जरुरी छ
पृथ्वी, जल, नभ, अग्नि र वायु
उति नै जरुरी छ
गतिशीलता
जडता बिलकुल गैरजरुरी हो
सृष्टिका लागि...!

*हिन्दीबाट अनुवादः सुमी लोहनी*
*भाटभटेनी, काठमाडौं नेपाल*



❖ मिथिलेश आदित्य

# पुतलीहरूको देश

यो पुतलीहरूको देश हो
जहाँ बिहान कुनै सुरभित ध्यानझैं
मृदु कदमहरूमा ओर्लिन्छ
मेरो निद्राको आँगनमा।
रङ्गीन पखेटा बोकेको मौन पुकार
गालामा चुम्बन छापेर भन्छ,
"उठ! आज मायाको उत्सव छ।"

कहिलेकाहीँ त्यो आँखामा झर्छ
जस्तो शाश्वत सम्राटको मुकुट
दृष्टिलाई नै ताज पहिराइदिएको होस्।
कहिलेकाहीँ ओठ छुन आइपुग्छ
एउटा अदृश्य भाषामा
आफ्नै अस्तित्व सुनाइदिन्छ।
यहाँ फूलको सिरानबाट उठ्छन् पुतलीहरू
सपनाझैं मनभित्रै ओर्लिन्छन्।
तिनीहरूको उडानबाट
निस्कने सुवास र रङ
हाम्रो अन्तरमनमा गुञ्जन हुन्छ
जस्तो स्मृतिहरूको सरगमभित्रै बजिरहेजस्तो!

जब हामी राष्ट्र र विश्वका पीडामा अल्झिन्छौँ
लडाइँ, असमानता, भोकमरी
र एक्लोपनमा डुब्छौँ
त्यस वेला यिनै पुतलीहरू
हाम्रो चेतनामा बर्सिन्छन्
पखेटामा शान्ति, उडानमा मुक्ति,
स्पर्शमा करुणा बोकेर
तिनीहरूले सबै घाउमा मलम लगाइदिन्छन्!
म चिन्तामुक्त बन्छु
जस्तो सन्तको दृष्टिले
मनका सबै गाँठा फुकाइदिएको होस्।

यो पुतलीहरूको देश हो
जहाँ कुनै पराइ छैन
हरेक उडान मायाको हो
हरेक सासमा अदृश्य प्रार्थना छ।
पुतलीले कविता लेख्न सिकाउँदैन
तर जब म कविता बिर्सन्छु
क्षणभङ्गुर जीवनको स्पर्शले
उसले मलाई फेरि कविता सम्झाइदिन्छ।
पुतली केवल सौन्दर्य होइनन्
उनीहरू हराएको बाल्यकालको हाँसो हुन्
निर्मल दृष्टिका सपना हुन्
टुटेका हृदयका मौनताका उज्यालो हुन्।

यो धरा केवल पुतलीहरूको मात्र होइन
बरु प्रत्येक प्राणको तीर्थ हो
जसले मायाको उडानमा विश्वास गर्छ।
यहाँ हरेक उडान प्राणको आलोक बन्छ
हरेक रङ मुक्तिको मन्त्र।
यही पुतलीहरूको देश हो।

*विराटनगर, नेपाल।*
इमेलः *mithileshadityabihar@gmail.com*

# छुटेका क्षण



❖ नवराज श्रेष्ठ

सानो पहाडी गाउँको एक कुनामा अवस्थित थियो 'भारपाङ आधारभूत विद्यालय' । कच्ची सडक, हरियाली डाँडा अनि मुस्कानमिश्रित गरिबीले भरिएको त्यो गाउँमा एउटा ठुलो चिन्ता थियो - छोराछोरीको भविष्य । विद्यालय त थियो तर न शिक्षकहरू टिक्थे न त विद्यार्थीहरूलाई मन पर्ने वातावरण नै । तर पाँच वर्ष अघि त्यो गाउँमा आशाको किरण बनेर आउनुभयो सूर्य सर । सहरमा राम्रो जागिरको अवसर त्यागेर गाउँमै बालबालिकालाई शिक्षित बनाउने सपना लिएर उहाँ गाउँ पस्नुभयो । सुरूमा त सबैले सोच्थे, " कति दिन टिक्ला र !" तर उहाँको काम देखेर सबैको सोच पल्टियो ।

सूर्य सरले केवल किताबका अक्षरहरू मात्र पढाउनुभएन, जीवनका पाठहरू पनि सिकाउनुभयो । विद्यालयको पुरानो कच्ची भवन मर्मत गराउन पहल गर्नुभयो, स्थायी रूपमा शुद्ध पिउने पानीको व्यवस्था मिलाउनुभयो, विद्यार्थीका लागि खेलकुदका सामग्री सहज उपलब्ध गराउनुभयो, विद्यार्थीहरूको घर घर पुगेर पढाइको महत्त्व सम्झाउनुभयो । गरिब परिवारका बालबालिकालाई आफ्नै खर्चमा किताब, कापी, झोला किनिदिनुहुन्थ्यो । कतिपय दिन त उहाँ आफैँले गाउँभरि कोही बालबालिका विद्यालय जानबाट छुटे कि भनेर खोज्न जानुहुन्थ्यो !

यति मात्र होइन, उहाँको व्यवहार, माया, नम्रताका कारण सबैको मन छुन्थ्यो । विद्यार्थीहरू त उहाँलाई बुबा सर भन्थे नै, अभिभावकहरू पनि उहाँलाई आफ्नै परिवारकै सदस्य मान्थे । सूर्य सर गाउँका ज्येष्ठ नागरिकहरूसँग बसेर गाउँको समस्यामा छलफल गर्नुहुन्थ्यो । खेतबारीको काममा सहयोग गर्न जानुहुन्थ्यो । कहिले कसैको घरमा दुःख पर्दा साथ दिनुहुन्थ्यो त्यसैले गाउँका सबैले भन्न थाले, "सूर्य सर त केवल शिक्षक होइन, हाम्रो परिवारका सदस्य हुन् ।"

विद्यार्थीहरूका नतिजा सुध्रिन थाले । बालबालिका बिहानै उठेर विद्यालय जान थाले । विद्यालयको चौरमा हाँसो, खेलकुद अनि पढाइको रमाइलो गुञ्जन हुन थाल्यो तर एक दिन गाउँभरि अर्को खबर फैलियो - सूर्य सरको सरुवा भयो । उहाँलाई सदरमुकामको ठुलो विद्यालयमा पठाइने भयो । यो खबरले विद्यार्थीहरू मात्रै होइन अभिभावकहरू पनि स्तब्ध भए । गाउँभरि उदासी छायो । अरू शिक्षकहरू पनि चिन्तित भए "उहाँ गएपछि विद्यालय फेरि सुनसान हुन्छ कि ?"

बिदाइको दिन विद्यालयको मैदानमा अभिभावकदेखि विद्यार्थी, शिक्षकदेखि गाउँले सबै भेला भए। सूर्य सर बोल्न मञ्चमा उभिनुभयो तर शब्दहरू निस्किएनन् । आँखा रसाए। "म यहाँको माया कहिल्यै बिर्सिन्न। तपाईँहरू सबैजना मेरा परिवारजस्तै हुनुहुन्छ। यहाँका बालबालिकाले ठुलो सपना देख्नुपर्छ, आजसम्म कोहीकसैले सित्तैमा केही पएको छैन, परिश्रमी बन्नुपर्छ भविष्य उज्ज्वल छ। मजस्तै त कति आउनुहुन्छ फेरि जानुहुन्छ तर यस ठाउँमा सधैँभरि बस्ने र उकाली-ओराली गर्ने भनेको तपाईँहरू नै हो; सपना ठुलो देख्नुहोस्, अगाडि बढ्नुहोस्, तपाईँहरूलाई शुभकामना अनि मैले जुन माया पाएँ, त्यो म सधैँ सम्झन्छु।"

त्यसै वेला अगाडि मनु उठिन्, आँखा रसाउँदै भनिन्, "सर ! तपाईँ हामीलाई छोडेर नजानुस् न । हामी तपाईँलाई धेरै माया गर्छौं ।" त्यो सुन्दा सारा विद्यार्थीहरू रुन थाले। अभिभावकहरूका आँखामा पनि आँसु झल्झलायो। कतिले सूर्य सरको हात समाए, कतिले अँगालो हाले।

'बुबा सर' भनेर बालबालिकाले कराउँदै गर्दा सूर्य सरका आँखा रसाए। उहाँले सबैलाई अँगालो हाल्दै भन्नुभयो, "म जहाँ गए पनि यहाँको माया सँगै लिएर जान्छु। तपाईँहरू सबै मेरालागि सधैँ विशेष हुनुहुन्छ।"

गाडी बिस्तारै टाढा हुँदै गयो। विद्यार्थीहरू, अभिभावकहरू हात हल्लाउँदै रोइरहे । आकाशमा बादल मडारियो, हावामा पीडाको स्वर गुञ्जियो तर सूर्य सरले रोपेको शिक्षा, माया र प्रेरणाको बिउ गाउँका बालबालिकाको मनमा उम्रिइरह्यो । गाउँलेहरू अझै भन्छन्, "हाम्रो सूर्य सरले गाउँ छोड्नुभयो तर उहाँको मुटु गाउँमा बाँकी छ।"

शिक्षक केवल किताब पढाउने व्यक्ति होइन, ऊ त समाज परिवर्तनको आधार हो । सूर्य सरले शिक्षा, माया र आत्मविश्वासको बिउ गाउँमा रोपेर जानुभएको थियो। शिक्षक जानु परे पनि उहाँले सिकाएको ज्ञान, असल बानी र प्रेरणाले सधैँ गाउँ र विद्यार्थीहरूको मनमा वास गरिरह्यो। शिक्षा नै परिवर्तनको पहिलो सिँढी हो । सपनाको भारी बोक्नेलाई थकाइ लाग्दैन, निन्द्रा र अल्छी लाग्दैन, मात्रै आफूले देखेको सपनालाई विपनामा प्राप्त गर्न तन, मन, वचनका साथ लागि परिरहन्छ र सफलताको शिखर चुम्बन गररहन्छ। यो क्षण, यो समय या पल, हरपल सही सदुपयोग गरौँ र एउटा इतिहास लेखौँ। नत्र छुटका क्षण फेरि फर्किँदैनन्।

*जोगिमारा -७ , धादिङ; भारपाङ।*

'अविच्छिन्न प्रकाशित भइरहेको

साहित्यिक पत्रिका

**शब्द-संयोजन**

मासिक' पढ्नुहोस्।



❖ **नर्मदेश्वरी सत्याल**

## देशसँगै पोलिएँ म !

आन्दोलनको नामका भुँमरीमा
सार्वजनिक सम्पत्तिहरू
सल्लाघारीमा सल्किएको डढेलोझैँ
हुर्हुराएको राप
सिधै अनुहारतिर आउँदा
सन्तानमृत्युको दर्दनाक क्षण सम्झिँदा
देशसँगै पोलिएँ म !
मेरो इतिहास, मेरो गौरव
मेरो पहिचान, मेरो अस्तित्व
भुतभुते खरानीमा परिणत हुँदै गर्दा
भविष्य कल्पिन सक्दिनथेँ म
टुलुटुलु हेरिरहेँ
सिंहदरबार जलिरह्यो
अन्तर्राष्ट्रिय भवन खरानी भयो
छिनमै सिट्ठीका भरमा
जनताको हिस्सा परेका मन्त्रालय,
पुलिस चौकी र वडाहरू
उद्योग, अदालत र बैङ्कहरू
बाटाघाटा र व्यवसायहरू
एकैसाथ पुतपुताएको देख्दा
अभिभावकबेगर अलपत्रिएर
मृत्युका लास बढ्दै जाँदा
चिसो गिदी पुतपुताएर
देशसँगै पोलिएकी हुँ म ।
को जित्ला को हार्ला !
भविष्यमा केलाइएला
जिते पनि हारे पनि
नेपाली मन विदेशीले टाले पनि
अस्तव्यस्त परिवेशभित्र
मसँगै देश पोलिन हुँदैनथ्यो
तर पोलियो !
कामना छ जेनजी
डढेलोपछि पिपिरा पलाएसरि
फुलोस् फलोस् समानताको बोट
बन्छ भन्ने छ नेपाली मलम
अनि त निको होला नि
मेरो पनि पोलाइचोट ।

❑ **गजल**



❖ **डा. घनश्याम परिश्रमी**

विश्वासको सङ्कट भो अचानक
भत्क्यो हिँडेको बाटो अचानक
गर्दै थियो शीतल माग तनले
लाग्यो नि मनमा आगो अचानक
आश्चर्य लाग्यो दुख्दा मलाई
देखेँ हजुरको हाँसो अचानक
होचो थियो कद तिम्रो अवश्य
भो आज कसरी अग्लो अचानक
रेखा सिधा हो तानेको मैले
कुन ढङ्गले भो बाङ्गो अचानक ।

# मभित्रको म



❖ देवीप्रसाद घिमिरे

वास्तवमा म एउटा यस्तो व्यञ्जन वर्ण हो जो भ र य का विचमा चेपिएर बसेको छ। त्यसैले सधैँ चेपिएको, सधैँ हेपिएको, सधैँ टाक्सिएको म झट्ट हेर्दा पफबभमय अर्थात् भ र ‘य’भित्र चेपिएको म सधैँ भयवित देखिन्छ। भय नै भयको त्रासभित्र चेपिएको म, मभित्रको मजस्तो नभएर खै कस्तो कस्तो हुनथालेपछि मनकै मैलो पखाल्न मवादीहरूको माहात्म्य सुन्न गएको सबैले सबै कुरा मैले मात्र गरेको, मैले भनसुन गरेको, मैले योजना बनाएको, मैले बजेट पारेको भन्दै बखान गरेको सुनेर बखानसिँह बस्नेतका कानै बन्द भएपछि, हुक्कप्रसाद हुमागाईँले पितृप्रसाद पन्थलाई ढुक्क भएर नबस है! म त आफैँ त महादेव कसले देला बर भनेझैँ भएको छु। मैले जतिसकेको गरैँ, अब चाहिँ त्यो बलबहदुरका बलिष्ठ पाखुराले पर्खाल ननाघेसम्म कुनै बुद्धिबहादुरका बुद्धिमा बिर्को लाग्लाजस्तो छैन। यो भित्रको म उज्यालो हुनेले संसार बदलेर र ढुङ्गेयुगलाई प्राविधिक कम्प्युटर युगमा परिणत गरे । मभित्रकोको म स्वच्छ हुँदा बुद्धले बुद्धत्व प्राप्त गरे। ऋषिमहर्षिहरूले शास्त्रको सिर्जना गरे, तर्कशक्तिको विकास गरे, धरतीमा बसी बसी आकाशका ताराहरू विनायन्त्र, विनास्रोत, विनासाधन गनेर ज्योतिष विज्ञान पत्ता लगाए। गुणीको गुणपक्षको सम्मान गर्दै अहङ्काररूपी अन्धकारलाई ध्वस्त गरे । मभित्रको ममाथि विजय प्राप्त गर्दै न्युटनले नयाँ सिद्धान्त पत्ता लगाए । डार्विनले म तत्त्वको आनुवंशिक यथार्थलाई खोज्नथाले । विलियम हकिङ्स आफू शारीरिक अपाङ्गता भएर पनि ब्ल्याक होलभित्रको क्वान्टम सिद्धान्त पत्ता लगाउन सफल भए। शान्तिभित्र म, क्रान्तिभित्र म, विकासमा म, निकासमा म, विश्वासमा म, विरहमा म, विनयमा म, विनम्रतामा म, विद्रोहमा म । झट्ट हेर्दा यो मको चमत्कार देखेर आज केही नामधारी मवादीहरू......को मुलाझैँ मौलाइरहेका छन् ! म तत्त्वको अपव्याख्या गरेर दिनदहाडै माल खान, माल पचाउन, माल लुकाउन, माल लुट्न लागेको देखिन्छ ! माल पाएर पनि चाल नपाएका मरन्च्याँसे मनुवाहरूको मानमर्दन नहोस् भन्यो तर एसो आँखा छल्न पायो कि सदाचारलाई बोरामा गुट्मुट्याएर भ्रष्टाचारको तन्नामा तनक्क तन्किएर ठण्डीमा मण्डी ओडेर ढिकुटी रित्याउने खेलमा सहभागी भइहाल्छन् ! मभित्रको लोभ, लालच कुर्सीमा बुकुर्सी मारेर लिसो टाँसिएझैँ च्याप्प टाँसिएर चाकरीमा लागेपछि हिजोका गाउँका डुहुरेमुसाहरू आज एकाएक बन्ढाडेको रूप धारण गरेर मस्ती मार्न थालेका छन्।

म तत्त्व स्वयम् विश्व हो, म शान हो, म मान हो, म स्वाभिमान हो तर म अभिमानमा चुर्लुम्म डुबेर कहिले कोसीमा दुःख्छ, कहिले मेरो म माहाकालीमा दुख्छ ! मेरो पुर्खाका पाखुरीभित्रको म त्यो स्वाभिमान आज छैन । आज जसले सदाचारको घाँटी निमोठेर

भ्रष्टाचारलाई मम खुवाउँदै मौलिकता मासेर कृत्रिमतामा हाँसिरहेछ। मको बदनाम गर्दै आफ्नै सपनाको चिहान खनेर मस्ती मार्न पल्किएको मवादी तत्त्वले विश्वमा राज गर्नथालेकै कारण मवादीहरूका अलिशान महल ठडिएका हुन् । भ्रष्टाचार अहिले राष्ट्रिय खेल भएको छ। कसले कुन कामका लागि कति कुम्ल्याएर कस्तो संरचना बनाउने भन्ने प्रतिस्पर्धामा लागेका जनमुखी गणतन्त्रका महरूको पचाउने क्षमता नै महत्त्वपूर्ण रहस्यको पोको बनेको छ ! आफ्नो आँखाअगाडि लोती चुँडिएका भुक्केचप्पलको यो रजाइँ देखेपछि म स्वयम्लाई विस्तारै विस्तारै विरक्तिन मन लाग्यो । म समस्या नै समस्याको चेपारोमा चेपिएको हुन्छु । समस्यै समस्यासँग हेपिएको हुन्छु । वर्तमान समयसँग पौँठेजोरी खेल्दाखेल्दै म आफैँसँग विलखबन्दमा परेको हुन्छु । आज मेरै जो खाएर मेरा जुँगा उखेल्ने अघि बढेका, मेरै अमूल्य मतले सत्तासयर गरेका, शिक्षाका सारथि सत्ताइस नक्षत्रका कलङ्कहरूले मेरो निजी सम्पत्तिमाथि गिद्धेनजर लगाएका छन्! बाँदरले आफ्नो घर पनि बनाँउदैन अरूको भएको घर पनि भत्काँउछ भन्ने तथ्य नेपालको शिक्षामा लागू भएको छ।

आफू जन्मिएको माटो, खेलेको पाटो, हिँडेको बाटो आफैँले बनाउनुपर्छ भन्ने पवित्र भावनाले पुर्खाको पैतृक सम्पत्ति र श्रीमतीका गरगहनासमेत बैङ्कमा धितो राखेँ । स्वदेशमै गुणस्तरीय सिपमूलक शिक्षा र रोजगारीको व्यवस्था गर्ने पवित्र उद्देश्यले पैसा र बैँस रित्याएर विद्यालय खोलेको तर कुन चाहिँ दुस्मनका आँखा फुटेछन् । निःशुल्कका नाममा खाना, नाना, गाना बजाना, सजाना, रमाना सबै निःशुल्क गरेर त चाहिँ कोसीतिर जा भन्ने मवादी विद्वानहरूले विचरा ! लगानीकर्तालाई घर न घाटको बनाइदिएका छन् ! दुईवटी कोइलीको डान्सले अरबौँको सत्यानास हुँदै छ ! फेरि पनि गरिबीले आकाश छुँदै छ । मवादी मुखुण्डाहरू ‘मैले भनेको भए हुन्छ, तैँले भनेको हुँदैन’ भन्दै हुङ्कार गरिरहँदा साँढेको जुधाइ बाच्छाको मिचाइ हुनेवाला छ । सित्तैमा पाए अलकत्रा पनि खाने स्वभाव बनाएका मवादी महानुभावले शिक्षाको मेरुदण्ड भाँचेर मदानीको पोरा बनाउँदै आफ्नो मनलाग्दी खेल खेल्न सुरु गरिरहेका छन्!

हैन ए सञ्जन माहानुभावहरू हो ! गरिखान खोज्दा अवरोध गर्दै किन हाम्रो गाँस र भविष्यको आशा खोस्न तम्सिएका हौ ? आजसम्म यो देशको समुन्नतिका लागि तिमीहरूले के के चाहिँ गर्‍यौ ? तिमीहरू ध्वस्तवादी हौ, विध्वंशकारीहरू हौ । तिमीहरूले भत्काउन जान्यौ तर बनाउन कहिल्यै जानेनौ ! भएको संरचना भत्काएर खण्डहरूमा बस्न पल्किएका मवादी अहमवादी चिन्तकहरूले उद्योगधन्दा लाउँदा, पुलपुलेसोसँगै शिक्षाको पवित्र मन्दिर पनि भन्डा हल्लाएर खाँदै छन् ! हाम्रो होसियारी खोई ? नागरिक कर्तव्य र जिम्मेवारी खोई ? रमिते, खुट्टा तान्नेहरूले नै खुट्टा घुमाउन थालेपछि मभित्रको मले पनि हरेश खान थालेको रहस्य सबैलाई चेतना भया । यिनीहरूलाई नरहे बाँस नबजे बाँसुरीको धुनभैँ भएर मात्तिन दिने कि नदिने ? समयले आफैँ बताउने छ।

हैन ए मवादी सञ्जन बुद्धिजीवी महानुभावहरू! आफ्नै घरपरिवारसँग डराएको म, स्वदैशमै केही गरौँ न त भन्ने उत्साह हराएको म, आजभोलि म आफूले आफैँलाई प्रश्न प्रतिप्रश्न गरिरहन्छु। आखिर म को हुँ ? म के हुँ ? म के होइन ? म केका लागि हुँ ? म कस्का लागि हुँ

? म नि मै हुँ ? अनि म मेरालागि हुँ कि अरूकै लागि हुँ ? म खानका लागि मात्र जन्मिएको हुँ कि मेरा अरू जिम्मेवारी पनि छन् ? म गतिशिल हुँ कि स्थिर ? म उत्साह हुँ कि निराश ? म समस्यैसमस्याको दास हुँ कि स्वतन्त्र ? म केका लागि जन्मिएको अनि के भएर बाँच्दै छु ? लौ न सञ्जनबृन्द ! म त मभित्रको मनै हराउला भनेर पो भयभित बनेको छु त ! तपाईँलाई त्यस्तो लाग्दैन र ?

आजको विश्वमा मवादीहरूको समुन्द्रमा खेती गरे, कृत्रिम बौद्धिकताले आफ्नो मौलिकताको निर्मम हत्या नै गरिदिए । विश्वभरिका महरू मकै अस्तित्व जोगाउने बहानामा यो प्रकृतिको सुन्दर सृष्टि संरचना ध्वस्त पार्न हात धोएरै लागेका छन् ! हिजो मन्त्रले विश्व चल्यो, त्यसपछि तन्त्रले राज गर्‍यो । तन्त्रमन्त्र दुबैलाई पछि पारेर यन्त्रयुग आयो । यन्त्रयुगको चमत्कारसँगै कृत्रिम बौद्धिकताले मानिसको आफ्नो पन, सिर्जनात्मकता कलात्मकता हरायो । जिपिटी र एआई मिलेर मानवमस्तिष्कमा क्रिकेट खेल्न थालिसकेको यसै क्रममा यन्त्रयुगले आफूसँगसँगै परम्परादेखि झाङ्गिदै आएको षडयन्त्रसँग मायापिरती नै लगाएछ ! अव यन्त्र र षडयन्त्रको चेपोमा चेपिएर मानवहरू निचोरिएको तेलझैँ बन्दै छन् । यस्तो विकराल अकल्पनीय समयको सामना गर्नुपर्ने जटिल परिस्थितिमा म भने आफैँलाई नचिनेर मभित्रको म खोज्न यत्रतत्र सर्वत्र भौतारिइरहेको छु। लौ न मैले हराएको म कसैले सुटुक्क चोर्‍यो कि ? रोग, भोक अनिकाल, अभावले बन्धक पो बनायो कि भनेर मसँगै म भयभित बनेको छु।

आजको विश्व षडयन्त्र नै षडयन्त्रले चलेको छ । जाल, झेल, छलकपट, षडयन्त्र गुप्तयोजना, निजीस्वार्थले परिवार परिवारबिच, श्रीमान्-श्रीमतीबिच, जन्मदिने आमाबाबुबिच, दिदीबहिनी, आफन्तजन इष्टमित्र, नाताकुलकुटुम्ब, छरछिमेकी सबै सबैमा झाङ्गिएको षडयन्त्रको ज्ञान प्राप्त गर्न कुनै विश्वविद्यालय धाइरहनुपर्दैन । अरू ज्ञान प्राप्त गर्न चर्को मूल्य शुल्क तिर्नुपर्छ तर षडयन्त्रकारी ज्ञान प्राप्त गर्न कुनै पाठशालाको जरुरत नै पर्दैन । हामीले शास्त्रमा पनि सुनेका छौँ । रावणले षडयन्त्रकै सहारामा सीताको हरण गरे । विष्णुले जालन्धरकी पतिब्रता स्त्रीको सतित्व लुटेरे । छलकपट र षडयन्त्रको बलमा जुवामा पाण्डवको हार भएपछि द्रौपदीले राज्यसभामै अपमानित भएर नाङ्गिनुपर्‍यो रे । अष्टवक्रले श्राप पाएर बाङ्गिनुपर्‍यो रे । यो सबै सबै मानवभित्रको म तत्त्व अहम्मा परिणत भएपछि भएको न हो । आज पनि रुसको अमेरिका, भारतको पाकिस्तानसँगको चर्तिकला हेर्दा दिनानुदिन मान्छेले मान्छे मारिरहेको छ ! मार्ने मान्छे, मर्ने मान्छे, जित्ने मान्छे, हार्ने मान्छे अनि केका लागि लड्यौँ त भन्दा त्यही म तत्त्वलाई अहमत्वमा परिणत गरेर आआफ्नो मभित्रको मलाई गलहत्याएर युद्धको विभीषिका रच्दै छन् !

कुँदेर देवता बनाइदिने क्षमता छ उसमा अनि सदियौँदेखि पूजा गर्दै गरेको मठ, मन्दिर, गुम्बा, चैत्य क्षणभरमै भत्काएर मान्छे मान्छेबिच लडाइँ, झगडा, काटाकाट, मारामार, लुटकुट, कुटाकुट गर्दै खुँडा, खुकुरी, तरवार मात्र चलाउँदैन उसको अहमताको चरमोत्कर्षमा घोर परमाणु बमसँग खेल्नथाल्छ ! हेर्दाहेर्दै मानव आशयका चर्च, मस्जिद, गुम्बा, मन्दिर सबै ध्वस्त बनाउँछ र विजयउत्सव मनाउँछ । नालन्दा

विश्वविद्यालय नजलाएको भए आज विश्व संस्कारी बन्थ्यो, अहङ्कारी होइन। दैविक शक्ति र ऋषिमहर्षिहरूको कठोर साधनाद्वारा भएको सिर्जना पनि दानवहरूलाई के थाहा पुस्तक डढे पनि ज्ञान डढाउन सकिँदैन भनेर । ज्ञान, विकार र अज्ञानले मान्छे आफूसँग डराउँदै छ, आफैँभित्र हराउँदै छ। सिर्जजा र संरक्षण गर्नुपर्ने तर विध्वंश मच्चाउँदै हिँडिरहेको छ। प्रकृतिलाई जितेर कृत्रिमतामा रमाउन मानिस विचारहीन, बुद्धिहीन, भावनाहीन, संवेदनाहीन, तर्कहीन, संस्कारहीन, संस्कृतिहीन एउटा यन्त्रमानवको भरमा आफूभित्रको मको परिभाषा प्रस्तुत गरिरहेको छ!

आजभोलि मानिसभित्रको म 'जता पैसा त्यतै ऐसा' भन्दै पैसामा पसिना बेच्दै छ । रहरलाग्दो सर्जिनशील उत्पादनशील बैँस अलिकति पैसामा बेचेर बिहानबेलुकाको छाक टार्न विवश मान्छेलाई विचरा के थाहा राजनीति, कुटनीति, प्रस्टनीति भ्रष्टनीति भनेर ! समाजमा गिदी नभएका गिद्धहरूले नीति नभएका नेतालाई देवत्वकरण गरेर निरन्तर भजन गाइरहन्छन् ! अहोरात्र चाकरीमा धाइरहन्छन् अनि विचारविनाका वैचारिक झोला बोकेर गाउँ गाउँमा निरीह जनताहरूलाई दिउँसै चन्द्रमा पुऱ्याउने झुठा सपना बाँडेर उनीहरूको अमूल्य जनमत जनअभिमतमा परिणत गराएर आआफ्नो झोले झुण्ड बनाँउछन् । आफ्नो सत्तामा बसुन्जेली गोबरलाई अपुङ्गो, अपुङ्गोलाई गोबरमा परिणत गर्दै भजन गाउँछन्, भोज मनाउँछन् । विचरा ! विचारविनाका सिद्धान्त, इमान्दारिता, कर्तव्यको नाम सुन्नै चाँहदैनन् ! हिजो टायरका चप्पल फड्काउँदै हिँडेकाहरू आज अलिशान महलमा विराजमान भएर विचारविनै उल्फाको धन फुपूको श्राद्धझैँ स्वर्ण गर्दै सुवर्णखेतीमा रमाएका छन् !

'ट्याक्सीमा सुन छ, ल्याऊँ भने थुन्छ', थुने के हुन्छ ? सुन् है सुन् मनमनै गुन् त्यो सुन होइन सुनजस्तै देखिने पहैँलो धातु हो । टुलुटुलु हेरेर रिसाँउछन् नेता। पहैँलो धातु पिठो र सातु नेताकै निम्ति भ्रष्टको भेट। हेर साथी भ्रष्टको पेट! विमान लुटे, जमिन लुटे, वित्तीय संस्था, बैङ्क पनि लुटे। गफैमा भुटे समृद्धि आउँछ, कहाँबाट आउँछ ? कसलाई छ थाहा ? थाहा छैन। भयो त विकास, भा'छैन । देख्यौ त सिङ्गापुर ? गा'छैन । यही अहम् नामको तत्त्वले आफ्नो शक्तिले क्षणभरमै तेत्तिस किलो सुन फुमन्तर गर्नासाथ पहैँलो धातु बनाउने म तत्त्वका हिमायतीहरूले एयरपोर्टमा बिरामी कुर्न उभिएका जनतालाई समेत एक सयको उभिने पुर्जा थमाएर प्रजातन्त्रको खिल्ली उडाउँछन् ! आजभोलि कवि कलाकारहरूभित्र पनि मपाइँत्वको म बटारिएर ठिङ्ङ उभिन पनि पानी पिउनुपर्ने पिलन्धरे कविले आफ्नो पित्त काटिनेगरी फुत्त फुत्त पित्त ओकल्न थालेका छन्। विचारहरू चित्तवादीले छोपिदिनुपर्ने, कसैको लाज सारीले छोपिदिनुपर्ने। कसैलाई जोक सुनाएपछि फुर्छ कविता, कसैलाई झोक चलाएपछि फुर्छ कविता, कसैलाई प्रकृतिसँगको उठबसमा फुर्छ कविता, कसैलाई सोमरसको सुगन्धसँगै फुर्छ कविता ! अरूका नाथे कविता के कविता ? मपाइँत्व भरिएका मेरा कविता पो कविता भन्दै कविजीहरूले कोरलेका कविताभित्र पनि देश कोरिन छोड्यो ! केवल ईर्ष्याले भरिएका महरू अक्षरका दाना बनेर गोटा बाँधिएर ऊ गर्न गारो भएर ठस्ठसी कनेझैँ लामो समयपछि कनिकुथी

कविता अक्षरका दानासँगै प्रकट त हुन्छन् तर त्यस्ता कविता न कसैले बुझ्छन्, न त सुन्छन् नै। यो संसारमा कविहरू भयभित छन्, कविता सुनाउँदा ताली नबजाइदेलान् भनेर। आफन्त भयभित छन् आपुतालीको धन सरकारीकरण गरिदेलान् भनेर। कलाकार भयभित छन् मूर्तिको मूल्य घट्ला भनेर। नेता भयभित छन् जनताले अव चाहिँ कुरो बुझ्नआँटे अब चाहिँ भ्याकुरो लखेटेझैं लखेट्लान् भनेर। भ्रष्टाचारीहरू भयभित छन् अपराधको पोको फुस्केला भनेर। कर्मचारी भयभित छन् मनपरितन्त्र कतिन्जेल टिक्ला भनेर। किसान भयभित छन् घामपानीबाट जोगाएर उब्जाएको अन्न कति मूल्यमा विक्ला भनेर। अभिभावक भयभित छन् सधैँ मोबाइलमा झुन्डिने मेरो सन्तानले के सिक्ला र भनेर। खै साथी! चप्पलजस्तो होइन उखुजस्तो हुनुपर्छ भन्थे हरिवंश। म त आफैँसँगको म देखेर मस्किन नसकेर भित्रभित्रै मासिन लागिसकेँ। संसारमा मानिसले म तत्त्वलाई चिनेर मानवतालाई चिन्नसके दास र राक्षस दुबै हराउने थिए। आफूभित्रको म तत्त्वलाई भयबाट मुक्त गर्न मपाइँत्व त्यागिदिनुपर्दछ। मभित्र लुकेको मपाइँत्वभन्दा सरल जीवनमा रमाएको मानवता उच्च हुन्छ। भयभित भएर भ्रष्टाचारको दूषित पोखरीमा पौडी खेल्नुभन्दा सदाचारको सङ्गत गरौँ।

❑ **कविता**



❖ **रजनी खत्री**

# जिजीविषा

तिमी फुर्सद लिएर आएका रहेछौ
लम्पसार परेर बसिदियौ
यो मनको मझेरीमा
मलाई हेर्दै मुस्कुराउनु, रमाउनु
मेरो हरबातलाई ध्यान दिएर सुनिदिनु
मेरो भाव विचार सहजै बुझिदिनु
सल्लाह सुझाव दिँदै
मलाई हौसला साथ र
ऊर्जा थपिदिनु!
कति मिठो मिलनको क्षण थियो
किन आज बिस्तारै यो सबै सेलाउँदै गयो?
तिम्रो त्यो प्रेमिल व्यवहार,
सामिप्यता आफ्नोपन घट्दै गयो?
दिनदिनै, छिनछिनमै यिनै प्रश्नहरूले
कहिले बडेमानको भारीले थिचेझैँ गरी
उकुसमुकुस बनाउँछ
कहिले काँडेतारले नराम्ररी
घोचेजसरी कोतर्छ
कहिले कमिलाले चिलेझैँ
नमिठो पीडा दिन्छ
नयनहरू वर्षातको भेलझैँ गरी वर्षिदिन्छन्
जीवनको जोस, हौसला
र बाँच्ने आशा बिस्तारै मर्दै जान्छन्!



❖ डा. सावित्री श्रेष्ठ

# एउटा नलेखिनुपर्ने कथा लेखियो !

जब मध्याह्नमा रात पर्छ
पूर्णिमाको चन्द्रमा निदाउँछ
सपनाहरू चकित परेको
हुनै पर्नेजस्तो नभएर
हुनै नपर्नेजस्तो भइदिएको
कलिला मुनाहरू निमोठिँदा
एउटा नलेखिनुपर्ने कथा लेखियो !

विछोडको कथामा
आँसु मात्र भेटियो
बिहानी किरण
आँसुमा मुछियो
एउटा नलेखिनुपर्ने कथा लेखियो !
चराका चिरबिर आबाजहरू
आमाहरूका फुटेका मुटुहरू
रगतैमा पो लेखियो एउटा कथा !
एउटा नलेखिनुपर्ने कथा !

खोलाका बगरहरू
बागमती भई बगिदिए
बागमती पशुपति सँगसँगै रोइदियो
एउटा नआउनुपर्ने दिन आइदियो !
गुलाफहरूमा आगो लागिदियो
एउटा नलेखिनुपर्ने कथा लेखियो !
कथाको मैदानभरि
भिजिलान्तेहरू फैलिएर
खै कस्ता कस्ता कसका कसका
बन्दुकहरू चले !
चिरबिर आबाजहरू
चित्कार भइदिए
गुलाफको आँखाबाट
छुटिदिए रगतका फुवाँराहरू !
सिंहदरवार लुमडीअजिमाको
काखमा गएर रोयो
माइतीघरका राता आला रगतहरू
मण्डलाको बिचैमा गएर रोए
केशवले जतन गरी गरी बनाएको मण्डला
बेस्सरी बेस्सरी नै रोइदियो !
चिंवाद्योको आँखाबाट
बर्बरी पीडा झरे
अनि एउटा नलेखिनुपर्ने कथा लेखियो !

भूत, वर्तमान र भविष्यसमेत
चकित हुनेगरी
कतै कुनै पटकथा लेखियो
अनि एउटा नलेखिनुपर्ने कथा लेखियो !
त्यही कथाको धरातलमा
परदेशको आकाश छेकियो
एउटा लज्जापूर्ण कविता छापियो
जेन्जीहरू एक बथान सहिद भएको
दुर्भाग्यपूर्ण इतिहास लेखियो !
अनि नलेखिनुपर्ने कथा लेखियो !
शताब्दीको अपमानको
एउटा कथा लेखियो !
नलेखिनुपर्ने कथा लेखियो !

*कोटेश्वर, काठमाडौँ ।*

# 'एक मुठी घाम' को विश्लेषण



❖ प्रा. डा. भरतकुमार भट्टराई

### १. कथाकारको परिचय

कथाकार इन्द्रकुमार श्रेष्ठ सरित् (२०१९, म्यानमार) एक बहुप्रतिभाशाली स्रष्टा हुन्। उनी यासुकुमारी र वीरबहादुर श्रेष्ठका सुपुत्र हुन् । नेपाली विषयमा स्नातकोत्तर अध्ययन गरेका श्रेष्ठको नेपालमा स्थायी बसोवास तरहरा, सुनसरीमा रहे पनि हाल उनी एकताबस्ती, बुढानीलकण्ठ नगरपालिका, काठमाडौँका बासिन्दा भई राष्ट्रसेवा गर्दै साहित्यिक सुकर्ममा तल्लीन छन् । उनको पहिलो प्रकाशित रचना 'नयाँ सन्देश' पत्रिकामा २०३५ सालमा छापिएको कविता (?) हो भने पहिलो प्रकाशित लघुकथा चाहिँ 'विश्वदीप' पत्रिकामा २०३९ सालमा छापिएको 'कलाकारको मृत्यु' हो । उनका विभिन्न विधाका अनेक कृतिहरू प्रकाशित छन्। साथै उनी सम्पादनमा पनि त्यतिकै रुचि लिने व्यक्तित्व हुन् । उनी कथाकार, लघुकथाकार, कवि, उपन्यासकार, बालसाहित्यकार, अन्तर्वार्ताकार र सम्पादकका रूपमा परिचित छन्। उनका प्रकाशित कृतिहरू अनेकौँ छन् । कवितासङ्ग्रहमा पूर्व क्षितिज (२०४५) र समर हाँक्ने समय (२०७४) प्रकाशित छन् । कथासङ्ग्रहमा दिदीको देवर (२०५०), जस्केलाबाट चियाउने सूर्य (२०५६), एक जोर फूलघोडा (२०५६), सरित्का प्रतिनिधि कथा (२०७४), ड्राइभर दिदी (२०७४), ऋतु फेरिँदै जान्छ (२०७४) प्रकाशित छन् । लघुकथासङ्ग्रहमा एक मुठी घाम (२०८१) प्रकाशित छ। उपन्यास अर्धसत्य (२०६३) प्रकाशित छ । बालसाहित्यअन्तर्गत खरायोको खोरमा (बालकथासङ्ग्रह, २०६३), मेरी छोरी मान्या (बालकथासङ्ग्रह, २०७९), बाटुली (बालकथासङ्ग्रह, २०७९) र जूनतारा (बालकवितासङ्ग्रह, २०७९) प्रकाशित छन्। अन्तर्वार्ताको कृतिका रूपमा तोया गुरुङ : अनुभूति र स्वीकारोक्तिमा (२०५९) प्रकाशित छ । पुस्तकसम्पादनअन्तर्गत प्रज्ञा समकालीन संस्मरण (२०७९) र आमाछोरी (लेखसङ्ग्रह, २०७९) प्रकाशित छन् । पत्रपत्रिकाहरूको सम्पादनका क्रममा गजल (त्रैमासिक), अयन, नयनाभिराम, चौतारी, अग्रगमन, सोपान, समकालीन साहित्य, स्वदेश नेपाल डट कम आदि सम्पादित भएका छन् । पुरस्कारमा स्वरसमूह पुरस्कार (२०५५), काजी रोशन पुरस्कार (२०५६), युवावर्ष मोती पुरस्कार (२०५८), शङ्कर कोइराला स्मृति पुरस्कार (२०६३), प्रमोदराज-सावित्री पाण्डे स्मृति पुरस्कार (२०७४), चिसाप गायत्री सरस्वती पुरस्कार (२०७८), कमला-राजबहादुर कुँवर साहित्य पुरस्कार (२०८०) प्राप्त भएका छन्। सम्मानमा तरहरा सार्वजनिक पुस्तकालयद्वारा सम्मान (२०६०), सुनपाती युवा क्लबद्वारा

कदर (२०६२), सङ्गीतशीला सम्मान (२०६२), निर्झर दिलचेत सम्मान (२०६५), सिम्पल आर्ट सम्मान (२०६९), वनिताश्री विशिष्ट सम्मान (२०७४), काठमाडौँ विनायक शिक्षालय सम्मान (२०७४), तिरुपति इङलिस बोर्डिङ स्कुलद्वारा सम्मान (२०७४), वैजयन्ती स्रष्टा सम्मान (२०७५), तन्नेरी कृति सम्मान (२०७५), गोधूलि साहित्य सम्मान (२०७५), देवकुमारी थापा कथा सम्मान (२०७६) प्राप्त भएका छन् ।

## २. 'एक मुठी घाम' को विश्लेषण

### २.१ विषयवस्तुका आधारमा

लघुकथाकार इन्द्रकुमार श्रेष्ठ सरित्‌को पछिल्लो प्रकाशित लघुकथासङ्ग्रह 'एक मुठी घाम' हो । यसमा ४१ लघुकथाहरू सङ्कलित छन् । अनेक विषयवस्तुमा संरचित लघुकथाहरूले उनका लघुकथागत विविध प्रवृत्तिहरूलाई देखाएका छन् । राजनीतिक, सामाजिक, साहित्यिक, सांस्कृतिक, शैक्षिक, प्रशासनिक आदि विषयले उनका लघुकथामा प्रवेश पाएका छन् ।

### राजनीति केन्द्रित लघुकथा

सरित्‌का लघुकथाहरूमा धेरैजसो राजनीतिले नै विशेष स्थान प्राप्त गरेको देखिन्छ। सङ्कलित पहिलो कथा नै 'राजनीति' शीर्षकमा छ । यसले छली नेताको व्यभिचारी, षड्यन्त्रकारी र अनैतिक भ्रष्ट चरित्रलाई उदाङ्गो पारेको छ । गाउँको पृष्ठभूमिमा नेता र गरिब माइली पात्रका माध्यमबाट नेपाली राजनीतिको पतित स्वरूपलाई घृणित स्वरूपमा व्यक्त गरिएको छ । भाषणमा मिठो आश्वासन बाँड्ने नेता सानुराजा सिंहले माइलीसँग भनेको यो सन्दर्भसँग नेपाली राजनीतिको निर्लज्ज र बकमफुसे आन्द्रो गाँसिएको छ - "त्यो त राजनीति हो माइली । हात्तीको खाने र देखाउने दाँत बेग्लाबेग्लै भएजस्तै हाम्रा पनि बोली र व्यवहार बेग्लाबेग्लै हुन्छन् । हि-हि-हि ।" (पृ.४४) 'चरित्र' शीर्षकको लघुकथाले पनि राजनीतिकै फेरो समातेको छ । अनेक थरीका पार्टीहरूमा प्रवेश गर्दै र छाड्दै गर्ने दलबदलु नेताले नयाँ पार्टी खोलेर परिवारवादी पार्टीको रूपरेखा देखाएको र देश लुट्ने कुत्सित योजना बनाएको सन्दर्भ ल्याएर नेपाली राजनीतिको छेपारे चरित्रको धज्जी उडाइएको छ यस लघुकथामा । गाउँको पृष्ठभूमिमा बुनिएको यस लघुकथामा वेदबहादुर र उसका छोराछोरी पात्रहरू बनेका छन् । बहुरूपी र चरित्रहीन नेताले नेपाली राजनैतिक चरित्रबारे छोरासँग भनेको छ, "जनता र देश भड्खालोमै जाओस् । पाएसम्म सोहोर्ने र आफ्नो दुनो सोभ्भ्याउने यही नै राजनैतिक चरित्र हो छोरा, बुभ्भिराख ।" (पृ.४६) 'पूर्वाभ्यास' लघुकथा पनि राजनैतिक पृष्ठभूमिमै आधारित छ । यो देशबेचुवा नेताहरूको तुच्छ देशघाती चरित्रप्रति तीव्र प्रहार गरेर लेखिएको कथात्मक व्यङ्ग्य हो । यसमा सांस्कृतिक पहिचान र रार्ष्ट्रय स्वाभिमानलाई स्वाहा पारेर विदेशी निर्देशन र दलालीमा आत्मसमर्पण गर्ने नेपाली राजनीतिको खोइरो खनिएको छ । सहरका प्रसिद्ध रामशङ्करजी र प्राध्यापक हरिप्रसादजस्ता पात्रहरूलाई अगि सारेर यसमा 'देशको सार्वभौमसत्ता र अखण्डताका बारेमा बोल्ने सच्चा देशभक्त यहाँ कोही भएनन्' भन्ने यथार्थलाई घनीभूत रूपमा संवेदनशील बनाई प्रस्तुत गरिएको छ ।

'नेताजी' लघुकथाले नेपाली राजनीतिकै वृत्तलाई समातेको छ । विशेषतः यो नेपाली नेताका स्त्रीचरित्रमाथि अमर्यादित र यौनिक हिंसा चलाउने पतित र घृणित चरित्रको पोल खोल्ने घटनामा आधारित लघुकथा हो । सहरको पृष्ठभूमिमा रचिएको यो लघुकथा कृष्णकल्ली नामकी युवतीको यौवनमाथि र्‍याल काढ्दै गिद्धेदृष्टि राखेर आक्रामक भई तिनलाई जागिरका पासामा जकडेर मोज गर्नखोज्ने भोगविलासी नेताको चारित्रिक व्यवहार देखाउने चरित्रप्रधान लघुकथा हो । नेताको यो नकच्चरोपन लज्जास्पद छ नै - "कृष्णकल्ली ! तिमी त आफैँमा एउटा अमूल्य जागिर भइसकिछ्यौ । ... यस्तो अमूल्य ' जागिर'लाई म आफ्नो आँखाबाट टाढा किन राख्थेँ र गाँठे ! हि...हि...हि...!!" (पृ.५०) 'मूलघरको मूलढोका' लघुकथाले पनि राजनीतिलाई नै केन्द्रमा राखेको छ । नेपालमा कम्युनिस्टहरूको पार्टी फुट्ने र जुट्ने अवसरवादी र धोकेबाज प्रवृत्तिलाई यसमा देखाइएको छ । अदृश्य शक्ति वा पर्दापछाडिका मालिकहरूको हनुमान्‌गिरी गरेर कम्युनिस्ट पार्टीलाई फोर्नेहरू आखिरमा महानिर्वाचनमा सर्मनाक हार बेहोरी ङिच्च भएको अवस्था देखाई तिनलाई पुनः मूलघरकै सदस्य बनाउन मूलढोका खुला गरिएको प्रयासलाई यसमा देखाइएको छ । सहरिया परिवेशका चन्द्रप्रसाद र पार्टीफोरुवा सदस्यलाई पात्रमा अगि सारेर कम्युनिस्टहरूको जुट्नेभन्दा फुट्ने दुश्प्रवृत्तिमाथि उपहासात्मक कटाक्ष गरिएको छ । 'फेरिन्छन् मुहारहरू' लघुकथा भूमिगतकालमा क्रान्ति गर्ने सहकर्मी साथीलाई र परिवारलाई नचिन्ने तथा कुनै सहयोग गर्न इन्कार गर्ने मन्त्रीको बदलिएको अनुहारको पोल खोलिएको छ । श्रद्धा, उनका पति दीपेन र उनका पहिलेका आन्दोलनका सहकर्मी तथा हाल मन्त्री भएका पात्र सहरकै मन्त्रालयमा भेट हुँदा देखाइएको अशिष्ट व्यवहारबाट नेपाली राजनीतिमा कृतघ्नता र असहिष्णुता बढेको स्पष्ट पारिएको छ । श्रद्धाले त्यस्ता हृदयहीन र निर्लज्ज राजनीतिक पात्रलाई आक्रोशका साथ गरेको प्रतिकारात्मक व्यवहार सशक्त देखिन्छ । 'बिर्खबहादुर' राजनीति छल र जनतालाई झुक्याउने स्वार्थी धूर्तहरूको खेल हो भन्ने सङ्केत गर्ने लघुकथा हो । यसमा एसएलसी पास गरेर आफूले सांसदमा जिताउन मरिहत्ते गरेको गाउँले गरिब बिर्खबहादुरलाई मन्त्री बनेको व्यक्तिले सहरको मन्त्रीआवासमा भनेका यी वाक्यहरूले स्पष्ट खुलाएका छन्, "चुनाव जित्न दुईचारवटा झुट बोल्नै पर्छ र दुईचारवटा तिगडम भिडाउनै पर्छ । सांसद र मन्त्री भएर भोकानाङ्गा जनता र देशका लागि काम गर्दै जाने हो भने आफूले चुनावमा लगानी गरेको करोडौँको रकम मैले कहिले असुलउपर गर्ने ?" (पृ.५८) यस भनाइबाट नेपालमा चुनाव जित्न पैसाले भोट किनिन्छ अनि त्यो खर्च असुल्न नेताहरू भ्रष्टाचारमा तल्लीन रहन्छन् भन्ने ज्यादै डरलाग्दो रहस्य उदाङ्गो पारिएको छ । वस्तुतः यो नेपाली राजनीतिको विषालु विकृति, विनाशको जड, घातक, अभिशाप र राष्ट्रघाती कुकर्म हो । 'सक्कली नक्कली' राजनीतिक घटनाकै वरिपरि घुमेको लघुकथा हो । नेपाली बहुदलीय राजनीतिमा पार्टीका एक अथक योद्धा चन्द्रबहादुरको निधन हुँदा त्यतिखेर परिवारलाई अनेक सहयोगका आश्वासन दिए पनि त्यो पछि नक्कली साबित भयो किनकि पार्टीले उनको योगदानको कदर

गरेर परिवारलाई कुनै सहयोग नै दिएन बरु उल्टै हप्कीदप्की गरेर हतोत्साही बनायो । नेपाली पार्टी राजनीतिको निकृष्ट स्वरूप देखाउने लघुकथामा यसलाई लिनसकिन्छ । 'देश खोज्दै' राजनीतिकै चक्रव्यूहमा रुमलिएको छ। स्वदेश, राष्ट्रिय स्वाभिमान र नेपालीको असली पहिचानलाई बेवास्ता गर्न थालेका रिमोट कन्ट्रोलबाट सञ्चालित नेपालका सात दलका राजनीतिक नेताहरूलाई यिनै कुराहरू जोगाउनुस्, सबल पार्नुस् भन्ने तर व्यक्तिगत कुनै स्वार्थ नराख्ने खाँटी देशप्रेमी नेपालीले दिएको सल्लाहलाई लघुकथाले पेस गरेको छ । लघुकथा ऊ पात्रका माध्यमबाट भन्छ, "हाम्रो प्यारो मातृभूमिलाई अरूले फुटबलको मैदान नबनाउन् । नेताज्यू, देश रहे मात्र पार्टी रहन्छ । त्यसैले करजोरी बिन्ती छ, व्यक्तिगत र पार्टीगत लाभहानिको स्वार्थबाट माथि उठेर नेपाल बचाउनुस्, नेपालीलाई बचाउनुस्, नेपालीको परिचयलाई बचाउनुस् ।" (पृ.६६) यो लघुकथा यस सङ्ग्रहको एक उत्कृष्ट रचना बनेको छ । 'सर्वोच्चता' नागरिक अधिकारको सर्वोच्चताको रक्षा गर्नमा प्रतिबद्ध राजनीतिक पार्टीको दृर्षटकोणलाई अभिव्यक्त गर्ने लघुकथा हो । यसका लागि प्रहरीका लाठी खाई रगतका भल बगाउँदै झन्डा फहराएर दृढता प्रदर्शन गर्ने राजनीतिक कार्यकर्तालाई अगि सारिएको छ।

'साहस' लघुकथाले सरकारी रबैयालाई देखाएर राजनीतिक विषयलाई नै उधिनेको छ। नेपालको पशुपतिको मन्दिरमा कसलाई पुजारी राख्ने भन्ने विषयमा ठोस निर्णय र उचित न्याय दिननसक्ने र विदेशको मुख ताकेर आफ्नो आन्तरिक मामिलामा विदेशी हस्तक्षेपलाई प्रश्रय दिनखोज्ने नेपाली राजनीतिको लुतेपन र हुतीहारा मनोवृत्तिको गज्जबसँग विरोध गरिएको लघुकथाका रूपमा यो आएको छ। 'नानु, अब त मान्देऊ' राजनीतिक हठकै कथा बोकेर आएको छ । गिरीबाजे नामका कुनै ठुलै पहुँचवाला नेताजीकी छोरीले जसरी पनि आफूलाई मन्त्री बनाइदिनुपर्‍यो भनेर अड्डी लिँदा पार्टी फुटाएर भए पनि र दक्षिणी छिमेकीका देवदेवीसरहका नेताजीहरूलाई भनसुन गरेर भए पनि मन्त्री बनाइदिने वचन दिएपछि छोरीले तीन दिनपछि भात खाएको घटनालाई लघुकथाले समेटेको छ । यसले नेपालमा पार्टी विभाजन गर्ने प्रवृत्तिमा नातावादको भूमिका र नेपाली राजनीतिमा दक्षिणी शक्तिशाली छिमेकी राष्ट्रको हस्तक्षेपकारी भूमिकालाई देखाई नेपाली राजनीतिको कुरूप पक्षलाई व्यङ्ग्यात्मक रूपमा चित्रित गरिएको छ। 'भोलिको दिन' राजनीतिकै पाटोलाई देखाउनमा केन्द्रित छ । निरङ्कुश तानाशाही सत्ताका विरोधमा एक वामपन्थी युवा जनआन्दोलनमा सहभागी हुँदा क्रूर सैनिकको गोली लागेर खुट्टा कुँजो बनाएको भए पनि ऊ जिउँदो सहिदका रूपमा देशमा भोलिका दिनमा हुने संविधानसभाको चुनावमा खुसीसाथ संलग्न हुने निर्णय गर्दाको तीब्र भावावेग र राष्ट्रका निम्ति गर्ने त्यागमय स्वरूपलाई देखाउँछ। क्रान्तिकारी युवाको देशको उज्ज्वल भविष्य देख्ने आदर्श सपनालाई लघुकथाले भावाकुल बनाएर सुन्दर कलाका साथ प्रकट गरेको छ।

'नाच्ने बुढा' राजनीतिमै केन्द्रित लघुकथा बनेको छ । दश वर्षसम्म जनयुद्ध लडेका एक सेतै कपाल फुलेका बुढाको कुनै जुलुस, सभा र र्‍यालीमा सङ्गीतका धुनमा झुम्दै स्वतः नाचिहाल्ने अति रसिक स्वभावको चित्रण यहाँ छ। साथै तिनको जनता र देशप्रतिको निस्स्वार्थ

सेवाभाव पनि उदाहरणीय छ भन्ने सन्दर्भ पनि लघुकथाले रूपायित गरेको छ । राजनीतिमा जनसेवाभन्दा अर्को निष्ठाको मार्ग हुनु कदापि हुँदैन भन्दै स्वार्थवश राजनीति गर्नेहरूलाई यसमार्फत सचेत बनाउन खोजिएको छ । 'नयाँ मोडमा उभिएर' पनि राजनीतिमै सङ्केन्द्रित लघुकथा हो । जनयुद्ध सँगै लड्दा एकअर्काबाट प्रभावित भएर प्रेमपूर्वक विवाहबन्धनमा बाँधिएका दुई छापामारहरूबिच छोरो जन्मिएको एघार दिनमै निर्दयी र लहडी पुरुष छापामारले छोडिदिँदा युवतीका मनमा उत्पन्न गहिरो वितृष्णा र एकाङ्कीपनलाई यसमा देखाइएको छ । जनयुद्धकालका योद्धाहरूका व्यथापीडाको उद्घाटनमा लघुकथा गम्भीर पाइन्छ र त्यस्ता संवेदनशील पक्षहरूको व्यवस्थापनमा उदासीन सम्बद्ध राजनीतिमाथि प्रश्नचिह्न उठाएको पनि देखिन्छ । 'विचारमा निष्ठावान्' राजनीतिक कार्यकर्तामा आएको जीवनशैलीको विस्मयकारी परिवर्तनलाई देखाएर दोहोरो चरित्रका माध्यमबाट व्यङ्ग्य प्रहार गरिएको लघुकथा हो । विचारमा जो निष्ठावान् छैन त्यसैले आफूलाई विचारमा निष्ठावान् भएको दाबी गरेर बिब्ल्याँटो वा विरोधाभास प्रकट गर्दा स्वतः व्यङ्ग्य सिर्जना भएको छ । सच्चा कम्युनिस्ट अब कोही रहेन । सबै विचारमा निष्ठावान् भन्दै अकुत सम्पत्ति कमाउनतिर लागे र देशमा बेथिति निम्त्याउन तयार भए, आदर्शबाट च्यूत भए, विश्वास कसैमाथि पनि गर्न नसकिने स्थिति सिर्जना गर्नमा सक्रिय भए र राजनीतिलाई कमाइखाने भाँडो बनाउनमा तल्लीन भए ।

'त्यो सन्देश'मा पञ्चायतकालीन कम्युनिस्ट राजनीतिको भूमिगत अवस्थामा सरकारी जासुस ललितेद्वारा पछ्याउँदा बडो चलाखीसाथ जोगिएर पार्टीको महत्त्वपूर्ण दस्तावेजभित्र समेटिएको आन्तरिक सन्देश सबैसामु पुऱ्याएर अध्ययन गर्ने वातावरण बनाएको साहसिक प्रसङ्ग छ । भूमिगत अवस्थामा राजनीतिक पार्टीको अनुशासित र आदर्श स्थिति रहेको सन्दर्भलाई म पात्रद्वारा व्यक्त गरिएको छ । 'नदीको विशाल छातीमा' पञ्चायती शासनमुनि कम्युनिस्टहरूले भूमिगत राजनीति गर्ने तरिकालाई कसरी प्रभावकारी ढङ्गले अँगाल्थे भन्ने देखाइएको छ । शत्रुको कठोर घेराबन्दीबाट उम्कन आक्रामक र जोखिमपूर्ण साहस प्रदर्शन गरी सङ्घर्षपूर्ण कदम चाल्ने एक कम्युनिस्ट छापामारको जनप्रेमी र राष्ट्रप्रेमी विचारको विजयी घटनालाई यस लघुकथाले प्रतिबिम्बित गरेको छ । 'वैचारिक दृढता' राजनीतिक परिवेशकै लघुकथा हो । यसमा एक कम्युनिस्ट पार्टीको कार्यकर्ताको ढुलमुले विचारलाई परिवर्तन गर्दै वैचारिक रूपमा दृढ भएर पार्टी र जनताका काममा समर्पित हुन प्रेरित गरिएको छ । 'कमरेड दमयन्ती' राजनीतिक विचलनलाई पस्किने लघुकथा हो । कमरेड दमयन्तीजस्ता कम्युनिस्ट नेतृत्वका व्यक्तिहरू देश र जनताको स्वार्थ छाडेर आफ्नै विशाल गृहनिर्माण र अकुत सम्पत्ति आर्जनमा व्यस्त हुन थालेकाले राजनीतिक आदर्शको अवसान हुनथालेकोप्रति चिन्ता प्रकट गरिएको छ । 'घामको स्वागत' राजनीतिक पार्टीका युवा सङ्घले सहरमा बढेको फोहोर उठाउन सरकार असक्षम हुँदा स्वयम् लागेर सो उठाउन देखाएको समाजसेवामा आधारित लोककल्याणकारी कार्यमा सफलता हासिल गरेको सन्दर्भ छ । राजनीतिक पात्रहरू र सहरिया परिवेशमा संरचित लघुकथा

हो। युवाहरू जागृत र निस्स्वार्थ भई राष्ट्रसेवामा लागे हरेक कार्य कुशलतापूर्वक सम्पन्न हुने घामतुल्य उज्यालो सन्देश दिने यस लघुकथाले राजनीतिलाई जनसेवामा समर्पित गर्न प्रेरित गरेको छ। 'म के गरूँ ?' लघुकथाले विद्यार्थीजीवनमा राजनीति गरेर उच्च स्थान बनाइसकेकी कर्णालीकी पर्वताले उच्च अध्ययन सकिएपछि जागिर खान खोज्दा कुनै उपाय नलागेपछि बाध्यतापूर्वक अन्योलग्रस्त मनस्थितिमा डान्सबारमा काम गर्नुपर्ने परिस्थिति आएको घटनालाई चित्रित गरेको छ र राष्ट्रिय राजनीतिमा सरकारले सुशासन दिननसक्दा देशभित्र बढेको युवा बेरोजगारीको दुश्चक्रलाई देखाएको छ। 'घाइते श्रीमती' लघुकथाले राजनीतिक पार्टीका लागि जुलुसमा सहभागी हुँदा प्रहरीको लाठीचार्जमा गम्भीर घाइते भएर अस्पताल भर्ना भएकी गरिब मनवीरेकी श्रीमतीको उपचारनिम्ति सहयोग माग्न आफ्नै पार्टीका मन्त्रीकहाँ पुग्दा गाली, धम्की र बेइज्जती मात्रै भेटेको मार्मिक दृश्य प्रस्तुत गरिएको छ। बहुदलीय राजनीतिको कालो पाटोलाई यसमा देखाइएको छ। यस्तो राजनीतिमा दुःख पाउने गरिब, असहाय र शक्तिहीनहरू नै हुन् भन्ने बुझाउनु यसको उद्देश्य छ। 'चतुरमान चाँचरी'मा गणतन्त्रवादी पार्टीको राजनीतिमा लागेको चतुरमानको अनुभव आएको छ। गणतन्त्र आएपछि पार्टीराजनीतिलाई हतियार बनाएर चतुर्मानजस्ता ठेकेदारहरूले अकुत सम्पत्ति र आलिसान घर बनाएर मोज गरेका तर वास्तविक दुःखी, गरिब र सर्वसाधारणलाई हित हुने कार्यप्रति सरकार तथा पार्टीहरू नलागेको यथार्थ लघुकथाले चित्रित गरेको छ। पार्टीविभाजन र एकीकरणका नाटकहरू निकै हुने गरेको अनि त्यस्ता अवसरहरू छोपेर अवसरवादीहरूले स्वार्थसिद्धि गरेको घटनाप्रति कथाकारको कटाक्ष यहाँ प्रकट छ।

'सक्कली अनुहार' राजनीतिक विचलन देखाउन रचिएको छ। यसमा पहिले पार्टीमा प्रतिबद्ध भएर काम गर्ने सम्भवजस्ता व्यक्तिहरू नै व्यवस्था परिवर्तन भएपछि भव्य महल, अकुत सम्पत्ति आर्जन र भोगविलासपूर्ण जीवनशैलीमा रमाउन थालेर क्रान्तिताकाका जनतालाई दिएका वचनहरूलाई झुटा साबित गर्नलागे भन्ने यथार्थ अभिव्यक्त छ। नेपाली राजनीतिको विसङ्गत पक्ष केलाउनमा केन्द्रित छ लघुकथा। 'हात्तीको खाने र देखाउने दाँत' लघुकथाले ठुला राजनीतिक पार्टीका नेताहरूको स्पष्ट दृषटिकोण र अडान नहुँदा विदेशी शक्तिराष्ट्रको हस्तक्षेप बढेको, राष्ट्रिय अस्मिता तथा सार्वभौमसत्तामा आँच पुगेको अनि झुटा अभिनय गरेर जनतालाई दिग्भ्रमित तुल्याएको विषयलाई देखाइएको छ। नेपाली राजनीतिको दोग्ला चरित्रद्वारा प्रदर्शित नामर्दीपन देखाउने उद्देश्य लघुकथाको रहेको छ। 'कर्तुत' लघुकथामा राजनीतिक भ्रष्टाचारको पोल खोलिएको छ। सन्तानहीन नेताले मन्त्री भएपछि कुनै भ्रष्टाचार नगरी जनसेवा र देशसेवामा आफूलाई समर्पित गर्लान् भन्ने जनविश्वासलाई लत्याएर औलादौला सम्पत्ति थुपार्न लागिपरेर जनघात र राष्ट्रघात गरेको प्रसङ्ग यसमा राखिएको छ। नेपाली राजनीतिको गिर्दो शाख यसमा हेर्न पाइन्छ। 'कलमको आबाज'मा राजनीतिक विषयलाई राख्ने क्रममा दक्षिणी छिमेकीले अन्यायपूर्वक प्रतिशोधी व्यवहार प्रदर्शन गर्दै नेपालमाथि आर्थिक नाकाबन्दी लगाएर नेपालीहरूलाई चरम दुःख दिँदा लेखक, कवि, साहित्यकार

हरूले प्रतिकारमा बुलन्द आबाजसहित नाराजुलुस गरेको राष्ट्रभक्तिपूर्ण घटनालाई प्रस्तुत गरिएको छ । 'नोकरी' राजनीतिक पार्टीका नेताहरूले बेरोजगारलाई जागिर वा नोकरीको व्यवस्था गर्न नसक्ने भन्दै बडो तुच्छ ढङ्गले दुर्व्यवहार प्रदर्शन गर्दै आफ्नो स्वार्थी, असहयोगी, असंवेदनशील र विवेकहीन चरित्र देखाएको हुँदा पीडित जनताहरू निराशामा छटपटिन थालेको यथार्थ प्रस्तुत गर्ने लघुकथा बनेको छ।

'नियुक्ति' प्रजातन्त्र पुनर्बहालीपछिको राजनीतिक परिवेशमा प्रतिकार समितिको सदस्य रहेकै महिलालाई कला प्रतिष्ठानको सदस्य नियुक्ति गर्दा त्यस्ता अयोग्यलाई शपथ खान नदिन प्रजातन्त्रवादी महिलाहरूले गरेको कडा विरोधप्रदर्शनलाई देखाउन लेखिएको लघुकथा हो। नेपाली राजनीतिको बेढङ्गे चाल यसमा अभिव्यक्त छ। 'हिजोआज' राजनीतिक नेतृत्वको बदलिँदो चरित्रको तस्बिर खिच्ने लघुकथा हो । हिजो सुन्दरी प्रतियोगिताको धुवाँधार विरोध गर्ने वामपन्थी नेत्रीहरूकै आफन्त आज सुन्दरी प्रतियोगितामा सहभागी हुँदा सारा सामाजिक सञ्जाल नै समर्थनमा लागेको तर कसैले विरोध नगरेको दोहोरो चरित्रको आश्चर्यजनक घटनालाई प्रस्तुत गरिएको छ । राजनीतिमा आदर्श र इमान दिनप्रतिदिन खस्कँदै गएको देखाउने उद्देश्य कथाकारको छ । 'चड्कन' राजनीतिक छ । झुटो आश्वासन बाँड्दै जनतालाई धोका दिएर काठमाडौँमा भव्य महल, प्रशस्त जग्गाजमिन जोडेर आफ्ना नाताकुटुम्ब सबैलाई लाभका सरकारी पदहरू दिलाउन सफल वामपन्थी नेतालाई जनताको प्रतिनिधिस्वरूप बनेर नेताको अभिनन्दन र शुभकामना कार्यक्रममा उपस्थित भई गालामा चड्कन दिएर उसको सक्कली अनुहार सबैका सामु नाङ्गो बनाइदिने पीडित युवाको प्रहार साँच्चै प्रभावशाली देखिएको छ । 'इमानदारिता' पार्टीको राजनीतिक कार्य गर्दा कुनै पारिश्रमिक नलिने एक आदर्श युवा कार्यकर्ताको उच्च जीवनशैलीको चित्रण गर्दै पार्टीप्रति यसरी नै बफादार हुन प्रेरित गर्ने लघुकथा हो । 'व्यावहारिक' पार्टी राजनीतिमा आफ्नै कार्यकर्ताका गारासारामा वा दुःखकष्ट र आपत्विपत्मा कहिल्यै पनि साथसहयोग पाइँदैन त्यसैले व्यक्ति आफैँ व्यावहारिक रूपमा बाँच्न चनाखो हुनुपर्छ भन्ने व्यावहारिक ज्ञान दिने लघुकथा हो । 'इमानदार मन्त्रीज्यू' राजनीतिक बेइमानीको चरम रूप प्रदर्शन गर्ने व्यङ्ग्यात्मक लघुकथा हो । बाहिरबाहिर मार्क्सवादी विचार, सिद्धान्त, देशभक्ति, निष्ठा र इमानदारीको कुरा गरिरहने मन्त्री नै भित्रभित्रै जनता र देशप्रति घात गर्दै ठुला ठुला व्यापारीहरूसँग गोप्य साँठगाँठ गरेर अकुत सम्पत्ति र घरजग्गा जोड्दै छोराछोरीलाई विदेशका महँगा विद्यालयमा पढाउने तयारी गरिरहेको छ त्यसैले राजनीतिक विकृतिको घिनलाग्दो स्वरूप प्रस्तुत गर्नमा यो लघुकथा सफल बनेको छ । यसले देखाएका यथार्थलाई हामी दिनप्रतिदिन देखिरहेका छौँ यसर्थ यो जीवन्त यथार्थको गम्भीर तस्बिर बनेको छ । 'गणतन्त्र आएर नै ...' गणतन्त्रविरोधीहरूलाई राजनीतिक रूपमा प्रहार गर्ने लघुकथा हो ।

**समाज केन्द्रित लघुकथा**

सरित्का लघुकथाहरूमा अधिकांश राजनीतिकेन्द्रित छन् भने बाँकी सामाजिक विषयहरूमा केन्द्रित रहेका छन् । उनी

समाजलाई गहिरोसँग नियाल्छन् र तिनमा छिपेका विसङ्गतिलाई उधिन्छन् अनि तिनमाथि सुन्दर शैलीमा व्यङ्ग्यको झटारो हान्छन्, साथसाथै समाजलाई आदर्शबाट तल खस्नबाट जोगाउन चाहन्छन् ।

'काकाकुलको तिर्खा'मा जनतालाई पानीको यथोचित व्यवस्था गर्ननसक्ने राजधानी सहर काठमाडौँको खिल्ली उडाइएको छ । बिचरा ! काठमाडौँका केटाकेटीहरू महिनौँसम्म धारामा पानी नआएर नुहाउन नपाएर काककुल बनेको कारुणिक दृश्य प्रदर्शन गरिरहेका छन् तर उता मेलम्चीको पानीले काठमाडौँका सारा सडकै पखालेर सुन्दर र सफा पारिदिन्छौँ भन्दै डिङ हाँकेर जनतालाई ढाँटिखाने बानी परेका तिनै पान चपाउने बुढा नेताजस्ताको नौटङ्की रिहर्सल चलेको छ । यही विसङ्गतिलाई यहाँ ढाड खुस्कुन्जेल उपहासात्मक व्यङ्ग्य प्रहार गरिएको छ । 'हा हा हा', 'हि हि हि'जस्ता हास्य शैलीको प्रयोग गर्नमा सरित् प्रायः अभ्यस्त देखिन्छन् । सहरिया परिवेशका सडकबालकहरूद्वारा संवादमा मिसाएर ढलमती, बागमती र काकाकुल काठमाडौँप्रति बेफिक्री रहेका उडन्ते हावादारी गफाडी नेताहरूउपर उपहास प्रकट गर्नमा कथाकारले मिहिनेत गरेका छन् । 'एक मुठी घाम' सामाजिक परिवर्तनको विषयमा आधारित लघुकथा हो । धर्म, पूर्वजन्म-पुनर्जन्म, पापपुण्य र भाग्यका अन्धविश्वासी भ्रमजालमा अशिक्षितहरूलाई पारेर समाजमा धर्मान्धहरूले समाजमा थरी थरीका शोषण, अन्याय र अत्याचार चलाई राज गरेकाले अज्ञानताका अँध्याराबिच मानवजीवनलाई दुःखी र भयाक्रान्त बनाइएको छ । शिक्षाको उज्यालो नवचेतना वा एक मुठी घामको प्राप्तिद्वारा त्यस्ता अन्धविश्वासबाट मुक्त भएर स्वतन्त्रतापूर्वक निर्भय जीवन स्वाधिकारसहित जिउनुपर्छ भन्ने उच्च सञ्चेतना भर्ने यो लघुकथा यस सङ्ग्रहकै सर्वोत्कृष्ट लघुकथा हो । यस प्रकारको वैचारिकतालाई ग्रामीण चमेली र सुनमाया भाउजूबिचको घतलाग्दो संवादको बुनोटमा उनिएको छ - "जबसम्म मान्छेले अक्षर चिनेर आफ्नो हक र अधिकार खोज्दैन तबसम्म उसले स्वतन्त्रता र मुक्ति पाउँदैन रे ।" (पृ.६०) 'दसैँ त' हाम्रो सामाजिक असमानता र राज्यपक्षीय अन्याय तथा दमनमा आधारित लघुकथा हो । परन्तु, यो समाजसेवी भावनाको मियोमा घुमेको आदर्श लघुकथा पनि हो । दसैँ त ती समाजका धनीमानी, उच्चवर्गीय र शक्तिशाली वर्गका लागि मात्रै हर्षोल्लासको पर्व बनेर आउँछ । द्वन्द्वकालमा सरकारी सेनाले बेपत्ता बनाएर ज्यानै लिएको बाबुको र मुखियाकहाँ काम गरेर घिटिकघिटिक जिन्दगी धानिरहेकी आमाको टुहुरो, गरिब र असहाय सन्तान मतिरामका घरमा दसैँ त दशा बनेर आउँछ, आँसुका नदी बनेर सुसाउँछ र सहनशीलताका शिशिर बनेर छाउँछ । त्यसैले वास्तविक दसैँ त सीमित वर्गका लागि मात्रै होइन सबैका लागि बराबर उल्लास बोकेर आउनुपर्छ । दसैँमा नयाँ लुगा र मिठो खानाको जिद्दी गरिरहेको मतिरामलाई बाबुको दृष्टान्त दिँदै उसलाई आमाले सम्झाउन भनेका यी भावनाहरू आदर्श जीवनका समाजवादी छहारी हुन्, "बरु तँ पो ठुलो भएपछि अभरमा परेकाहरूका लागि भर बन्नुपर्छ, आफ्नो लागि मात्र हैन सबैका लागि दसैँ ल्याउनुपर्छ ।" (पृ.६८)

**प्रशासन केन्द्रित लघुकथा**

सरित्को कलम नेपाली प्रशासन र कर्मचारीतन्त्रमा देखिएका कुसंस्कारमाथि पनि सूक्ष्म दृष्टि दिँदै त्यसको चिरफार गर्न तत्पर भएको पाइन्छ । नेपालको प्रशासनिक क्षेत्र पारदर्शी छैन । त्यहाँ अनेक दुर्गुणहरू टाँसिएर प्रशासनिक वातावरण दुर्गन्धयुक्त बनेको अवस्था छ। तिनमा सफाइ र शुद्धिको आवश्यकता पनि कथाकार औंल्याउँछन् । 'सम्झौता' प्रशासनिक क्षेत्रको दमनकारी प्रवृत्तिलाई देखाउन लेखिएको छ। भोज, मोज, दलाली, दासताले ग्रस्त रहेको छ हाम्रो प्रशासन । कर्मचारीको पेसा सम्मानित र हकअधिकारले सुसज्जित छैन । प्रशासकहरू विवेकहीन, लम्पट र भ्रष्ट छन्। कर्मचारीहरू दासता र अनेकताले स्वार्थान्ध बनेका छन् । यसैले कर्मचारी युनियनका जायज मागलाई सुरापानसहित भोजको प्रलोभनद्वारा तुहाइएको छ । षड्यन्त्रपूर्वक कर्मचारीहरूलाई मौलिक हकहित तथा आधारभूत सेवासुविधाबाट जबरजस्ती वञ्चित गराइएको छ । अन्तमा सम्झौताको झुटो कागजमा सही गराएर जागिरबाट लाञ्छनासहित निष्काशन गर्ने धूर्त चाल युनियनका पदाधिकारीहरूमाथि चलाइएको छ।

**साहित्य केन्द्रित लघुकथा**

'असहमति'ले साहित्यिक क्षेत्रको विसङ्गतिलाई देखाएको छ। प्रखर प्रगतिवादी कविको कतैबाट र कसैबाट पनि नकिनिने, जुनै अवस्थामा पनि नबिक्ने र आफ्नो सहमतिविना सोर्सफोर्सबाट कुनै पनि साहित्यिक प्रतिष्ठानमा नियुक्ति नलिने अडान देखाएर त्यस्ता प्रतिभाप्रति उच्च सम्मान प्रकट गरिएको छ । साहित्यिक दलालीको पराकाष्ठा देखिइरहेको परिवेशमा यस्ता आदर्श र निष्ठाका साहित्यकार पाउनु दुर्लभ छ तर जति छन् तिनीहरू स्तुत्य र महिमाशाली हुन्छन् । 'कलमको आबाज' साहित्यिकारहरूले नेपाल राष्ट्र र नेपाली जनतामाथि चालबाज दक्षिणी छिमेकीले लगाएको अन्यायपूर्ण ज्यादतीको नाकाबन्दीका विरोधमा निकालेको सशक्त र्‍यालीको घटनालाई देखाउँछ र साहित्यकार हरूको देशभक्तिपूर्ण सामर्थ्यलाई सबल रूपमा चित्रित गर्छ।

**संस्कृतिकेन्द्रित लघुकथा**

'साहस' सांस्कृतिक धरातललाई देखाउने लघुकथा हो । नेपालको पशुपतिको मन्दिरमा कसलाई पुजारी राख्ने भन्ने विषयमा ठोस निर्णय र उचित न्याय दिननसक्ने र विदेशको मुख ताकेर आफ्नो आन्तरिक मामिलामा विदेशी हस्तक्षेपलाई प्रश्रय दिनखोज्ने नेपाली राजनीतिको लुतेपन र हुरीहारा मनोवृत्तिको गज्जबसँग विरोध गरिएको लघुकथाका रूपमा यो आएको छ। यो भारतीय सांस्कृतिक अतिक्रमणको जिउँदो रूप देखाउनमा केन्द्रित छ। 'नियुक्ति' नेपाली कलासाहित्यको र संस्कृतिको धज्जी उडाउने नयाँ परिवेशमाथि तीव्र प्रहार गर्ने लघुकथा हो । सांस्कृतिक विचलन निम्त्याउनेहरूमाथि जाइलागी नयाँ गणतान्त्रिक संस्कृतिको निर्माण गर्ने प्रेरित गर्ने लघुकथा हो । 'हिजोआज' सौन्दर्य प्रतियोगिताको सांस्कृतिक विषयमा पछिल्लो समयमा आएको परिवर्तनशील दृष्टिकोणमाथि प्रकाश पार्ने लघुकथा हो । राजनीतिक साँघुरो आँखाले हेर्ने वामपन्थीहरूमा

समेत सुन्दरी प्रतियोगिताको पाश्चात्य संस्कृतिले गहिरोसँग प्रभाव पारिसकेकाले हिजो जोडतोडले विरोधमा उत्रिनेहरू आज 'मौन सम्मति लक्षणम्' बनेर परिवर्तित भइसकेका छन्। 'इमानदारिता' सांस्कृतिक लघुकथा हो जसले सच्चा कम्युनिस्टको इमानदार संस्कृतिलाई चित्रण गर्नमा जोड दिएको छ।

**शिक्षा केन्द्रित लघुकथा**

'नोकरी' शैक्षिक क्षेत्रमा व्याप्त बौद्धिक श्रमशोषणको तस्बिर खिच्ने लघुकथा हो । यो सञ्चालकहरूको व्यापारिक मनोकाङ्क्षा र करोडपति बन्ने महत्त्वाकाङ्क्षा पूरा गर्ने थलो बन्दै गएको छ। यस्तै शैक्षिक विकृति-विसङ्गतिले नेपालको शिक्षाक्षेत्र लथालिङ्ग हुँदै छ भने सम्बद्ध शिक्षकशिक्षिकाहरू नराम्रोसँग शोषित, पीडित र निराश बनिरहेका छन् ।

**२.२ भाषाशैलीका आधारमा**

सरित्का लघुकथाहरूको पठन गर्दा उनका विविध भाषाशैलीगत प्रवृत्तिहरू भेटिन्छन् । यिनलाई तलका मुख्य मुख्य बुँदाहरूमा वर्णन गरिन्छ :

**समापन**


लघुकथाको शैली केलाउँदा समापनलाई हेरिन्छ। सरित् कस्ता समापन शैली अँगाल्छन् त ? लघुकथामा प्रयोग गरिने समापन शैली दुई प्रकारका हुन्छन् - बन्द समापन शैली र खुला समापन शैली । लघुकथाकारले शीर्षकसँग जोडिएको विचारलाई कथान्तमा त्यसकै उल्लेख गरेर पुष्टि गर्ने समापनको शैली अँगालेमा त्यो बन्द समापन हुन्छ। यसमा लघुकथाकार स्वयम् नै लघुकथाको अर्थको प्रक्षेपण गर्न तयार भएको हुन्छ र पाठकलाई सोही अर्थ्याएर सन्तुष्ट पार्न तत्पर रहन्छ। पाठकलाई अर्थ लगाउने बाटो आफैँले बन्द गरिदिन्छ। खुला समापनमा लघुकथाकार शीर्षकको विचारलाई अन्तमा पुष्टि गर्नीतिर नलागी पाठकलाई नै स्वतन्त्र रूपमा त्यसलाई अर्थ्याउन र बुझ्न खुला छोडिदिन्छ । खुला समापन भएका लघुकथालाई उच्चकोटीका मानिन्छ। सरित्का लघुकथाहरूमा खुला र बन्द दुवै समापन पाइन्छन् । उनका लघुकथाहरूमा 'राजनीति', 'चरित्र', 'नेताजी' आदि २० वटा बन्द समापनमा संरचित छन्। 'पूर्वाभ्यास', 'देश खोज्दै', 'गणतन्त्र आएर नै...' आदि २१ वटा खुला समापनमा रचिएका छन् । यसैले खुला समापनका अधिक लघुकथाहरू लेखेकाले उनलाई उच्च स्तरका लघुकथाकारमा राख्न सकिन्छ।

**भाषा**

सरित्का लघुकथाहरू सरल भाषामा लेखिएका छन्। उनका लघुकथाहरू अधिकांश राजनीतिक विषयमा केन्द्रित छन् । यसमा पनि प्रायः सबैजसो लघुकथाले वामपन्थी राजनीतिलाई स्थान दिएकाले तिनका चरित्रहरूले प्रयोग गर्ने भाषामा 'कमरेड' आदि शब्दहरूको बाहुल्य छ । संवादयोजना प्रायः पात्रअनुकूल र विषयअनुकूल नै छ। हास्यको उत्पादन गर्ने हा..हा..हा, हि..हि..हि जस्ता भाषिक प्रयोगले लघुकथाकारको वैयक्तिक र सामाजिक दुर्बलताहरूलाई उपहासात्मक रूपले चित्रित गर्ने शैलीलाई चिनाएका छन् । उनको भाषिक प्रयोगमा कारुणिक, संवेदनशील, यथार्थपरक र अभिधात्मक विशेषता झल्किन्छ।

**संरचना**

सरित् लघुकथाको संरचनाप्रति सचेत स्रष्टा हुन् त्यसैले उनका लघुकथाहरू लघुकथाकै आयतनमा ठिक रहेका लघु आकारका स्वरूपमा लेखिएका छन् । उनी लघुकथाका एक कुशल स्रष्टा बनेका छन् । संरचनाका दृष्टिले उनका लघुकथाहरू छोटा सुरुचिपूर्ण रचना हुन् । प्रायः लघुकथाहरू रैखिक क्रममा रहेका घटनामा रचित छन् । दृश्यात्मक र सङ्क्षेप दुबै विधिले घटनाहरूको प्रस्तुति भएको छ ।




**व्यङ्ग्य**

सरित् लघुकथाहरूमा व्यङ्ग्यको प्रयोग गर्ने लघुकथाकार हुन् । नेपालमा एकदलीय तन्त्रको अन्त्य भई बहुदलीय प्रजातन्त्रको पुनर्स्थापना भयो अनि राजतन्त्रको समाप्तिपछि सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भयो । यत्रा ठुला राजनीतिक परिवर्तन भएर पनि नेपाली समाज र नेपाल राष्ट्रमा जनचाहनाअनुरूपको कानुनी र न्यायपूर्ण सुशासन स्थापित हुन सकेन । यस्तो विसङ्गत र विकृतिले भरिएको परिवेशमा अनेकौं राजनीतिक, सामाजिक, प्रशासनिक, साहित्यिक, सांस्कृतिक, शैक्षिक आदि क्षेत्रभित्र बेथिति, व्यभिचार, अन्याय, अत्याचार, ठगी, भ्रष्टाचार, अनियमितता र असन्तुष्टिका आँधीहुरी आए । तिनले जनता र राष्ट्रमाथि जघन्य कुकर्म र अपराध बढाए । यस्तो जनविरोधी रार्षट्रिय तथा सामाजिक परिस्थितिलाई सूक्ष्म रूपले उधिनेर तिनीहरूमाथि कडा व्यङ्ग्य प्रहार गरी सुशासन बहाली गर्न र समाजलाई सुधार्न सरित् लघुकथाहरूमार्फत निर्धक्कसँग पोखिएका छन् ।

**३. निष्कर्ष**

सरित् मूलतः राजनीतिक र अंशतः सामाजिक, प्रशासनिक, साहित्यिक, सांस्कृतिक र शैक्षिक विषयका लघुकथाहरू सिर्जना गर्ने सर्जक हुन् । विशेषतः वामपन्थी राजनीतिका नकारात्मक र सकारात्मक पक्षहरूमा दृष्टि दिई वर्तमान नेपाली राजनीतिका विसङ्गति र विकृति केलाउँदै व्यङ्ग्य र विरोधका मुखर अभिव्यक्ति प्रकट गर्ने यथार्थवादी लघुकथाकार हुन् । बढी खुला र कम बन्द समापनका सटीक लघु संरचनामा आबद्ध उनका लघुकथाहरू नेपाली राजनीतिका बहुरङ्गी चित्रहरूलाई झलझली देखाउने रचना बनेका छन् । जतिसुकै बेथिति भए पनि देशमा एक मुठी घामजस्तै बनेर सुदिन आओस् र सबै नेपालीहरूले सुशासनको सुखमय उज्यालाले आङ न्यानो पार्न पाउन् भन्ने भित्री सन्देश लघुकथाकारले आफ्ना लघुकथामार्फत दिएका छन् । उनले पनि अबका दिनमा लेखिने आफ्ना लघुकथाहरूमा मानवजीवनका विविध पक्षहरूमाथि गहन पर्यवेक्षण गर्दै समयको वास्तविक तस्बिरलाई अझ सशक्त भाषाशैलीमा प्रकट गर्ने सामर्थ्य हासिल गर्न सकुन् । सबै पाठकहरूको यही कामना निरन्तर रहिरहने छ ।

*Bhattaraivarat59@gmail.com*

❑ लघुकथा

# गलत अन्दाज



❖ विष्णु अचार्य 'अतृप्त'

"कता गएछ हेडमिस्त्री ? ए ! खाना खान पो गएछ ! अब आएपछि काम बन्छ है ।" वर्कसप सञ्चालकले रहस्यमयी मुस्कानका साथ मलाई आश्वस्त पार्नखोजे ।

तिहारको चटारोले मन आत्तिरहेको थियो । किनमेल, घरको सरसफाइ सबै बाँकी नै थियो । तिहारमा यताउति फुत्त फुत्त कुदिरहनुपर्छ त्यसैले अफिस छुट्टी भएको दिन पारेर मोटरसाइकल सर्भिसिङको लागि बिहानै बत्तिएको थिएँ वर्कसपतिर ।

पछि आउनेको फटाफट पहिले पालो आइरहेको थियो । उनीहरू पूर्वपरिचित वा खास विशेष सम्बन्ध भएका व्यक्तिहरू होलान् सायद । म भने पालो कुर्दा कुर्दा अधैर्य भइसकेको थिएँ । मनले सर्भिसिङ नै नगरी मोटरसाइकल घुइँक्याएर घर लैजान आदेश दिँदै थियो ।

गोरो, केही मोटोघाटो र फुर्तिला देखिन्थे वर्कसप सञ्चालक भाइ । उनले वेला वेला मतिर हेरेर कूटनीतिक मुस्कान फ्याँकिरहेजस्तो लाग्थ्यो । राम्रो मर्मतसेवा उपलब्ध हुन्छ भनेर धेरै साथीहरूले सिफारिस गरेअनुसार म घरनजिकको वर्कसप छाडेर पहिलोपटक टाढाको सर्भिसिङ सेन्टर पुगेको थिएँ ।

मिस्त्रीहरूको काममा एउटै रफ्तार थियो । सबै जाँगरिला । 'आराम हराम हो' भन्ने सोच भएका । व्यावसायिक दक्षताले युक्त देखिन्थे उनीहरू । औजारहरू चलाउँदा एउटा छुट्टै खाले लयको सृष्टि भएको सुनिन्थ्यो वर्कसपभित्र । सबै सेवाग्राहीहरू मिस्त्रीसँग कार्यस्थलमै भेटेर आआफूले चढ्ने वाहनको समस्या खुलस्त बताइरहेका देखिन्थे । मिस्त्रीले हात लगाएको करिब एक घण्टाभित्र सर्भिसिङ सक्काएर बाटो लाग्दै थिए अचिनारु साथीहरू ।

वर्कसप सञ्चालकको मलक्षित पटक पटकको नजर र विस्मयकारी हाँसोले मन भतभती पोलेको थियो । पालो पर्खँदा पर्खँदा म हत्तुहैरान भइसकेको थिएँ । यो त अति भयो नि ! मलाई लाटो रिस उठिसकेको थियो । 'के बोल्दै छु' र 'के गर्दै छु' भन्ने म स्वयमूलाई थाहा नहुने अवस्था आइसकेको थियो । क्रोधजन्य आवेगमा म चुपचाप बाइक लिएर वर्कसपबाट निस्किएँछु ।

सञ्चालक भाइले गेटमा रोक्दै भने, "त्यस्तो होइन नि हो दाजु...! तपाईँलाई मैले राम्ररी चिनेको छु । तपाईँको अफिसबाट सेवा लिने क्रममा अन्य कर्मचारीबाट हैरानी खेप्दा तपाईँले मेरो काम फुकाइदिएर ठुलो गुन लगाउनुभएको थियो ।"

उनी मेरो मोटरसाइकलबाट चाबी झिकेर पहिलेजस्तै मुस्कुराए । उनले फेरि कुरो थपे, "त्यसैले आज म तपाईँको काम यो भिडभाडमा गराउँदिन । खाना खाएपछि हेडमिस्त्री आउँछ । केही समय लिन लगाएर भए पनि त्यही मिस्त्रीमार्फत गुणस्तरीय ढङ्गबाट बाइक सर्भिसिङ गराउने छु ।"

यो पटक पनि उनी पूर्ववत् हाँसे तर उनको हँसाइ रहस्यमय र कूटनीतिक लागेन । उनी घोप्टे जुँघा तह लगाउँदै निर्दोष र अबोध हाँसो हाँसिरहेका थिए ।

*विदुर ५, नुवाकोट ।*

# घैंटामा घाम लाग्यो

❖ जनार्दन अधिकारी

आकाश सुनव्यापारी । अथाह सम्पत्ति कमाएको । समाजसेवामा पनि दान दिएर गौरव कमाइरहेको व्यक्ति तर उसको सन्तान थिएन । बिहे गरेको ७ वर्ष भयो जमुना पनि सन्तान नजन्मेपछि चिन्तित थिइन् ।

के कारण र कस्कोबाट सन्तान नभएको सबै स्वास्थ चेक गर्दा आकाशको बाट नै सन्तान नभएको प्रमाणित हुन्छ । आकाश र जमुना सल्लाह गर्छन् र धर्मपुत्र पाल्ने निर्णयमा पुग्छन् ।

दुबै बालमन्दिर गए । संयोग बालमन्दिरका अध्यक्ष आकाशले पढाएको विद्यार्थी रेशम रहेछन् । सबै कुराकानी भयो । कागज गरी एक छोरा धर्मपुत्रको रूपमा लिएर आए । उनीहरूले त्यो छोरालाई हुर्काए, बढाए, पढाए, बिहे गरिदिए । बिहेपछि व्यापारको जिम्मा पनि सबै छोराबुहारीलाई नै सुम्पिए ।

आकाश र जमुनाले तीर्थव्रत घुमफिरमा समय बिताए । एक दिनको कुरा हो । जमुना अचानक पेट दुख्यो भनेर आत्तिइन् । आकाशले अस्पताल पुर्‍याए । सबै जाँच भएपछि थाहा भयो जमुनालाई पेटको क्यान्सर भएको रहेछ । अप्रेसन भयो, आन्द्रामा कृत्रिम पाइप राखेर दुई महिना बढी बाँचिन् । तेस्रो अवस्थाको क्यान्सरले अल्पआयुमा नै जमुनालाई यो संसारबाट खोसेर लग्यो ।

बुढ्यौलीमा श्रीमती नहुँदा त्यो व्यक्तिलाई कति समस्या पर्छ सायद आँसुको भाषा पढ्नसक्नेलाई भन्न नपर्ला । आकाश एक्लो हुँदै गयो । जमुना वितेको वर्ष दिन नबित्दै बुहारीले रोहितलाई भनी, ‘बाबा काम पनि गर्नुहुन्न, खानेबस्नेबाहेक केही छैन । उहाँलाई छोडेर हामी सँगै कतै घुम्न जान रात काट्न पनि नपाएको महिनौं भो, राम्रो वृद्धआश्रम छानेर राखिदिऊँ हुन्न र ?’ रोहितले सुरुमा त ‘के भनेको तिमीले ?’ भन्यो । तपाईँ बासँगै बस्ने भए मलाई डिभोर्स दिनू भन्न थाले पछि रोहितले पनि ‘लौ उसो भा हुन्छ’ भन्यो । भोलिपल्ट बिहानै रोहितले लिएर जाने निधो गर्‍यो ।

भोलिपल्ट बिहान छोराले गाडी स्टार्ट गर्दै बालाई हामी बजार जाने भनेर बोलायो । अघिल्लो दिन छोराबुहारीले कुरा गरेको बाले सबै सुनिरहेका थिए । आज कुनै कुरा केही नभनी आफैंले किनेको गाडीमा चढ्यो, आकाशलाई लिएर रोहित आश्रमतिर लाग्यो । जुन आश्रममा बालाई लिएर गएको थियो उही आकाशको विद्यार्थी बालमन्दिर छोडेर आफैंले आश्रम चलाएको रेशम नै रहेछ !

रोहिततिर फर्केर रेशमले ‘किन आउनुभएको’ भनेर सोध्यो । ‘बाबालाई आजबाट आश्रममा राखिदिनुपर्‍यो, कति सहयोग गर्नुपर्छ’ भनी सोध्यो । यो कुरा सुन्नासाथ रेशमले आकाशलाई भन्यो ‘हजुरले छोरालाई केही भन्नुभएको छैन ?’ भनेको छैन । आकाशको जवाफले दुःखी हुँदै भन्यो, ‘तपाईँले भन्नसक्नुभएनछ, भाग्यले यहाँ मैलाई भनिदे भनेर ल्याएको होला । ‘हेर रोहित ! तिमी यो बाको छोरा होइनौ । सन्तान

नभएर मेरो बालमन्दिरमा आउनुभएर तिमीलाई धर्मपुत्रको रूपमा लिएर जानुभएको थियो र आज आफ्नो छोरा नभए पनि छोरा नै बनाएर पाल्नुभयो जुन कुरा तिमीले म उहाँको छोरा होइन भन्ने आभाससम्म नि पाएनौ । मलाई पढाएको सरको यो अबस्था देख्दा मन कति रोएको छ तर तिम्रो मन...ढुङ्गाले बनेको रहेछ, बाको मायालाई महसुस नै गर्ननसक्ने हरे शिव ! के अनर्थ भयो ? मलाई कुनै सहयोग दिनुपर्दैन म पाल्छु सरलाई...!

रेशमको कुराले रोहित भुइँमा घोप्टो परेर रोयो, बाको खुट्टा ढोग्यो र भन्यो, 'बा ! मलाई माफ गरिदिनू । मबाट ठुलो अक्षम्य गल्ती भयो, क्षमा गर्नुहोस्, जाऊँ हजुरले बनाएको घरमा नै बस्ने ।' रोहितको मन कति अँध्यारो थियो, आज बल्ल एकै पटक बिहानी भएको र संसार उज्यालो देख्यो । रोहितको घैँटामा घाम लाग्यो ।

❑ कविता



❖ विन्दु अधिकारी ढकाल

## मगमग मनको

तिमी मेरो लालीगुराँस
मगमग मनको
शीतल शान्त यो तनको
मझेरी फुलेका छौ

 तिमी मेरो सयपत्री
 मगमग मनको
 सुनाखरी गोदावरी यो तनको
 शिरपाउ सजेका छौ

तिमी मेरो धरोहर
मगमग मनको
धर्तीआकाश यो तनको
अटल विश्वास बढेका छौ

 तिमी मेरो सपना-विपना
 मगमग मनको
 तृष्णा यो तनको
 चर्को तिर्खा चर्किएका छौ

तिमी मेरो बादल-वर्षा
मगमग मनको
हुरीबतास यो तनको
आशा भरोसा बनिदिएका छौ

 तिमी मेरो तेजहर्ष
 मगमग मनको
 उज्जर/उज्यालो यो तनको
 सप्तरङ्गी इन्द्रेणी घोलिएका छौ

तिमी मेरो जूनतारा
मगमग मनको
विश्वासमाला फूलको
यति विलम्ब किन हो !

# संकल्प



❖ महेशराज खरेल

"योसाले पनि अब यो परिवेशको नेता ! नै भएछ ।" उमेश मन मन नै फुसफुसाउँछ र विगततिर आफूलाई डुलाउन पुग्छ । भरखर प्रजातन्त्र आएको थियो । मानिसहरूका मन मनमा राजनीतिले छपक्कै छाएको थियो । देशका सबै नागरिक जनताभन्दा बढी राजनीतिक कार्यकर्ता भएको बोध हुन्थ्यो । हरेकले एउटा एउटा पार्टीको कछाड समाएका थिए । त्यहाँ समाउन नपाउनेहरू पुरातन प्रवृत्तिकै वरिपरि गोलबन्द भएका थिए । यस्तो थियो माहौल तटस्थ भनेको ढुङ्गामुडा, निर्जीव वस्तु, पदार्थ वा मानिसबाहेकका जीव मात्र बाँकी हुन् । त्यस वेला उमेश पनि खुब जोससाथ राजनीतिक माहौलहरूमा सहभागी हुन्थ्यो । नेताहरू बग्रेल्ती जन्मिएका थिए । उमेश आफू पनि यस्तै नेता हुनुपर्छ भनेर कल्पन्थ्यो । हुन पनि हो राजनीति र नेता वा नेतृत्वको विषयमा उमेश निकै जानकार त छँदै थियो, भाषणभूषण गर्न पनि सिपालु थियो ।

हो पनि, मानिसको योग्यता, क्षमता र इमान्दारिता देखिने बुझिने कुरा भनेको सार्वजनिक पदमा रहेकै वेला त हो ! रमेश यस्तो सोच्ने गर्थ्यो । त्यसो हुनाले नै ऊ राजनीति, नेता र नेतृत्वको विषयमा जमेर बहस गर्थ्यो । यसका विपरीत धारका मानिसलाई ऊ मुखतोड जबाफ दिन्थ्यो र भन्थ्यो, "बुझ्या छ नेताजस्तो त्यागी, सत्यवादी, समर्पित र दूरद्रष्टा वा स्वप्नद्रष्टा को हुन्छ ? के व्यापारी, ठेकेदार वा जागिरे, विचौलिया वा दलाल वा यसै फोगटिया जिब्रो फड्कार्नेहरू चैं त्यागी र समाजसेवी हुन्छन् त ! नेता नभए ?" रमेशको यस्तो तर्कमा एक दिन दिनेशले भन्यो, "हेर रमेश बाबु ! कुरा त ठिकै हो । नेता भनेका इतिहासनिर्माता हुन्, देशको कायापलट गर्ने अभियन्ता हुन्, आफैँलाई उत्सर्ग गरेर जनताका सपना साकार गर्ने स्वप्नद्रष्टा हुन् । म पनि मान्छु त्यो कुरा । त्यसैले त म पनि लागेँ नि ! तिमी भरखरका जोसिला युवा छौ । तिमीले जोससाथ राजनीतिमा लागेर समाज र देशको सेवा गर्नु त ठिकै छ । इमान्दारीपूर्वक राजनीति गरे त्यो समाजका निमित्त ठुलो योगदान नै हुन्छ भन्छु अझै पनि म । तर आजकालका नेताहरू आफ्ना स्वार्थका लागि ढाँट्न थालेका छन् । खोई कसरी सच्याएर लैजान सकिएला र ?"

दिनेशको कुरा सुनेर उमेश अवाक बन्छ । तैपनि ऊ सोच्छ 'दिनेश काका मभन्दा अघिल्लो पुस्ताका मानिस । गाउँघर, समाजमा समाजसेवी भनेर मानिएका चिनिएका व्यक्ति हुन् काका । कसैले आजसम्म उनलाई झुक्किएर पनि नराम्रो मानिस भनेको छैन । पहिले पहिले राजनीति प्रतिबन्धित कालमा समाजमा राजनीतिक गुरु भनेर पनि उनै चिनिएका जानिएका मानिस

हुन् । प्रजातन्त्र आएपछि च्याउझैँ उम्रिएका नेताहरूको समूह र सङ्ख्याले उनलाई र उनको योगदानलाई छपक्कै छोपिदिए । काका अब स्रोतामा मात्र सीमित हुनपुगेका छन् । यो समय र उमेरको विपरीत्वको कारण होला सायद ।' दिनेशका बारेमा यस्तो बुझाइ राख्दछ उमेश । फेरि मनमनै सोच्छ 'साँच्चै आजकाल यी काकालाई के भएको छ कुन्नि ? नकारात्मक कुरा भन्नथालेका छन् । पहिले पहिले राजनीति र नेताको बद्ख्वाइँ गरेको पिटिक्कै मन पराउँदैन थिए उनी । आजकाल आफैँ नकारात्मक कुरा गर्नथालेका छन् । सभा, जुलुस, प्रशिक्षणहरूमा पनि खासै देखिंदैनन् । आजको माहौलमा जताततै दिनेश काकाको उपस्थिति हुनुपर्ने । किन खिस्रिक्क परेका छन् काका ?'

उमेश सोच्न थाल्छ "काकाले किन यसो भने नेताका विषयमा ! किन नेताहरू ढाँट्छन् भने ? कहीँ उनको योगदानको कदर नगरिएर त होइन ? नत्र ता नेता हुनु भनेको ढाँट्नु, छल्नु होइन । बरु गाउँ, टोल, समाज र देशलाई प्रकाश पुर्‍याउनु हो । जुन प्रकाशको माध्यमले मानिसहरूले देख्न सकुन्, पर्गेल्न सकुन्, समाजमा कुन कुरा ठिक, कुन कुरा बेठिक छुट्याउन सकुन् र आफ्नो इमान्दारिता र सिधासादा वा सोझोपनलाई कसैले झुक्याउन नपाओस् भन्ने बुझ्न सकुन् ।

आफ्नो विवेकको प्रयोग व्यक्तिले आफ्नै मनले गरोस् भन्ने चेतनावाहक हो नेता । ढाँटेर कसरी नेता हुइन्छ र ! 'सत्यसित नलड्ने असत्यसित नझुक्ने' मूल मन्त्र मानेर मात्र समाजमा व्यक्तिले नेताको रूपमा पहिचान बनाउन सक्छन् । नेता हुने रहर भनेको सहरबजारमा जादुगरले जादु देखाएजस्तो, चटकेले चटक गरेजस्तो वा मदारीले बाँदर नचाएजस्तो हुँदैन । नेतृत्व गर्नुभनेको त सूर्यझैँ जाज्वल्यमान भएर प्रकाश छर्दै सबैका मन मनमा पुगेर न्यानो दिनु हो । हुनेखानेकहाँ मात्र होइन हुँदा खानेकहाँ पहिले पुग्नु हो । पारिला डाँडामा मात्र होइन जीवनका खोँच र खोल्साहरूमा पुग्न प्राथमिकता दिनु हो । नदेखिएका, छोपिएका जीवनहरूलाई खोतल्दै बाहिर निकाल्नु हो । समाजमा हेपिएका, थिचिएका, मिचिएका वा सामाजिक अपहेलनामा परेका मानवजीवनको उत्थान र विकास गर्दै उनीहरूको जीवनको सार्थकताबोध गराउनु हो ।

देशको स्रोत र साधनलाई प्रचुर उपयोग गरेर जनता र राष्ट्रको पक्षमा परिचालन गर्नु हो । समग्रमा सामान्य मानव जीवनभन्दा अलि भिन्न मानिसहरूको मुक्तिको निमित्त आफूलाई समर्पण गर्नु हो । यस्तो कार्यमा आवश्यक पर्दा आफ्नो जीवन उत्सर्ग गर्ने आँट र कौशलले मात्र सम्भव छ । त्यसैले इतिहास साक्षी छ मानवजीवनका यिनै प्रयत्नहरूका लागि संसारमा धेरै नेताहरूले आफूलाई उत्सर्ग गरेका छन् । नेपालकै सबालमा भन्नुपर्दा पनि सहिद लखन थापा हुँदै ९७ सालका वीर सहिदहरू दशरथ चन्द, धर्मभक्त माथेमा, शुक्रराज शास्त्री र गंगालाल श्रेष्ठहरूको उत्सर्ग र योगदान कसैले ढाँटेर वा छोपेर, ढाँटिने वा छोपिने हो र ! सुखानीको जङ्गलमा निरङ्कुश सरकारका जल्लादहरूले नृशंस हत्या गरेका कारण शहादत हुनपुगेका रामनाथ दाहाल, नेत्र घिमिरे, विरेन राजवंशी, कृष्ण कुइकेल र नारायण श्रेष्ठले यसै छातीमा

गोली थापेको हो र ! यस्तै रत्न वान्तवा र हरि नेपालले यसै रगत बगाएका हुन् र ! कप्तान यज्ञबहादुर थापा र भीमनारायणले जीवनको आहुति यसै दिएका हुन् र ! अरू कैयौँले देश र जनताको निमित्त आफूलाई उत्सर्ग गरेका छन् त्यो खेलबाड हो र ! किमार्थ होइन ।" उमेश आफैँभित्र तर्क गर्नपुग्छ ।

नेताको बारेमा सोच्दै जाँदा उमेश आफूले पढेको एउटा उद्धरण सम्झन्छ 'the light has gone out of our life and there is darkness everywere' नेताको विषयमा योभन्दा अर्को ठुलो परिभाषा चाहिन्छ भन्ने ठान्दैन उमेश । भारतीय स्वतन्त्र सङ्ग्रामका अगुवा अथवा भारतका राष्ट्रपिता महात्मा गान्धीको अन्त्यष्ठिसभालाई सम्बोधन गर्दै तत्कालीन प्रधानमन्त्री जवहारलाल नेहरूले भनेको उक्त भनाइ नेताको परिभाषा गर्न उमेशको लागि मानक बन्दछ । ऊ सोच्छ 'हो त !' जब प्रकाश जान्छ अनि चारैतिर अँध्यारो देखिन्छ । देखिनलाई उज्यालो चाहिन्छ जो प्रकाशमा निहित हुन्छ । नेता भनेका तिनै प्रकाश हुन् जो आफू जलेर वा मरेर अरूको जीवन सार्थक बनाउँछन् मैनबत्तीजस्तै ।

दिनेश काकाको कुराको सार के हो त ! मनको भित्री तहमा बसेकै हुन्छ उमेशको । राजनीतिक कार्यक्रमहरू दिन दुगुनाका दरले बढेकै हुन्छन् । विभिन्न राजनीतिक पार्टीहरूले आआफ्ना कार्यक्रम गरिरहेका हुन्छन् । एक दिन निकै ठुलो सभा हुन्छ काठमाडौँ खुलामञ्चमा । मानिसहरूको घुइँचो ठेलमठेल हुन्छ । उमेश अगाडि नै पुगेर अग्रस्थानमा बसेको हुन्छ । उसलाई लाग्छ पछाडि वा मध्यभाग कतै बसेर कुराको चुरो नबुझिन सक्छ । त्यसैले ऊ जहिल्यै अग्रभागमा पलेटी कसेर भुइँमा बस्ने गर्थ्यो । आज पनि उमेश अग्रभागमा बसेर भाषण सुन्दै हुन्छ । नेताले बोलेका शब्द, शब्दको भाव र अर्थ केलाउँछ र घत परेका वेला ताली बजाउँछ । उमेशले ताली बजाएपछि अरू सहभागीहरूको साथले सभास्थल तालीले गुञ्जायमान बन्छ ।

यसैक्षण एकजना नेताको भाषण सकिएपछि अर्को नेता बोल्नथाल्छन् । उनले बोल्ने क्रममा 'हामीलाई पछि जन्मिएको भनेर कम आँक्ने दुस्साहास नगरियोस् ! हामी बुलेटले प्रमाणित गरिदिने छौँ..... !' सभामा ताली बज्यो । उमेशले ताली बजाएन । उसलाई लाग्छ तत्कालीन राजनैतिक माहौल भनेको बुलेट शक्तिको माध्यमबाट श्रेष्ठता हासिल गर्ने नभएर जनताको जनमतको शक्तिबाट विश्वास प्राप्त गरेर श्रेष्ठता हासिल गर्दै सत्तामा पुगेर देश र जनताको सेवा गर्ने कुरा छ । उमेश सोच्छ "यी नेताले भन्न खोजेको चाहिँ ब्यालेट नै हुनुपर्छ । जिब्रो रड्किएर बुलेट हुन पुगेको हो, नत्र ता यो राजनीतिक अवस्थाभन्दा भिन्न कुरा हुन्छ बुलेटको सन्दर्भ ! ऊ आफैँमा आश्वस्त हुँदै घर फर्कन्छ ।

केही दिनपछि नेपाल टेलिभिजनको एउटा कार्यक्रमा तिनै नेता देखिन्छन् । त्यस कार्यक्रमका चर्चित पत्रकारले प्रश्न सोध्छन्, "तपाईँहरूले त बुलेट बिर्सिनु भएको छैन नि होइन ?" नेताको जबाफ आउँछ "होइन अबको सन्दर्भमा बुलेट होइन ब्यालेटको माध्यमबाट हामी आफूलाई जनताको सेवामा लगाउँछौँ ।" पत्रकार फेरि सोध्छन्, "अनि अस्ति खुला मञ्चको भाषण

चैं गलत हो तपाईंको ?" नेता जबाफ दिन्छन्, "मैले के भनेँ र !" पत्रकार "तपाईंले हामीलाई कम् नआँकियोस्, हामी के हौं बुलेटले सावित गरिदिन्छौं भन्नुभयो ।" नेता "कसले सुन्यो मैले त्यसो भनेको ?" पत्रकार "मैले सुनेँ । म पनि सभास्थलमा थिएँ ।" नेता "तपाईंकै कानले सुनेको हो ?" वार्ताको उद्देश्यविपरीततिर कुराले समय खाएको कारण पत्रकार त्यो प्रसङ्ग त्यहीँ छोडेर हाँस्दै प्रश्न घुमाउँछन्, "तपाईंहरूको भावी रणनीति के छ ?" नेता आफ्नो पार्टीको रणनीति बताउँछन् । कार्यक्रम सकिन्छ तर उमेशको मनमा अर्को झङ्कार छाउँछ । किन नेताले 'मैले बुलेट भनेकै छैन' भनेर लिँडेढिपी कसे ? म आफैं स्रोता छु । मैले आफैँले सुनेको छु, उनले बुलेट भनेकै हुन् तर सन्दर्भ बुलेट शब्द प्रयोग हुने थिएन । उनको जिब्रो रड्किएको बोध गरेको थिएँ मैले । मैले मात्र कहाँ हो र ! सारा स्रोताले सुनेका थिए, सायद उनीहरूले पनि यस्तै बोध गरे हुन् भन्ने लागेको थियो तर आज नेताले हाक्काहाक्की ढाँटे, बोलेकै छैन भनेर ढाँटे ! उनले 'मेरो आशय ब्यालेट हो बुलेट उच्चारण भएको भए म यहीँबाट सच्याउँछु' भनेको भए उनको उद्देश्य र यथार्थ मिल्ने थियो । स्रोताको मनमा विश्वास चुलिने थियो । यो एउटा झुट छोप्न १२ झुट बोल्नुपर्ने थिएन ।' जनताको मनमा विश्वास जन्माउन भए गरेका कामको कबुल वा आत्मस्वीकृति हुनुपर्छ । ढाँटेर त पलाउन खोजेको विश्वासको मुनो ओइलाउँछ ।

केही दिनपछि एउटा पत्रिकामा कुनै अमुक पार्टीको अमुक कार्यकर्ताले आइएनजिओहरूबाट रकम ल्याएर पार्टीलाई पोस्ने गरेको छ भन्ने समाचार प्रकाशित हुन्छ । अमुक एकजना वरिष्ठ नेताले त्यो समाचारको खण्डन गर्दै भने, "त्यस्तो नामको पार्टी सदस्य हाम्रो पर्टीमा छँदै छैन । यो मिथ्या आरोप हो ।" केही समयपछि तिनै व्यक्तिको दुर्घटनामा मृत्यु हुन्छ । तिनै पहिलेका वरिष्ठ नेताले भने, "हाम्रो होनहार कार्यकर्ताको मृत्युले हाम्रो पार्टीलाई अपूरणीय क्ष्यति पुग्नगएको छ ।"

उमेशले यी सब परिदृश्यमा आफैँलाई प्रश्न सोध्छ, 'के यही हो नेताको विश्वसनीयता !' फेरि अर्को घटना घट्छ 'देशका प्रधानमन्त्रीले महाकाली सन्धि होइन समझदारी मात्र हो' भनेर संसद्लाई ढाट्छन्, छल्छन् । सर्वोच्च अदालतले सन्धि हो भनेर निर्णय सुनाउँछ । उमेश तीन छक्क पर्छ । ऊ सोच्छ 'दिनेश काकाले यसै भनेका होइनन् कि क्या हो' भन्दै आफूले विश्वास गरेका एकजना नेतालाई भेट्नपुग्छ । यस्तो ढँटुवा पाराले देशले कसरी काँचुली फेर्छ र ? निष्ठा र विश्वासले मात्र परिवर्तनको नेतृत्व गर्नसक्छ भन्ने कुरा उमेशले राम्ररी बुझेको छ । नेताजीसित कुराको चुरो फुकाउन नपाउँदै एउटा प्रसङ्गमा नेता बोल्छन्, "नेपालजस्ता पछौटा समाजका मानिसहरूलाई छ महिना ढाँट् नसकियो भने पुग्यो । त्योभन्दा पछिसम्म त्यही कुरामा कुनै पनि जनताले सोचिरहँदैन किनकि उनीहरूलाई हातमुख जोर्न नै समय पुग्दैन ।"

आफूले महामानव मानेको नेताको वाँणीबाट निःसृत भएका शब्द शब्दले उमेशलाई पोल्न थाल्छ, जलन हुन्छ हृदयमा र नेताका विषयमा उसले पढेका वा जाने/बुझेमा कुरामा एकोहोरिन पुग्छ । ऊ सोच्नथाल्छ विश्वका केही नेताहरूको विषयमा । कार्लमार्क्सको विचारले संसार हल्लाइदियो । लेनिनको प्रयत्न, लगाव र

विश्वासले जारशाही सत्ता पल्टाइदियो । उनको साङ्गठनिक सिद्धान्त विश्वले पछ्यायो । चीनका नेता माओले भने 'जनताको घरबाट सियोसमेत नलिनू ।' यही विश्वासले जनताको सहयोगमा चीनमा जनक्रान्ति सम्पन्न भयो र जनवाद आयो । के यी ढाँटिएका कुरा हुन् र !

कैयौँ पटक हारेर पनि फेरि प्रयत्न गरेर अमेरिकाको राष्ट्रपति चुनिन सफल भए अब्राहम लिङ्कन । उनले यसै भनेका हुन् त ' Government of the people, by the people, for the people' जनताको, जनताबाट, जनताका लागि भन्ने शब्दको सार र गहन अर्थले बोलेको राजनीति छलछाम हो र ! उक्त भनाइले संसार जितेन र !' जितेको बोध गर्छ उमेश । ऊ फेरि सोच्छ 'उनै अब्राहम लिङ्कनले दासप्रथाको अन्त्य गराएका थिए । यसकै कारण उनलाई दासप्रथापक्षधर जोन विल्क्स बुथले गोली हानी हत्य गर्‍यो । भारतका महात्मा गान्धीले सबै कुरा त्यागे । पद र सत्तास्वार्थले स्वतन्त्रताका लागि गरेको योगदान नष्ट हुने उनले बुझेँ । भारत र पाकिस्तान दुबैको योगदानको मूल्य खोज्ने महान नेतालाई हिन्दु अतिवादी नाथुराम गोड्सेले गोली हानेर हत्या गर्‍यो । अब्राहम लिङ्कन र महात्मा गान्धीको केही फरक परिवेश भए पनि स्वाधीनता र परिवर्तन नरुचाउने रुढिग्रस्त मानसिकताका मानिसले हत्या गरे दुबैको । यी दुबै घटना प्रजातन्त्र र स्वतन्त्रताका अनुयायीहरूका लागि सदा बिझाउने दुःखद घटना बनेर इतिहासमा उभिएका छन् ।'

उमेश सोच्दै जान्छ । उसका मनमा अटेका नेताको विषयमा । सुभाषचन्द्र बोस आज पनि नेताजीको नामले सम्मानित छन् । "तुम मुझे खुन दो मैं तुम्हे आजादी दुंगा" भनेका थिए उनले । कत्रो साहस, प्रतिबद्धता र विश्वास थियो उनमा ! उनको यही प्रतिबद्धताका लागि नरा अर्या नामकी सुरक्षाकर्मीले आफ्नै श्रीमान्‌माथि गोली हानिन् । नेताजीको रक्षाका निमित्त ब्रिटिस शासकको अमानवीय यातना सहिन्, भोगिन् । लालबहादुर शास्त्रीले आफू प्रधानमन्त्री भएका वेला धेरै महत्त्वपूर्ण कार्य गरेका थिए । तीमध्ये एक भारतमा किसानको पक्षमा हरित क्रान्तिको नामले जानिन्छ आज पनि । त्यो सानो काम थिएन । उनले प्रधानमन्त्रीको रूपमा प्राप्त सुविधा आफ्नो निजी काममा कहिल्यै प्रयोग गरेनन् । अझ त्यसभन्दा धेरै पहिलेका निष्ठावान् कुटनितिज्ञ चाणक्यले राज्यको काममा बलिरहेको (दीप) दियो आफ्नो निजी काम परेको वेलामा निभाउने गर्थे रे !' भन्ने कुरा कतै पढेको सुनेको सम्झिन्छ उमेश ।

ऊ नेपालका बोरमा पनि सोच्न थाल्छ । "नेपालकै नेता विपी, पुष्पलाल, मनमोहन र मदन भण्डारी के ढाँटेर नेता भएका हुन् त ! जसको जीवनमा एक एक पदचापको मूल्य हुन्छ हरेक पाइलामा मृत्यु कुल्चिएर जीवन जिएका हुन्छन् त्यसले ढाँट्छ ? ढाँट्दैन । एउटा कालखण्डमा दन्त्यकथाका राजकुमार भनिएका सिपी मैनालीको नेतृत्वमा नक्खुजेल यसै फोरिएको हो र ? मृत्युले पछ्याएको थिएन र ! मृत्यु जितेर वा मृत्युलाई कुल्चिएर हिँडेको शक्ति हो सिपी मैनालीको नेतृत्वमा जेलब्रेक गर्ने १५ जना योद्धाको समूह । गणेशमान सिंहले राणा शासनको मृत्यु कुल्चिएर हिँडेका

हुन् । कृष्णप्रसाद भट्टराईले लामो कारावास बसेर प्रजातन्त्र जितेका हुन् । केपी शर्मा ओली, मोहनचन्द्र अधिकारी, राधाकृष्ण मैनालीलगायतले सहेको जेलको गोलघरको यातना कम हो र ! उमेश सोच्दै जान्छ 'परिआए जसले आफ्नो जीवन नै देश र जनताको निमित्त उत्सर्ग गर्ने आँट र उद्देश्य बोक्छ त्यसले ढाँटेर के गर्छ ? यो ढाँटेर राजनीति गर्ने कुरा जनता र देशलाई भुक्याउने कुरा हो, केवल आफ्नो निजी स्वार्थले प्रेरित मानिसले मात्र त्यसो गर्न सक्छ, गर्छ ।'

स्वार्थले कुनै पनि मानेमा देशविकासको काँचुली फेर्नसक्दैन, कायापलट गर्ने कुरा त दिवासपना मात्र हो । हो, देशको समृद्धिको नाममा आफ्नो र आफ्ना परिवारको हित गर्ने साजिस हो तर त्यो दीर्घकालीन हुनसक्दैन । त्यस्तो अपराधजन्य कार्यको तुष इतिहासले निचोरेर थोपा थोपा बाहिर निकाल्ने छ । उमेश नेताका ढाँट्ने कुराले मुर्मुरिँदै घर फर्किन्छ । ऊ पुनः सोच्न थाल्छ 'देङ सियाओ पिङले तत्कालीन चिनियाँ सत्ताको मत र सोचको विपक्षमा आफ्नो मत स्थापित गरेरै छाडे । कति दमन सहनुपर्‍यो उनले । एउटा मानिसको दृढइच्छा, सोच र अडानले कत्रो ठुलो उपलब्धि हुन्छ । यो एक दृष्टान्त हो । 'बिरालो कालो होस् कि सेतो' मुख्य कुरा त्यसले मुसा मार्छ कि मार्दैन भन्ने हो । उनको दर्शन आजको चीनको आर्थिक सफलता, देङको विचार चेतनाको वाहक बनेर समृद्धिको यात्रामा छ ।' बेलायतका प्रधानमन्त्री विन्स्टन चर्चिलले आफ्नो ठाउँमा ड्राइभरलाई बोल्न दिए । कसो भेद नखुलेको तथापि त्यो ढँटाइमा मानिसको योग्यता परीक्षणको कुरा थियो । स्वार्थको कुनै गन्ध थिएन । उमेश आफूले जानेबुझेसम्मका राजनेताका विषयमा यसरी सोच्दै जान्छ ।

समय यस्तो कुरा हो । समयसितै बग्नुपर्छ प्रायः सबै मानिसहरूले । थोरै मानिस मात्र हुन्छन् जसले समयलाई आफ्नो सोचको लिकमा हिँडाउँछन् । धेरै त समयको लिकमा कुद्ने हुन् । उमेश समयको लिकमा कुद्न सक्दैन । माहौल यस्तो बन्छ देशको । ठुला ठुला क्रान्तिचेत भएका वा क्रान्ति गरेर आएका मानिसहरूका दिनमा पचास प्रकारका कुरा आउँछन् । पचासैचोटि ढाँटेको देखेर उमेश अवाक बन्छ ! ऊ मनमनै मुर्मुरिन्छ र सुरिन्छ, त्यसको विरोध गर्छ, विद्रोह गर्ने सोच्छ मनैमन । ऊ भन्छ "म विप्लव जन्माउँछु विद्रोहको । सारा बेथितिविरुद्ध उभिन्छु चेतनाले ।"

कैयौँचोटि उसले विद्रोह गर्न प्रयत्न गरेको पनि हो तर सफल भएन । चैत्रमासे खडेरीमा बालुवामा पानी हालेसरह भयो उसको प्रयत्न । ऊ निराश भएन आफ्नो अभियानमा । यही दौरान ऊ दिनेश काकालाई सहकार्य गर्ने उद्देश्यले भेट्न जान्छ । दिनेश काका बिमारी परेर ओछ्यान परेको भेट्छ । रकमअभावमा दिनेश काकाको उपचार हुननसकेको बुझ्छ । मनमनै सोच्छ 'नेता र नेताका परिवार वा आफन्तलाई रुघा लाग्दा राज्यकोषको दोहन गरेर विदेशमा उपचार गराएका कैयौँ घटना सम्झन्छ ऊ । अनि फेरि सम्झन्छ हिजो यिनै दिनेश काका आफ्नो हुँदाखाँदाको जागिर छोडेर राजनीतिक सम्वाहक बन्नपुगे । समाज र राजनीतिक पार्टीलाई उनको जरुरत थियो । आज उनी अपहेलना र अभावको रस पिएर जिइरहेका

छन् । त्यसो नगरेको भए पनि त आज कम्तीमा उनीसित निवृत्तिभरण त हुने थियो । आफ्नै परिश्रमको पसिनाको सुगन्ध हुने थियो । आफूलाई उपचार गर्न कसैको निगाहाको जरुरत पर्ने थिएन । 'निगाहामा बाँच्नुभन्दा त बरु मर्नु बेस' भन्ने ठान्छ उमेश । आफूसित भएको केही रकम दिनेश काकालाई उपचारखर्च दिएर दिनेश काकाका लागि केही गर्ने अठोट बोकेर मुर्मुरिँदै घर फर्किन्छ । समय आफ्नै लयमा दौडिरहेको हुन्छ । अवसर यस्तो वस्तु हो जसलाई समाउन सक्यो भने हिजोको भुइँको मानिस आज शिखरयात्रामा लम्किरहेको हुन्छ । समयले दिएको अवसर नबुझ्ने, अवसरका लागि आफूलाई नबेच्ने, आफ्नो मूल्यमा अडिग रहने कतिपय मानिसहरू हिजोको ठाउँबाट तल झर्दै समाज र सत्ताको नजरमा खोल्सामा पुग्छन् !

यस्तै समय र अवसरलाई आफ्नो हितमा बुझ्ने केही मानिसहरूबारे सोच्छ उमेश । हिजोअस्तिको कुरा हो समाजमा, देशमा र राजनीतिमा कतै पनि खासै योगदान नभएका, नदेखिएका कतिपयहरू फट्याङ्ग्रो उफ्रिएझैँ उफ्रिएर माथि माथि पुगेका छन् । कतिपय त यति माथि पुगेका छन् कि तिनलाई हेर्दा पनि आफ्नो टोपी झर्छ । कतिपय रातभरि पिपलको पातझैँ यता र उता नाच्छन् । कोही छेपाराले रङ फेरेझैँ आफ्नो स्वार्थको लागि रङ फेर्छन् । तिनै मानिसको बोलवाला बढेको छ । तिनकै आदेशमा देश चलेको छ! उमेश पुनःसोच्छ ठिकै छ सधैँ यिनकै मात्र पालो कहाँ होला र ! समयको काँचुलीझैँ राजनीतिक चेतनाको काँचुली फेरिनुपर्छ, फेरिन्छ । तर उमेशले सोचेजस्तो सहज हुन्न परिवर्तन । एउटा मानवजीवनको समय परिधिको सीमाभित्र त्यो हुन असम्भव प्रायः हुन्छ । यो परिवर्तन भन्ने कुरा लामो फन्को मारेर मात्र सम्भव हुन्छ । उमेश देशमा बिगबिगी चलेको बेथितिबाट वाक्कदिक्क भएर परिवर्तनको अपेक्षा राख्दछ । परिणाम उनै मानिसहरू पदमा फेरि पनि बारम्बार पुनरावृत्त भइ नै रहन्छन् । केही केही मानिसका लागि अवसर नै अवसर बन्छ, अरू अधिकांशलाई मकाएको लहरो बन्छ अवसर ! जहाँ समायो त्यही चुँडिन्छ । अवसर पाएको मानिसले पदमा बस्दा के योगदान दिएको थियो र ! यो अवसर पुनः पुनः दिएको हो, अर्थ खुल्दैन । योगदानको मूल्य त देश र जनताले व्यहोरिरहेको हुर्मतले साबिति बोलिरहेको छ । यो त सेटिङमा आफ्नो स्वार्थरक्षा गर्न राज्यको स्रोत र साधनको दोहन पो रहेछ ! उमेश बल्ल कुरा बुझ्छ ।

उमेशको एक दिन आफूले मन पराएको, अलि पहिले आफ्नै कार्यकर्ता रहेको तर अहिले उपियाँ फड्केजसरी अलि माथि पुगेको रमेशसित बाटामा अनायासै भेट हुन्छ । उमेश त्यस क्षण बग्रेल्ती समस्यामा परेको हुन्छ । त्यसमध्ये सरकारसित दिनेशको लागि औषधिउपचार सहयोग मागेको कुरा प्रमुख बन्छ । मानवजीवन यति महत्त्वपूर्ण छ कि त्यो गुमेपछि फेरि प्राप्त हुनसक्दैन । यसैले रमेश आफ्ना समस्या थाती राखेर दिनेश काकाको जीवन बचाउने ध्येयसाथ मन मिचेरै भए पनि सरकारसित सहयोगको आस गर्नपुग्छ । माग्ने पनि थिएन उसले । अन्यत्रै प्रयत्न गरेको थियो तर बिक्नसकेन उमेशको मूल्यवान् याचना ! अनि त आफ्नो परिस्थिति र दिनेश काकाको अवस्थाले माग्न उसलाई बाध्य बनाउन पुग्छ । त्यही बाध्यताले उमेश सरकार

सित हात फैलाउँछ । यो सब बुझेको रमेशले अन्तरयामीझैं भएर उमेशलाई भन्छ, "मैले कुरा बुझेको छु उमेशजी ! तपाईंका धेरै समस्याहरू छन् । दिनेश काकाको अवस्था मलाई पनि थाहा छ । सबै समस्या हल गर्न त सकिन्न तर पनि केही भने हल गर्न म प्रयत्न गरिरहेको छु" भनेर उमेशलाई अनुगृहित बनाउँछ । उमेश सोच्छ "पहिले पनि रमेश राम्रै थियो, अहिले पनि यसलाई देशको स्वार्थी हावाले छोएको रहेनछ कि क्या हो ! सबै राम्रा मानिसहरू कहाँ अवसरको माध्यमले स्वार्थको नालीमा डुबेका हुन्छन् र ! पद पाउन जे गरे पनि व्यवहारमा कति त रमेशजस्तै पनि त हुन्छन् नि !" उमेश आफैंमा विश्वस्त हुन्छ । केही दिनपछि फेरि रमेशसित भेट हुन्छ उमेशको । रमेश भन्छ, "ल उमेशजी ! तपाईंको काम भनिदिएको छु मैले, अब ढुक्क हुनुहोस् पक्का हुन्छ ।"

रमेशको यस भनाइले उमेशलाई खुसी बनाउँछ । ऊ सोच्छ 'प्रजातन्त्र, लोकतन्त्र मरेको छैन । यो नबुझेर मात्र हो । दिनेश काका अवश्य बाँच्ने छन् । म उपचार गरेर निको बनाउने छु । देशलाई चोखो मन भएको मानिसको कति जरुरी हुन्छ मैले राम्ररी बुझेको छु ।' उमेश विश्वासको माला उनेर प्रफुल्ल हुँदै काम हुने निकायमा पुग्छ । गएर त्यहाँको फाँटवालालाई सोध्छ । ए सर ! म उमेश शर्मा । दिनेश शर्माको फाइल सदर भएको छ रे । म निकासा लिन आएको ।" फाँटवाला जिल्ल पर्दै सोध्छ, "तपाईंको के विषयको फाइल थियो कुन्नि ?" उमेश ढुक्कले भन्छ, 'औषधि उपचारको ।' फाँटवाला भन्छ, 'त्यस्तो कुनै फाइल मकहाँ आइपुगेको छैन त !' फाँटवालाको जबाफले रन्थनिन्छ उमेश र हाकिमको कोठामा छिर्छ । सबै कुरा बेलिबिस्तार लगाउँछ । हाकिम छक्क पर्छ र भन्छ, "ए त्यो रमेशको कुरा ! त्यो नेता हुँ भन्छ । मन्त्रीको धाक लगाउँछ । समस्या चाहार्दै हिँड्छ अनि समस्यामा परेका मानिससित चियापानी र खर्च छिन्छ भन्ने यदाकदा सुनिन्छ । तपाईं पनि पर्नुभयो कि क्या हो ?"

हाकिमको कुराले झस्काउँछ उमेशलाई । ऊ सोच्छ 'हो त दुईपटक उसले खाजा खाएको थियो मसित पनि । अझ खर्च चाहिएको कुरा पनि भन्दै थियो । धन्न मसित नभएको वेला परेर हो ! नत्र ता नदिने कुरै हुँदैन थियो । आखिर सापटी त मागेको थियो नि उसले । धन्न जोगिएछु । नत्र ता आजकल कतिपय नेताको नामको जामा लगाएर हिँड्नेहरू सापटी लिएर नतिर्ने, माग्यो भने पछि दिउँला भन्ने, अलि जोड गर्‍यो भने रिसाउने, धम्क्याउने, शक्तिको रबाफ देखाउने गर्छन् रे ! भन्ने कतिपयले भनेको सम्झन्छ उमेश । रमेशको यस्तो तुच्छ सोच थाहा पाएपछि रिसले दारा किट्दै उमेश बरबराउँछ, 'यो साले पनि अब यो परिवेशको नेता ! नै भएछ ।'

उमेश मुठ्ठी उठाएर संकल्प गर्छ, "आज देशको यो दुर्दान्त परिवेश निर्माण गर्नेहरूलाई भत्काएर परिवर्तन गर्न जरुरी भएको छ । सके यहीँभित्रैबाट सुधार खोज्नुपर्छ । नसके प्रणाली परिवर्तन गर्न तयार हुनुपर्छ । अवसरको दाइँ खेलेर देशको स्रोत र साधनको एकलौटी दोहन गर्ने नेता नामका ऐजेरु एवम् ठगहरू र तिनको चाकरी गरेर आफ्नो स्वार्थसिद्धि गर्ने छेपाराहरूलाई समूल नष्ट गर्न अब साँच्चै निष्ठापूर्ण आन्दोलन जरुरी भएको छ ।"

*कोटेश्वर, काठमाडौं ।*



❖ प्रा. डा. कृष्णप्रसाद घिमिरे

# मेरो नेपाल

नेपालको गरिमा छ
नेपालको छाया।
यो देशले दियो मलाई
स्वदेशको माया ॥१ ॥

मिठो लाग्छ हिमाली जल
सञ्जीवनी हावा।
लाग्छ राम्रो हिमाल देख्दा
तराई डुल्ने छावा ॥२ ॥

शिरमा मुकुट हिमालको
चुरे कमर पेटी।
सम्म मैदान तराईलाई
मन रमाउँछ भेटी ॥३ ॥

महाभारत शृङ्खला छन्
मगमग बास्ना छर्ने।
पहेँलपुर धानका खेत
सबैको मन हर्ने ॥४॥

मेरो नेपाल मेरो हिमाल
मेरो स्वर्ग धर्ती।
रमाउँछन् बहुलजाति
यही देशमा बसी ॥५ ॥

*नेपालगन्ज, बाँके।*



❖ विश्व सिग्देल

**१**

## म २१ औं शताब्दीको मान्छे

म हलुका बन्दै गइरहेछु
सर्वसुलभ, सस्तो र टिकाउ बन्दै गइरहेछु
म दिमागभरि माइक्रो प्लास्टिक
डिम्बाशय र शुक्रकीटमा प्लास्टिक नै बोकेर
म मान्छे कम
बढी प्लास्टिक बन्दै गइरहेछु।

**२**

## झिल्को

तिम्रो विराट अन्धकारको साम्राज्यमाथि
ढुङ्गा बर्साउने म जूनकीरी थिएँ
तिम्रो अहङ्कारको तारो बन्यो मेरो टाउको
तर पुच्छर - एक झिल्को
र युगान्तकारी विस्फोट भयो।

'अविच्छिन्न प्रकाशित भइरहेको
साहित्यिक पत्रिका
**शब्द-संयोजन**
मासिक' पढनुहोस्।

# इतिहासको सेपबाट

❖ माधव काफ्ले

इतिहास भन्नासाथ जहिले पनि कवि हरिभक्त कटुवालले लेखेका यी पङ्क्तिहरू मेरो मानसिकतामा छिर्दै ह्वारह्वार्ती आगो सल्काउन थाल्छन् र त्यसको पिरो धुवाँमा पिल्सिएर निसास्सिँदै म अक्षर केलाएर कविता तुन्न पुग्छु।

*उनी लेख्छन्-*
*बा स्कुल जान्न म आज*
*इतिहास पढाइन्छ त्यहाँ*
*मरेका दिनहरूको !*

लाइन गडबडी भए पनि यति चाहिँ उनले लेखेकै हुन् । आज म उनको यही मौलिक रचनाको काँचोधागोमा झुण्डिएर मच्चिन खोज्दै छु। कुनै समय म कवि ईश्वर पोखरेलको सानिध्यमा अडेस लागेर केही सिक्न खोज्दै थिएँ। उनी मेधावी प्रतिभा देखाएर साहित्यमा स्थापित हुनथालिसकेका थिए । साधनाको सन्दर्भमा मन परेका रचना लाइन, अनुच्छेद मात्र हैन पूरा किताब नै चिर्लिप्प खार्न पुग्थे। उनले आमाको सपना, विजय मल्लका कविता, घुम्ने मेचमाथि अन्धो मान्छे, 'यो जिन्दगी खै के जिन्दगी'जस्ता कविताका उल्लेख्य सङ्ग्रहहरू मेरै रोहवरमा चपाएर पचाएका हुन् । माथि उधृत गरिएको कविता पनि 'यो जिन्दगी खै के जिन्दगी'भित्रको एउटा कविता हो। उनले त पूरा किताब नै खारेका थिए। मलाई यी हरफहरूले घतलाग्दो पारामा छोएका हुनाले उनको सिको गरी यति चाहिँ याद गरेँ। त्यहाँभन्दा पर चाहिँ पुग्नै सकिनँ। त्यो मेरो बुताको कुरा पनि थिएन।

इतिहासकै विद्यार्थी भएको नाताले होइन ऐच्छिक विषयअन्तर्गत पढेको हुनाले म प्रायशः इतिहास पढ्ने गर्दछु र मलाई नजानिँदो पारामा यस विषयले कुत्कुती लगाउँदै रुचि पनि बढाउँदै आएको छ। घटना प्रवाहका ती दारुण दिनहरू जसले सीमा बिस्तारका लागि निरीहहरूको चरु हालेर सिमाना बढोत्तरीको महायज्ञ समापन गर्दै आएका थिए, तीसँग गाँसिएका विशेषतः आदिम कालदेखि नै सत्तालिप्साको कारण कति शासकहरूले कति पाशविक किसिमले निर्दोष नागरिकहरूको शिरोच्छेदन गर्दै उनीहरूको आलो रगतले आचमनी गरी शक्ति सञ्चयन गरेका घटना पढ्न थालेपछि भने भाउन्न भएर आउने गर्दछ । म भक्कानिँदै अतीतलाई धिक्कार्न थाल्दा टुटुल्को उठ्ने गरी कवि कटुवालमा ठोकिन पुग्छु। जिउ एकतमासले झन्झनाउन थाल्छ।

इतिहास भन्नासाथ जहिले पनि मेरो मानसिकतामा विकारको घुन पसेर भुन्भुनाउन थाल्छ। मनस्थितिमा पीडा र प्रश्नको भर्भराउँदो ज्वाला ह्वाह्र्वार्ती पुत्पुताउन थाल्छ र त्यसको पिरो खारले मन परक्क बटार्दै पाछ्न थालेपछि नेपथ्यमा गएर उल्टी गर्न थाल्छु । यथार्थको सञ्जीवनी मचक मचक कुल्चेर घात, प्रतिघात

र द्वन्द्वको महाप्रेत जगाउँदै पाखण्डी दरबारिया रत्यौलीको नाङ्गो दस्ताबेज नै इतिहास बन्दै आएको ऐँठन मनमा टुसाउन थालेपछि जे देख्छु म अन्धकार नै देख्छु, जे सुँघ्छु दुर्गन्ध बसाउने विषय मात्र फेला पार्छु र जे पढ्न थाल्छु दिङमिङ लाग्ने प्रसङ्गमा मात्र ठोकिन पुग्छु । नैतिक र भौतिक आयतनको रामनामी ओढेर लिपिबद्ध हुँदै आएको कीर्ते कथनमा सच्चाइको सतबीज केही मात्रामा हुने भए पनि पत्याउन मन लाग्दैन । चरित्रवान् बन्ने आडम्बरको आडमा क्रूरतापूर्वक हसुर्दै गएका निर्दोषका आलो रगतले पुष्ट भएका आकृति इतिहास कसरी हुनसक्छ भन्ने चासो धुन्धुकारीको लिङ्गो भएर मेरो अगाडि ठिङ्ङ उभिन आएपुग्छ ।

मरेका दिनहरू भन्ने पदावलीले मेरो संचेतनालाई नराम्रोसँग निचर्छ । कहिले कोपर्छ, कहिले चिथर्छ, कहिले च्यात्छ, कहिले चुस्छ र कहिले मनमा मौलाउँदै जानथालेका जिज्ञासाका कलिला मुनालाई ठनक्क भाँच्तै माडीमैदान गरिहाल्छ अनि अनयास एउटा यक्ष प्रश्न ठिङ्ग उभ्रिएर मनलाई हल्लाउँदै सोध्न थाल्छ, “के मरेका दिनहरू तापेर पुर्खाहरूले रचेका बहादुरीका सेपमुनि उम्रन पुगेका इतिहासका सेप्जिला सनाखत हौँ त हामी ?”

म वैराग्य, व्याधीको विगुत मानसिकतामा दलेर निर्मिमेष उसका तामसी संचेतनामा लट्पटिएर बौरिन खोज्छु । इतिहास जिउँदो अभिलेख बनेर स्मृतिमा छिर्न खोज्छ । ऊ मरेका दिनहरूलाई किनारामा साक्षी राखेर फिराद गर्न थाल्छ अनि तपसिलमा भुण्डिन पुगेको मानसिकता जिज्ञासाको ढोका उघारेर इतिहास उत्खनन गर्नपुग्छु । त्यसको जीवाष्मलाई पोटासियम आर्गनको आरनमा अर्जापेर हेर्दा आँखावरिपरि धेरै बर्बर र नरभक्षी कार्य शृङ्खलाका आला तस्बिरहरू अगाडि लमतन्न तेर्सिन आइपुग्छन, त्यसले इतिहासलाई मृत महत्वाकाङ्क्षाको आलो मूर्च्छनामा बेरेर मलाई हर्काउन थाल्छ अनि म नेपालभित्र लुसुक्क छिर्न पुग्छु । नेपालको नामाकरणको बारेमा प्रामाणिक अभिलेख तापेर त्यसको बृहत् शोधलाई साक्षी राखी म यसको साँध, सिमाना सुँघ्दै बौरिन खोज्छु ।

वंशावलीमा उल्लेख फितलो नामको फतलफाँडो बृतान्तबाहेक कुनै सजीव इतिहास भेट्टिन आफ्नो । कुन पुर्खा कहाँबाट कहाँ छिरे र ऊर्वर भूगोलको मनमोहक फाँटमा आक्रान्त हुँदै अनधिकृत रूपमा तेजहीन वीर्य छिराए ! त्यसैको प्रतिफलभन्दा बेसी दरो अभिलेख कतै साँच्न सकेको छैन । भन्न त यक्ष मल्लको पालामा नेपालको सिमाना दक्षिण भारतसम्म फैलिएको कुरा नेपथ्यले गर्दै आएको छ । म त्यहाँ पुग्नै सक्तिनँ । विभेदका भास र भड्खालाहरू छिचल्न नसकी यथास्थितिमै गुँडुल्किन पुग्छु । मेरा भर्चुअल संचेतना कोरा कल्पनाको गरौँ भार थेग्न नसकी लुत्रुक्क पर्दै जान्छन् । विभिन्न जाल, झेल र छलकपटका माखे साङ्लामा सुर्कनी पर्दै गएका दरिद्र घटनाका म्यादी प्रवाहहरूले गन्तव्यमा भाँजी हालेर मलाई पछार्न खोज्छन् । भूगोल नापेर गौरव गर्ने चेतना अन्तस्चेतनामा कतै नभेटेपछि नेपाल एकीकरणको प्रचण्ड प्रकाशमा टेकेर, टक्टक्याएर आफ्ना निर्दोष जिज्ञासा सेकाउँदै

जाँदा अतीत स्मृतिमा डिलिट हुँदै जान्छ र वर्तमान भर्भराउँदो भएर अगाडि उभिन आइपुग्छ ।

शासन, शक्तिलाई लम्याउने र खुम्च्याउने काम जहिले पनि निर्दोष मानिसको गर्धन छिनालेर गरिने रहेछ ! त्यी तामसी खेलले मलाई खियार्दै जान्छन् । निरपराध नागरिकहरूको घाँटी नथिची कुनै पनि शासक सिंहाशनारुढ हुननसक्ने यथार्थ छापाभरि बग्रेल्ती देखा पर्दै आएका छन् । केही मैले पनि जनआन्दोलनताका देखे, भोगेकै हुँ । सत्ताको गोरेटोमा सन्त, महन्तभन्दा पनि पैशाचिक आचारण उरालेर हिँड्ने सेसन्तरहरूकै हालीमुहाली चल्दै आएको यथार्थ लुकेको पनि देखिँदैन । जो जो आउँछन् बाख्राको छाला ओढेर कनफट्टा नै आउने रहेछन् ! सीमापारिका रैथाने पिसाचहरू यहाँको तरल अवस्था सुँघ्दै धोती, लोहोटा र गम्छा भिरी नेपाल छिर्छन् र लिगलिगकोटमा लुत्त छिरेर पगरी हत्याउन पुगेका प्रसङ्ग पढ्नासाथ आङ अत्यासले सिरिङ्ङ गरेर आउँछ अनि अलख जगाइन्छ एकीकरणको, राष्ट्रप्रेमको, राष्ट्रियताको ! अनि सत्ताका पार्श्वछायाँमा उभिएर हालिमुहाली गर्दै आएका चाटुकारहरू देशभक्तिको दुन्दुभि फुक्नथाल्छन् ।

सत्ताको सिँयालमा लेपिँदै ढाडिएर हसुर्दै आएका टाठाबाठाहरूले शाब्दिक सरका प्रक्षेपणहरूले जगाउँदै आएका केही जडवत् कीर्ते अभिलेखले नेपथ्य तताउन खोज्छ । राज्यविस्तार गर्ने कार्यलाई केही चाटुकारहरूले एकीकरणको गरौं भारी बोकाएर घिसार्न थालेको अघोरी प्रश्न अन्तस्चेतनामा पसेर हुँडलिन थालेपछि मन खिम्रिक्क हुनथाल्छ । एकीकरण गर्ने पवित्र सोच र वैश्विक पृष्ठभूमि भएको निस्वार्थी प्रतिभावान मान्छे शाह खलकमै थिए तर उनको राष्ट्रप्रेमको पवित्र भावनालाई धुमिलधुसर पारी घुर्यानमा फ्याँक्तै उनको जरोकिलोसमेत उखेलेर फ्याँक्ने पुरुषार्थ शासकहरूले गरेको देख्ता इतिहास भन्यो कि दिङमिङ लागेर आउने गर्छ ।

तिनै महानायकले खाई, नखाई नेपालको सिमाना सतलजसम्म पुर्‍याएर नेपालको शाख राखेका छन् । उनको चर्चा कोही गर्दैनन् । निम्सरालाई नाङ्गेभार पारेर चुस्ने नटुवाहरूको आरती उतारेर जयगान गाउने आसुरी लिखत इतिहास बनेको छ ! कुनै कालखण्डमा पनि शासकले उत्प्रेरक कार्यशृङ्खला देखाएर सुकिलो इतिहास कोर्ने प्रयत्नसमेत कतै गरेझैँ लाग्दैन । कसैले सम्पत्तिवृद्धिका निम्ति साँध सारे, कसैले जेथो जोडे, कसैले अलि साहस देखाएर सुविधा र सम्पन्नताका लागि राज्यविस्तार गरे । चन्द्रागिरिबाट उपत्यका हेर्दा लोभिएको र त्यो भूगोल हत्याउन पाए आफू सम्पन्न हुने तिर्सना देखाएर धोती फेर्ने तम्सिनेहरू पनि देखिए । डकैत शैलीमा सुतेको वेलामा निर्दोषको घाँटी छप्क्याउँदै पगरी पनि गुते । आफ्नै मीतबाउको आकाङ्क्षा मुण्डन गरी अधिपति पनि भए । यी सबै कार्यशृङ्खला एकीकरणका उपोद्यात नभएर विश्वासघातका पर्याय लाग्दछन् । त्यसलाई पनि बहादुरीको मेखला ओढाएर अभिवादन गरिँदै इतिहास बनाइन्छ अनि केही चाटुकारहरू एकीकरणको

गुँड्गो भारी जबर्जस्ती गोर्खालीलाई भिराउँदै इतिहासलाई थिल्थिल्याउन पुग्छन् अनि सुरु हुनथाल्छ सुख, सयल र वैभवका निमित्त मारकाटको इतिहास।

भण्डारखालको कोलाजमा षडयन्त्रका अमूर्त चित्र कोर्नुअघि कोतको जामा भिर्दै धेरै चाण्डाल चण्डमुण्डहरूले निर्दोषको आलो रगतले सत्ता, सिमाना लिपी साँध, आली लगाएका छन् । किल्ला, काङ्गडा पुगी किलाठुटा गाडेका छन् । घारी, घुऱ्यान बेरबार गरेका छन् । देवरले भाउजूलाई उनका दुर्मुख कर्म मसाङ्ग्रिने गरी थन्क्याउने र भाउजू स्वतन्त्र भएपछि मैमत्त भएर गर्जिँदै गरेका क्रूरतम कार्यको इतिवृत्त बदरीनाथ भट्टराईको मीमांशा पढेपछि अत्यासले आङ सिरिङ्ङ कसको नहोला ?

एउटी विधवा नारी शक्तिशाली बन्नासाथ शिशुपुत्रको नायवी सम्हाल्दै फणा उठाएर एकीकरणका महानायकलाई जेलको कालकोठरीमा कोची अन्त्यमा उनले देखाएको राट्रवादको अखण्डज्योतिको तेजोमय प्रकाशलाई निमिट्यान्नै पारी पासविक किसिमले भष्मीभूत हुनेगरी डसेर गुरुदक्षिणा तिर्ने जुन कुत्सित काम गरेकी छन् त्यसले पनि इतिहासको सौन्दर्यलाई हिलाम्य पार्दै लगेको देखिन्छ । त्यसैको लिगेसीमा चढेर प्रचण्ड, प्रतापी भूपतिका असली वारिसहरूका उत्तराधिकारीलाई पिर, पैगम्बर नै ठानी केही थान मानिसहरू सडकमा ओर्लेर तलुवा चाट्न थाल्छन्।

शासक कति संवेदनशील र कति घातक बनेर बर्बराएका छन् ती सबै कुरा चाटुकारहरूले लेखेको फिरादमा पनि देख्न सकिन्छ, जसलाई हामीले इतिहास मानेका छौँ। बैसठ्ठी हरण किन र केलाई गरेर देशलाई भड्खालातिर कसले धकेलेको हो त्यो भन्नुपरोइन। नेपाल एकीकरणका महानायकहरू भोकभोकै युद्धमोर्चामा तैनाथ हुँदा सत्तासीनहरू कलकत्तादेखिका नगरबधुलाई सोहोरेर वसन्तपुरको पटाङ्गिनीमा रत्यौली खेल्ने अरू कोही नभएर प्रचण्ड प्रतापी भूपति एन्ड खलकहरू नै थिए । युद्धमोर्चामा तैनाथ सेनापतिहरू मासिक दरमाह तिससम्म पाउँथे । त्यो पनि उधारो । राज्यढुकुटीमा मौज्दात रकम नभएको भनी युद्धप्रभावित क्षेत्रका नागरिकहरूबाट कुत असुली तलब भुक्तान गरिन्थ्यो अनि तिनै शासक ती नचनियाँ मण्डलीहरूका प्रतिव्यक्तिलाई प्रति महिना रु.६००।- भुक्तान गर्नुलाई शाह वंशको उदार कार्य ठान्दै जान्छन्।

ऐना पुछेर अनुहार सुकिलो बनाउन खोज्ने विवेकहीन जत्थाबिच अहङ्कारको कल्की ढल्काएर परेड खेल्दै गइरहेका छौँ हामी । यो प्रसङ्गको ऐनामा शासक खलकहरूको राष्ट्रवादी भावनाको असली अनुहार छर्लङ्ग देख्नसक्छौँ । खुट्टा पुजेर गर्धन छाम्नेहरूको सुनौलो शासनको इतिहासमा बाँच्नुको पीडा कति त्राशद हुने गर्दछ यो त भुक्तभोगीहरूलाई जति अरू कसलाई थाहा होला र ? हाम्रो आफ्नै शौर्य र पराक्रमको सुवासित सुगन्ध अहङ्कार र आडम्बरको

पैशाचिक दासत्वमुनि चेपिएर निसास्सिन थालिरहेको छ । मनभरि कुण्ठा र बजारभरि बेइमानी फल्दो छ, फुल्दो छ। निम्सरा नागरिकहरू सिसिफसको मिथक तापेर घिस्रिरहेका छन् । तालुकदारहरू भने उन्नतिमा आँसा उमारेर विकास कोरल्न थाल्दै भाग्य विधाता बन्न खोज्दै छन् !

दरबारिया अहङ्कारको चापमुनि निसास्सिएर घिस्रिने रहेछ इतिहास। नागरिकस्वतन्त्रतामा मचक मचक कुल्चन नपाउने हो भने एकतन्त्रीय शासन निमेषभर पनि टिक्ने रहेनछ । निजी दाउपेचको लागि देशलाई भड्खालामा हालेर उग्राउन तम्सिने इतिहास ओढेर गन्तव्य खोज्नुको म कुनै तुक देख्तिनँ । देशलाई खाल थापेर समस्याग्रस्त नागरिकहरूलाई निचर्दै नाङ्गो नाच मञ्चन गरी हिँड्न किञ्चित लाज नमान्ने दरबार र त्यसका सुरदास अधिपतिहरू इतिहासका प्रणेता बनेको देखेपछि इतिहासप्रति मेरो धारणा ऐँठन परेर बटारिन थाल्छ। मेरो देश सुन्दर छ तर शासकहरूको नियत कुरूप देखिन्छ। त्यही कुरूपताको अभिजालोमा बेरिएर हिन्हिनाउनुलाई इतिहास मान्ने हो भने त्योभन्दा ठुलो अभिशाप अरू के नै पो होला र ? पूरा सङ्ग्रह पढेर ईश्वरजीले कति बुझे ? मैले केही थाहा पाइनँ। कवि कटुवालले लेखेका ती तीन लाइनमार्फत मैले बुझेको कुरा यत्ति हो।





❖ लीलाराज दाहाल

# घाउ

हेर्दाहेर्दै तपाईँ
उनकै पङ्क्तिमा लामबद्ध हुनुभएको छ
आफूलाई अझै अग्लो ठानिरहनु भएको छ !
उनीहरू तपाईँको वर्गमा आएका हुन् कि
तपाईँ उनीहरूको वर्गमा समाहित हुनुभएको हो ?
मुसुमुसु हाँस्दै
सामन्तको जडाउरी कोट पहिरेर
उभिनुभएको छ घाइते योद्धाको
चहर्‍याइरहेको घाउको पटाङ्गिनीमाथि !

द्वन्द्वकालमा
सुनौला सपनाका साथ
उज्यालो भविष्यको रूपरेखा कोर्न
तपाईँका साथसाथ युद्धमा निस्केका
परिवर्तनका संवाहकहरू
अचेल
शरीरभरि अपमानका छर्राहरू बोकेर
परिवर्तनका प्रसाद चाख्नै नपाई
कसरी गुमनाम भएका छन् !
कता बेखबर बाँचेका छन् !
थाहा छ त तपाईँलाई ?

तपाईँ भने
संसदीय गणितको
जोडघटाउमा व्यस्त हुनुहुन्छ
स्वार्थको बाकसभरि
षडयन्त्रका खित्रिडमित्रिङ बोकेर
कता लम्कँदै हुनुहुन्छ ?
सिंहदरबार ?

*बागमती ११, कर्मैया, सर्लाही।*

# हाम्रा सिप र कला गलामा मात्र !



❖ खेमराज निरौला

भनिन्छ, नेपाल कलैकलाको सुन्दर भूमि हो। यस भूमिलाई प्रकृतिप्रदत्त कलाका छटाले सदैव सजाइरहन्छन् र सजाइरहेका पनि छन् । यहाँका रमणीय हिमशृङ्खला, पर्वतका निधारमा फुल्ने रङ्गीबिरङ्गी फूलहरू, तिनैसँग मित लगाएर रमाउने ताल, सप्तरङ्गी इन्द्रेणी रच्दै पहाडका शिरबाट झर्ने मनमोहक झर्ना, कलकल बग्ने नदीहरूका तरङ्ग, लाखौं जडीबुटी र वनस्पतिले सजिएका वनजङ्गलहरू, घना वनलाई घन्काउने पन्छीका सुमधुर तान अनि शरद र वसन्तका शान हाम्रा प्राकृतिक कलाका रमणीय दृष्टान्तहरू हुन् । अनादिकालदेखि हाम्रो धर्तीलाई सजाउँदै र सिँगार्दै आएका यी कलाले आज पनि आफ्नोपनलई छोडेका छैनन् । हाम्रा पुर्खाहरूले आफ्ना कला र पुस्तकमा वर्णन गरेजस्तै छन् अहिले पनि यी दृश्यहरू । यस्तै यस्तै प्राकृतिक कलाहरूले हाम्रो देशलाई रमणीय र अझै सुन्दर बनाएका छन् ।

यो भूमिलाई प्राकृतिक कलाले जस्तै मानवनिर्मित कलाले पनि देश र विदेशलाई समेत सिँगार्ने काम गरेका थिए । यिनै कलाले हाम्रो देशलाई विदेशमा पुऱ्याउने र चिनाउने कामसमेत उहिल्यैदेखि गरिआएका थिए । हाम्रा पूर्वजहरूबाट निर्मित कलाहरू आजभोलि धेरैजसो भग्नावशेषका रूपमा मात्र देख्न पाइन्छ। कतिपय कलाका रूपहरू त पुस्तकका पानाहरूमा मात्र पढ्न पाइन्छन् । पुर्खाहरूका हृदयबाट निस्किएका अनगिन्ती कलाहरू उनीहरूकै कला र गलामा मात्र सीमित हुनपुगेका छन् तर हामीले तिनको महत्त्वलाई कहिल्यै पनि बुझेनौं र बुझ्ने प्रयास पनि गरेनौं । आफ्ना गौरवलाई बिर्सिएर परका रौरवमा रमायौं ! आफ्ना हिरालाई परका पिरासँग साट्यौं । यही कारणले गर्दा हाम्रो पौरख मात्र हराएन गौरव र शौरभका साथै पहिचान पनि हराउँदै गयो । हामी क्रमशः क्रमशः अस्तित्वविहीन हुँदै हुँदै गइरहेका छौं !

हामीले पुर्खाका सिपहरू सिकेनौं । ती अनमोल कलाका सिपहरू देखे पनि नदेखेजस्तो गऱ्यौं । भनेको सुने पनि नसुनेझैं गऱ्यौं । कतिले जानेर पनि छोड्यौं । कतिले नजानेरै छोड्यौं । अग्रजहरूले आफ्ना सिपका भण्डारहरू हामीलाई सुम्पिन चाहेका थिए तर हामीले लिन चाहेनौं । सिकेका केही सिपहरू पनि छोड्दै गयौं । छोड्दै गएकोमा कत्ति पनि पश्चाताप गरेनौं । बरू खुसी हुँदै अरूका सिपका पछि लागेर दौडिरह्यौं, दौडिरह्यौं । अझै पनि दौडिरहेकै छौं ! दौडिने मात्र पनि होइन नक्कल गर्दा नै पो ठुलो मान्छे भइन्छ कि, आधुनिक भइटोपलिन्छ कि भन्ने भ्रममा बाँचिरहेका छौं !

हामीले आफ्ना अनमोल कलालाई मात्र छोडेनौं आफूले आफैंलाई पनि छोड्यौं । हामी आफ्नाका होइन अरूका पछि लाग्यौं । आँखा चिम्लिएर तिनैका पछि कुदिरह्यौं । अझै पनि अन्धाधुन्ध कुदिरहेका छौं ! कता जाँदैछौं, हामी आफैंलाई थाहा छैन । हाम्रो आफ्नोपन त्यसै त्यसै त्यतै त्यतै बिलाएर जाँदैछ । हाम्रा पूर्वजहरूले अपूर्व साधना गरेर हामीलाई छोडेर गएका अनमोल कलाहरू हराएर जाँदै छन् तर हामीलाई अलिकति पनि चिन्ता छैन । चिन्ता छ त आफ्नै

मात्र चिन्ता छ अरू कसैको चिन्ता छैन । केहीको चिन्ता छैन । देशको चिन्ता त कता हो कता ! यो नितान्त स्वार्थी दौडले हामीलाई कता पुर्‍याउला भन्ने हेक्कासमेत अहिले हामीमा हुनछाडेको छ !

हामीमा परनिर्भरता दिनमा दुई गुना र रातमा चार गुनाले बढिरहेको छ । हाम्रो मनमस्तिष्क यतातिर कहिल्यै पनि गएन । अझै पनि जानेवाला छैन । हाम्रा पूर्वजहरू हामीभन्दा हजारौँ गुणा स्वावलम्बी थिए । यो कुरा उनीहरूले गरेका कर्मका मर्मका बारेमा पछाडि फर्किएर हेरे मात्र पनि सजिलैसँग थाहा पाउन सकिन्छ, धेरै परसम्म पुग्नै पर्दैन । हाम्रा आमाहरूले आर्जन गरेर प्रयोगमा ल्याएका सिपहरूलाई अबलम्बन गर्नसके मात्र पनि हामीले धेरै कुरा थाहा पाउन सक्छौँ । त्यो व्यवहारिक ज्ञानले युक्त पूर्ण जीवन कति अनुकरणीय रहेछ भन्ने जानकारी पाउनसक्छौँ ।

परापूर्वकालदेखि नै सिपमा नारीहरू धेरै अगाडि थिए भन्ने कुरा उनीहरूले गर्दै आएका कर्महरूबाट हामी सहजै आँकलन गर्नसक्छौँ । हाम्रा आमाहरूमा कति सिप थियो । हामीले त्यतातिर अलिकति ध्यान दिए मात्र पनि धेरै कुरा थाहा पाउँछौँ । हाम्रा आमाहरूले गाँसेका दुना, टपरी, बोहोतालाई राम्ररी अवलोकन गर्नजानेकै मात्र भए पनि हामीले उहाँहरूका अमूल्य सिपहरूको अवश्य कदर गर्थ्यौं होला । कम्तीमा आत्मनिर्भर हुने कला हाम्रा पूर्वजको कति अनुकरणीय रहेछ भन्ने थाहा पाउँथ्यौं होला ।

औपचारिक शिक्षाको अभावमै पनि नारीहरूले स्वस्फूर्त रूपमा निर्माण गरेका कलाहरूले उनीहरूमा कति ज्ञान र सिप थियो भन्ने कुराको सहजै अनुमान लगाउन सकिन्छ । टपरीमा खाएर त्यसलाई फ्याँक्न जति सजिलो हुन्छ नि ! स्वावलम्बनका साथ सिप लगाएर टपरी गाँस्न त्यति सजिलो हुँदैन । हिजोका कर्मशील नारीहरूले बजारबाट पात किनेर ल्याउँदैन थिए । आफैँ घना जङ्गलमा गएर दुनाटपरी गाँस्नमिल्ने सालका पात टिपेर ल्याउँथे । बाँस काटेर ल्याउने, चिर्ने, दुनाटपरी गाँस्न सिन्का बनाउँने काम पनि आफैँ गर्थे । कसैको भर पर्दैन थिए अनि आफूलाई चाहिएअनुसारका दुनाटपरी, बोहोता तयार पार्थे । कर्मअनुसारका दुनाटपरी गाँस्न जान्नै पर्थ्यो नारीले । देवकार्य र पितृकार्यका लागि छुट्टाछुट्टै टपरी गाँस्नुपर्थ्यो । बिट मारेका र बिट नमारेका टपरी पनि गाँस्नजान्नु चानचुने कुरा होइन । तर त्यो कलामूल्यको यथोचित मूल्याङ्कन हुनै सकेन वा मूल्याङ्कन गर्ने र अनुसरण गर्ने आवश्यकता बोध नै गरिएन ।

यी त उदहरण मात्रै हुन् । यस्ता कलाका सिपहरू त हाम्रा पूर्वजहरूमा कति थिए कति । ढिकी, जाँतो, कुटो, कोदालो, हलो, जुवा, राँबो, बसिला, खुकुरी, चकमक, कर्द, खुर्पा, हँसियाजस्ता औजारहरू हाम्रै पूर्वजहरूका मस्तिष्कका उपज होइनन् र ! तर हामीले हलोकोदालो बनाउनेहरूलाई मात्र होइन अनौ र कोदालाको बिँड समाउनेलाई समेत कहिल्यै सम्मान गर्न जानेनौँ । नगर्नेलाई सम्मान गर्‍यौँ तर गर्नेलाई भने मानसमेत गरेनौँ ! यही कारणले गर्दा हाम्रा बेँसी र बारीहरू बाँझै भए, बरु युवापलायन मौलाएर गएको छ ! अझै पनि हामीले हाम्रा मौलिक कलाहरूको संरक्षण नगर्ने हो भने हाम्रा कलाहरू गलामा र पुस्तकका पानाहरूमा मात्र सीमित रहने छन् । आफूलाई र आफ्नो संस्कृतिलाई बिर्सेर टाँगामा बाँधेको घाडाकोजस्तो अन्धनक्कलमा गरिने दौडले गन्तव्य छिचोल्न सकिँदैन र आफ्नो संस्कृतिको विनाश भइसकेपछि, हाम्रा पूर्वजले जोगाएका सिप र कलालाई भुसुक्कै बिर्सिएपछि हामीले भोलिको नयाँपुसतालाई हस्तान्तरण गर्ने कुरा चाहिँ के बाँकी रहलान् त ! वेलैमा ज्यादै गम्भीर हुनुपर्ने होइन र ?

*सल्लाघारी, भक्तपुर ।*



❖ डा. दामोदर पुडासैनी 'किशोर'

# झ्याल

**झ्याल-१**
एउटा हुलाकीलाई
पारदर्शी रेशमी पर्दा बनाउँन भित्र्याएथेँ
ऊ अहिले
घरि पर्दा घरि पर्खालको काम गर्छ ।

**झ्याल-२**
हामीलाई तिमीहरूले भोटबैङ्क बनायौ
तिम्रो झोला बोक्ने झोले पनि बनायौ
पोखरीमा जमेको लेदो चाट्न लगायौ
र पहाड थाम्न पत्थर बनायौ
तिमी भने हिँडिरह्यौ
हाम्रै पसिनाको पोखरीमा पौडँदै पौडँदै
म त कवि परेँ
तिम्रो शब्दमा शिरपोश
र तिम्रो व्यवहारमा पाउपोश
तिमीलाई चिनेपछि
मैले रूप धारण गरेको छु झ्यालको
मैले चाहे
तिमीलाई अन्धकारमा कोचिदिन सक्छु
या सक्छु, देखाइदिन औँसी र पुर्णेका सीमाहरू ।

**झ्याल-३**
तिमी र म भेटेपछि
लुकाउँन र देखाउँन हुने नहुने
ठेलीहरू उभिएका छन्

ताराका जुलुसहरू
कोठाभित्र र कोठाबाहिर लामबद्ध छन्
तिमी आगो सल्काउँदै छौ बाँसको झ्याँङमा
म जराहरूलाई जमिनमा गाडेर
सभाको आयोजना गर्दै छु आकाशमा ।

**झ्याल-४**
मलाई झ्याङ चाहिन्न
बेकारका मझेरी, गग्रेटो र बुइगल पनि चाहिन्न
म गारोमा उभिन चाहन्छु
धर्तीमाथि धरहरा बनेर

तिमी भन्छ्यौ नि
सधैँ मलाई पहाड बन्न
म त पहाडको आँखा हुँ
पहाड छान्छौ कि आँखा
तिम्रो विवेकको मूल्याङ्कन हुन्छ अब ।

**झ्याल-५**
मैले
साँढेका हुलहरूलाई जङ्गल देखेँ
जङ्गललाई मायालु बतासको मार्चपास

फूलका झुप्पा बोक्नेहरूलाई
देखिरहेथेँ पृथ्वीको गर्भ फोर्ने
ज्वालामुखीका काँडाहरू
आकाश जलिरहेछ
जमिन बगिरहेछ
तिमीलाई तिमी देख्न
झ्यालमा मुन्टो टाँसेर होइन
जोत्नुपर्ने रहेछ हलोको फालीले ।

### झ्याल-६

निष्पट्ट अँध्यारोमा रूमलिँदै हिँडिरहेथेँ
एक दिन भेटेँ एउटा झ्याल
झ्यालबाट बिस्तारै देखेँ
घाम, पानी, आकाश र धरतीलाई ।

त्यतै कतैबाट
जुरुक्क उठ्यौ तिमी
र मलाई डोऱ्यायौ लामो यात्रामा
जीवनभर
नियालिरहेछु संसारलाई
तर केवल देखिरहेछु
झ्यालका अस्पष्ट क्षितिजहरू ।

### झ्याल–७

ढोका खोलेपछि त
जो पनि पस्नसक्छ भनेर
निर्माण गरेँ एउटा झ्याल
त्यहीँबाट भित्र्याउनु थियो
कसैको मनको उज्यालो
फेरिँदै गरेका फूल, पातका बैँसहरू
र भर्खर पँखेटा फिँजाउँदै गाइरहेका
चराका सुन्दर लयहरू ।
तर त्यस्तो नहुने रहेछ
जब खोलेँ झ्याल
सोध्दै नसोधी पसे
भुइँचालो गएको आँसु
क्षतविक्षत आकाश
र निसास्सिरहेका
प्रेमका ताजमहल र इतिहासका पिरामिडहरू ।

### झ्याल–८

झ्याल, जतिसुकै सानो किन नहोस्
तिमीले चाह्यौ भने
देख्न सक्ने छौ सारा संसार
संसारमा  खाँचो छ
पर्खाल भत्काउँने र झ्याल खोल्ने मान्छेको ।

आऊ, तिम्रो र मेरो हृदय खोलौँ पहिले
खोलेको मुटु
र खुलेको अनुहारको सामु
बन्द हुनै सक्दैनन् संसारमा केही पनि ।

### झ्याल-९

हाम्रो बिचमा पर्खाल ठड्याउँदै छन्
हाम्रै इतिहास र संस्कारहरूले
मैले एउटा झ्याल बनाएको छु अहिले
कसैले ढोकाबाट रोके भने तिमीलाई
आऊ झ्यालबाट ।

मान्छेले मान्छे भेट्यो भने
बाँकी रहन्छ
न कुनै अँध्यारो
न कुनै कसिङ्गर ।


# आस्थाको सरोवरलाई नियाल्दा



❖ अरुणबहादुर खत्री "नदी"

नियात्राकार रामप्रसाद पन्तको 'आस्थाको सरोवर' नामक नियात्रोपन्याससङ्ग्रह २०७० सालमा सत्रौँ कृतिका रूपमा दायित्व वाङ्मय प्रतिष्ठान नेपालले प्रकाशित गरेको छ। यसभित्र उनले लेखेका खण्ड एकमा नेपालभित्रका विभिन्न शीर्षकका छओटा र खण्ड दुईमा भारततर्फका विभिन्न शीर्षकका तीनओटा नियात्राहरू छन् । लामिछानेको 'स्वागत : विवाहको झल्को' शीर्षकको नियात्रामा असार महिना भनेको घनघोर वर्षा हुने समय हो तर अहिले भूमण्डलीकरणमा परिवर्तन आएको छ । वर्षा पछि पछि सर्दै गएको छ, हिमाल पग्लँदै जान थालेको छ। प्रकृतिमा हुने कुरा नहुने र नहुने कुरा हुने भइरहेको छ त्यसैले असार पन्ध्रयता मनसुन आउँदैन भन्ने कुरामा नियात्राकारहरू ढुक्क थिए । काठमाडौँबाट २०६९ साल असार १ गतेका दिन बिहान आठ बजे स्वर्गद्वारीका लागि छुटेको बस बिच बिचमा टायर फेर्दै, रोकिँदै राति १ बजेपछि मात्र दाङका कवि अशोक लामिछानेको घरमा पुग्नसकेको र उनले गरेको स्वागत सम्मान देख्दा उनका दुई छोरीका विवाहका लागि वरहरू लिएर जन्ती पुगेको झझल्को नियात्राकार पन्तलाई भएको छ।

यस सङ्ग्रहभित्र रहेका वर्णित यात्राहरू धार्मिक रङले रङ्गिएर गरिएका यात्राहरू हुन् तर यात्रागत वस्तुतथ्यहरूलाई निजात्मक रङले रङ्गाएर भावना र कल्पनाको समन्वयद्वारा यथार्थपरक ढङ्गबाट नियात्राकार पन्तले प्रस्तुत गरेका छन्। 'स्वर्गद्वारीको द्वारभित्र' शीर्षकभित्र लामिछानेपरिवारले गरेको भावपूर्ण विदाइपछि हामी चढ्छौँ बसमा र लाग्छौँ तुलसीपुर बजारतिर । मध्यपश्चिमाञ्चलको अञ्चल सदरमुकाम भएर पनि त्यति विस्तार हुनसकेको रहेछ तुलसीपुर नगरपालिका । मूर्तिविहीन पृथ्वीचोक र मूर्तिसहितको विपी चोकलाई पछाडि पार्दै बस निस्कन्छ बजारतिर भनेर नियात्राकारले लेखेका छन्। पानीको निकै कमी र आश्रमको खस्कँदो स्थितिले तीर्थयात्रुहरूलाई दुःखी बनाएको छ स्वर्गद्वारीको व्यवस्थापनले। सुख्खा र उजाड डाँडाहरूमा बस घुम्ती घुम्ती हुँदै उकालो लाग्दै छ। बडे बडे चट्टानहरू कोपेर बनाइएको बाटो डरलाग्दो भएर पनि फेरि साँघुरो र असुरक्षित देखिदैन, नियात्राकारले भनेका छन् । 'त्यो दुस्साहपूर्ण यात्रा'




**कृति : आस्थाको सरोवर**

**लेखक : रामप्रसाद पन्त**

**प्रकाशक : दायित्व वाङ्मय प्रतिष्ठान नेपाल**

**प्रकाशन मितिः २०७० वैशाख**

**मूल्य : रु.१७५।–**

**पृष्ठ : १०८**

शीर्षकभित्र बादलको पर्दाभित्रबाट चन्द्रमाले मधुरो प्रकाश फ्याँकेका छन् भूतलमा तर त्यो प्रकाश हिँड्नका लागि पर्याप्त छैन । केही युवावर्गको हातमा टर्च छ र उनीहरूले महिला, वृद्ध र केटाकेटीलाई जतनसाथ हिँडाइरहेका छन् भनी वर्णन गरिएको छ।


'कालीगण्डकीको तीरैतीर' शीर्षकभित्र असार चार गतेका दिन बेनीबाट जिपहरू बन्दोबस्त गरी हिँडेका यात्रुहरू गण्डकीको तीरैतीर घासा, लेते, कोवाङ, मार्फा, टुकुचे हुँदै जोमसोम बजारमा पुग्दछन् । बेनीदेखि ३९ किलोमिटर टाढा रहेको बाँदर जुङ क्षेत्रले म्याग्दी-मुस्ताङ छुट्याउँदो रहेछ। त्यो नाघ्नेबित्तिकै नियात्राकारहरू घासा पुगेका रहेछन् । घासा पनि राम्रो बस्ती रहेछ। आवश्यक परे रात बिताउन पनि सकिने रहेछ त्यस बस्तीमा। 'जोमसोमदेखि जोमसोमसम्म' शीर्षकभित्र पितृतर्पण र मुक्तिनाथ दर्शनका लागि आज उपयुक्त दिन परेको छ २०६९ सालको असार ५ गते अमावश्या तिथि। यो तिथि पारेको होइन परेको। दोभान माथिपट्टि एउटा शालग्राम मन्दिर थियो। सँगै खण्डश्री विभूषित मुक्तिनाथ पीठाधिश्वर स्वामी कमल नयनाचार्यद्वारा संस्थापित तथा अखण्डज्योति बाबा स्वामी श्रीजी च्यारिटेबल ट्रस्टद्वारा सञ्चालित मुक्तिनाथ अन्नदान सेवा सन्तसेवा आश्रम पनि थियो भनेर लेखिएको छ। 'यात्राका ती अन्तिम तीन दिन' शीर्षकको नियात्रामा असार ६ गते दिउँसो बेनी आएर आफ्नै बसबाट बाग्लुङ कालिकाको दर्शन गर्दै पोखरा बास बस्न आएको र अर्को दिन असार ७ गते पोखरा घुमेर गोरखा बजार स्थित सत्यम होटलमा बास बसेको वर्णन गरिएको छ। यात्राको अन्तिम दिन असार ८ गते मनकामनाको दर्शन गर्दै राति बार बजे काठमाडौँमा आइपुगेर यो तीर्थयात्रा सम्पन्न भएको बारेमा विस्तार गरिएको छ।

'बिरगन्ज हुँदै रक्सौलतिर' शीर्षकभित्र प्राध्यापक गोपीकृष्ण शर्मा, ठाकुर शर्मा र नियात्राकार पन्त काठमाडौँको ठमेलस्थित ब्रह्माकुमारी राजयोग सेवाकेन्द्रमा गएर जब यात्रा निश्चित गरेका थिए त्यसपछि नियात्राकारले उनको मानसरोवरमा छालहरू बेजोडसँग छचल्किन थाले भनेका छन् । 'सत्याग्रह अर्थात् च्याम्हसिंह रेलवे' शीर्षकभित्र

च्याम्हसिंह रेल साँच्चै नै अनौठो लाग्दै छ नियात्राकारलाई । साथीहरू व्यङ्ग्य गर्दै छन् रेल दुई मिनेट हिँड्छ चार मिनेट आराम गर्छ। नियात्राकार पनि छक्क पर्दै छन् हाम्रै जनकपुर जयनगर रेलजस्तो दौडेर पनि भेट्टाइएलाजस्तो भनिएको छ। 'आबु पर्वतको छेउछाउ' शीर्षकको नियात्रामा आबु पर्वतमा जम्मा भएको थियो २०१ जनाको नेपाली डफ्फा। ६०१ को डफ्फा त्यहाँ थिएन तर त्यसैमध्येका तीनजनाको सङ्ख्या समावेश भएको थियो २०१ मा। धार्मिक एवम् पर्यटकीय टोलीमा थिए नियात्राकारहरू २०१ जना।

नियात्राकार पन्तले गरेका दुईवटा यात्राहरूको माध्यमद्वारा पाठकहरूलाई सोहीअनुरूप यात्रा गराउन सकेका छन्। यो कृति नियालेर पढ्दा नियात्राकारको कलम निकै खारिएको पाएँ । नित्रायालेखनमा उनले निकै प्रगति गरेका छन् । उत्ताउलो नबनी सफलतापूर्वक आफूलाई प्रस्तुत गर्नसक्नु उनको चमत्कार हो र यस सङ्ग्रहमा उनले चमत्कार देखाएका छन् । यसमा लेखकको आफ्नै अनुभूति स्वाद छ, उनको निजी भावना जताततै छरिएको छ। लेखनशैली स्वतन्त्र छ। उनका यात्राहरू रोचक र रसिला छन्। यात्रा विवरणलाई मनोरञ्जनात्मक तुल्याउन उनी एकदम सफल भएका छन् । रामप्रसादका नियात्राहरूमा इतिहासिका पाठबाट सिक्नुपर्ने आग्रह बलियो रूपमा अभिव्यक्त भएका छन्।

## ❑ दुई मुक्तक



**❖ गोविन्दबहादुर कुँवर**

**१**


अब युवाहरू राजनीतिमा अगाडि आउनुपर्छ
मिति नाघेकाहरूजतिलाई पाखा लाउनुपर्छ
कसैका दास तथा अनुचर हुने दिन अब गए
आशा तथा भरोसा लाग्दाको जीत गराउनुपर्छ।

**२**

परिकल्पनाको उत्कृष्ट स्वरूप सिर्जनात्मकता हो
कल्पनाको निकृष्ट रूप चिन्ता र नकरात्मकता हो
को मान्छे कस्तो हो, उसको व्यवहारले चिनाउँछ
हरेक वस्तुको उज्यालो पक्ष देख्नु सकरात्मकता हो।

*जिमित्रे, भोटेओडार, लमजुङ।*

## हार्दिक श्रद्धाञ्जली



**टी.पी.(टङ्कप्रसाद) शर्मा तिमल्सिना**
**निधन : ७ असोज २०८२**

**कीर्तिशेष स्रष्टाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ। साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनहरूप्रति हार्दिक समवेदना प्रकट गर्दछौँ।**

**शब्द-संयोजन परिवार**

❑ लघुकथा

# कस्तो अचम्म !



❖ **कुमार नेपाल**

चारुमतीका आमाबाबु र एकजना भाइ थिए । बाबुआमाकी एक मात्र छोरी चारुमती बिस वर्षकी मात्र थिइन् । पढाइमा उनले आई.ए.पास गरेकी थिइन् । उनले त्यसभन्दा बढी बढ्न सकेकी थिइन । विवाह गर्ने उमेर पनि भइसकेको थिएन । उनी घरधन्दामा आमालाई धेरै नै सघाउने गर्दथिन् । एक दिन भाइटीकाको दिन भाइलाई टीका लगाइदिँदा दुबो र तेलले घुमेर भनिन्, ‘अब मेरो भाइ र मलाई यमराजले केही गर्दैनन् ।’ यो कुरा यमराजकी बहिनी यमुनाले भनेकी थिइन् रे ! एक दिन चारुमती विरामी परिन् । आमाबुवाले उनलाई हस्पिटलमा लगेर उपचार गराएछन् तर सात दिनसम्म पनि ठिक नभई उनलाई डाक्टरले यिनको मृत्यु भइसक्यो भनिदिएछन् । बाबुआमाले दाहसंस्कार गर्न आर्यघाट पुऱ्याएछन् । त्यहाँ सोला बनाई राखेर आगो पनि लगाइदिएछन् । यो कस्तो अचम्म ! आगोको राप लाग्नासाथ चारुमतीले ‘ऐया मलाई पोल्यो’ भनी कराउन थालिछन् ! त्यस्तो आबाज सुनेर सबै जनाले चारुमतीलाई सोलाबाट निकालेर बाहिर राखी ‘तिमीलाई त हामीले मरिसक्यौ भनी दासंस्कार गर्न यहाँ ल्याएका थियौँ । तिमी कसरी बाँच्यौ ?’ भनी सोधेछन् । उनले भनिछन्, ‘मलाई चारजनाले यमराजकहाँ लगेछन् । यमराज राजाले चित्रगुप्तलाई बोलाएर यिनलाई के गर्ने भनी सोधेछन् । चित्रगुप्तले खाता पल्टाई हेरेर ‘यिनलाई अहिल्यै यहाँ किन लिएर आएको ? यिनलाई त अझ पचास वर्ष यहाँ ल्याउनुपर्दैन’ भनेछन् र त्यहाँबाट मलाई फर्काइदिए । त्यसैले म फर्केर आएकी हुँ’ भनिछन् । त्यसपछि चारुमतीलाई घरमा लिएर आएछन् । पच्चिस वर्ष पुगेपछि उनलाई २८ वर्षको एकजना केटासँग विवाह पनि गरिदिएछन् । अहिले उनका एक छोरा र एक छोरी पनि भएका रहेछन् । छोराछोरी दुबै राम्रै स्कुलमा पढ्न पनि थालिसकेका रहेछन् । हाल उनी (चारुमती) आफ्नो घरमा सुखी र खुसीसाथ जीवन बिताइरहेकी रहिछन् । कस्तो अचम्म ! संसारमा कहिलेकाहीँ यस्तो पनि हुँदो रहेछ ।

*शंखमूल, काठमाडौँ ।*

**हार्दिक श्रद्धाञ्जली**



**नवराज न्यौपाने**

निधनः १३ असोज २०८२

**कीर्तिशेष स्रष्टाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनहरूप्रति हार्दिक समवेदना प्रकट गर्दछौँ ।**

**शब्द-संयोजन परिवार**

# प्युरी, बत्ती र खरानी

❖ वासुदेव अधिकारी

१.

आमाले बत्ती कात्न
बायाँ हातमा प्युरी लिनुभयो
दायाँ हातको औँलामा
वेला वेला खरानी दल्नुभयो
खरानीले औँलालाई छरितो हुन सघायो
खरानीको सङ्गतमा
औँला लट्पटिएनन्
त्यसले मजाले प्युरी बटाऱ्यो
प्युरी धागो भयो
धागो फन्कियो/बेरियो
धागो बाती भयो
बाती तेलमा भिज्यो
आगोको सङ्गतमा पुग्यो
र झल्ल बल्यो
प्युरी प्रकाशको जननी भयो ।

२.

मलाई थाहा छ
आमाले बत्ती कात्न
अरू काम छाड्नुभएन
मेलापात गरिरहनुभयो
घाँस दाउरामा भिडिरहनु भयो
ढिकीजाँतो पेवाजस्तै थियो
उहाँले बत्ती कात्न
एक चिम्टी खरानी खोज्दा
घर जलाउनुभएन
किताब जलाउनुभएन
खरानीकै लागि दाउरा बाल्नुभएन
आगोका लागि दाउरा बाल्नुभयो
न्यानोका लागि आगो बाल्नुभयो
अँगेनाको खरानी प्रयोग गर्नुभयो
बिजुली आउनुपूर्व घरमा
दाउरा नै बल्यो
बत्ती नै जल्यो
बत्तीले घरलाई जगमग बनायो
अहिले पनि
आमा बत्ती कात्नुहुन्छ
दैनिक जोरबत्ती
वेला वेला लक्ष्य (लाख) बत्ती
म कृतार्थ छु
आमाको बत्तीप्रेमसँग
प्रकाश प्रेमसँग
हात चलाइरहने जाँगरसँग ।

३.

आमाले लाख जोरबत्ती कात्न
कति प्रयोग गर्नुभयो होला खरानी ?
एक माना ?
दुई माना ?
एक पाथी ?
दुई पाथी ?

बस्, त्यत्ति हो
त्यो खाना पाक्दापाक्दै आयो
त्यो दुध उमाल्दा उमाल्दै आयो
साँच्चै हो
खरानीका लागि आमाले
वनमा डढेलो लगाउनुभएन
घरको दलिन पोल्नुभएन
मात्र बिहान-साँझको दीप प्रज्ज्वलन सोच्नुभयो
मात्र लाख बत्ती बाल्दाको ज्योतिर्मयता सोच्नुभयो ।

**४.**

जब बत्ती बल्थ्यो
भान्सामा
पूजा कोठामा
यज्ञयज्ञादिमा
मन झलमल्ल हुन्थ्यो मेरो
बत्तीले तेल माग्थ्यो
अक्सिजन माग्थ्यो
हुरी छेक्ने छेको माग्थ्यो
हेरविचार माग्थ्यो
एक दिया असङ्ख्य दिया !
एक झिल्को अगणित झिल्का !
मन्त्र पढ्नै पर्दैन प्रकाश पुज्न
तन्त्र जान्नै पर्दैन आकाश पुज्न
अभिवादन गर्छु प्रकाशलाई
प्रकाश : जीवन
प्रकाश : सामर्थ्य ।

**५.**

जब म बलिरहेको बत्ती देख्छु
आमाले एकमन लगाएर
बत्ती कातेको दृश्य सम्झिन्छु
हातको कोमल प्युरी सम्झिन्छु
प्युरी फल्ने कपासको बोट सम्झिन्छु
औँलाले वेला वेला खोज्ने खरानी सम्झिन्छु
खरानी बस्ने अँगेनो सम्झिन्छु
खरानी
सहउत्पादन
रुपायित वस्तु
आगोको अस्तु !
दाउरामा मात्र होइन
बत्तीमा पनि खरानी हुन्छ
आगो प्रकाश दुबैसँग सङ्गत छ हाम्रो
खरानीसँग सङ्गत छ हाम्रो
बत्तीले लाख अंश उज्यालो दिँदा
एक अंश खरानी दिन्छ
केही अंश धुवाँ दिन्छ
दिगो सहयात्रामा छन्
प्रकाश र खरानी
खरानी र प्रकाश
प्रकाश र धुवाँ
धुवाँ र खरानी ।

**६.**

बत्ती आगो हो
प्रकाश प्रकाश हो
यो बल्नका लागि अक्सिजन खोज्छ
तर हुरीसँग डराउँछ
हुरी निभाउँछ बत्तीलाई
र त बाहिरतिर दियो बाल्दा आमा
टपरी प्वाल पारी घोप्ट्याएर छोप्नुहुन्छ
न हात
न खल्ती
हुरीले यदाकदा
आगो टिप्छ
आगो बोक्छ

आगो खल्तीमा हाल्छ
र बस्तीमा छोडिदिन्छ
जब आगो बस्ती पुग्छ
जल्नुपर्ने चिज पनि जल्छ
जल्नुनपर्ने चिज पनि जल्छ
छाप्रो जल्छ
घर जल्छ
महल जल्छ
किताब जल्छ
इतिहास जल्छ
अन्याय जल्छ
न्याय जल्छ
हृदय खाक हुन्छ
र पैदा हुन्छ टनका टन खरानी !

**७.**

कपासमा प्रकाश खोज्ने म
उज्यालो मन पराउँछु
वेला वेला हुरी मन पराउँछु म
तर घृणा गर्छु
हुरीमा पेट्रोल-आगो मिसाउने
दृश्य-अदृश्य हातलाई
खरानी उत्पादन गर्ने उद्यमलाई
ए नबिकेका कलम !
हृदयका क्यामेरा !
सार्वजनिक गर न
हुरीमा आगो झोस्ने 'महामनालाई' ।

*१५ असोज ०८२*

---

# बजारमा कृति




कृति : कैलाशदेखि सागरसम्म
लेखक : गायत्रीकुमार चापागाईं
विधा : नियात्रासङ्ग्रह
प्रकाशक : शब्दयात्रा प्रकाशन
प्रकाशन वर्ष : २०८२
मूल्य : रु.३००।–




कृति : विष्णु ओलीका मुक्तक
सम्पादक : प्रा.डा.कृष्णप्रसाद दाहाल
विधा : मुक्तकसङ्ग्रह
प्रकाशक : श्रीमती देवी उप्रेती ओली
प्रकाशन वर्ष : २०८२
मूल्य : रु.२५०।–

# साहित्य सन्ध्याको ४६७ औं शृङ्खला सम्पन्न



२०८२ असोज ४ गते अपराह्न १ बजे गुगलमिटका माध्यमबाट साहित्य सन्ध्याको नियमित मासिक ४६७ औँ शृङ्खलामा 'शुभकामना कविगोष्ठी'को आयोजना गरिनुका साथै डा.विष्णुप्रसाद दाहालद्वारा लिखित कथासङ्ग्रह 'कथाको कथा'को परिचर्चा गरियो । सन्ध्याका अध्यक्ष राम विनयको अध्यक्षता र उपाध्यक्ष रमेश पोखरेलको सञ्चालनमा सम्पन्न भएको उक्त समारोहमा प्रमुख अतिथिका रूपमा प्रा.डा.जीवेन्द्र देव गिरी उपस्थित हुनुहुन्थ्यो भने विशिष्ट अतिथिका रूपमा शान्ता मानवीको उपस्थिति रहेको थियो । अतिथिहरूमा युद्धप्रसाद मिश्र स्मृति प्रतिष्ठानका अध्यक्ष डा.फणीन्द्रराज निरौला, महासचिव नन्दु उप्रेती, राष्ट्रिय जनसाहित्यिक सङ्घ नेपालकी अध्यक्ष नर्मदेश्वरी सत्याल, प्रा.डा.कृष्णप्रसाद घिमिरे, वासुदेव अधिकारी, डा.राजेन्द्रप्रसाद अधिकारी, उमेश उपाध्याय, गायत्रीकुमार चापागाईँ, डा.हरिप्रसाद सिलवाल, डा.विष्णुप्रसाद दाहाल, महेशराज खरेललगायतको उपस्थिति रहेको थियो ।

डा.विष्णुप्रसाद दाहालद्वारा लिखित कथासङ्ग्रह 'कथाको कथा' माथि प्रा.डा.जीवेन्द्र देव गिरीले विस्तृत परिचर्चा गर्नुभएको थियो भने समारोहमा सावित्री श्रेष्ठ, डा.हरिप्रसाद सिलवाल, विन्दु अधिकारी ढकाल, कुमार नेपाल, महेशराज खरेल, डा.राजेन्द्रप्रसाद अधिकारी, ओमप्रसाद कोइराला, जयन्ती स्पन्दन, गायत्रीकुमार चापागाईँ, नर्मदेश्वरी सत्याल, गोपालकुमार मैनाली, उमेश उपाध्याय, वासुदेव अधिकारी, नन्दु उप्रेती, प्रशान्त खरेल, प्रा.डा.कृष्णप्रसाद घिमिरे, डा.फणीन्द्रराज निरौला, डा.विष्णुप्रसाद दाहाल, राम विनयले आआफ्ना कविता, गीत, गजल वाचन गर्नुभएको थियो ।

शान्ता मानवीले जस्तोसुकै प्रतिकूल अवस्थामा पनि समसामयिक विषयमा छलफल, बहस गर्ने र कविताका माध्यमबाट सामाजिक रूपान्तरण अनि सत्य र न्यायका पक्षमा आबाज उठाउने कामलाई निरन्तरता दिने साहित्य सन्ध्यालाई धन्यवाद दिनुभएको थियो ।

वाचित रचनामाथि पनि प्रा.डा.जीवेन्द्र देव गिरीले नै समीक्षा गर्नुभएको थियो ।



# स्रष्टाको आजको आवश्यकता भनेको मार्क्सवादमा आधारित समाजवादी साहित्यलेखनका माध्यमबाट नेपाली समाजको पूर्ण रूपान्तरणमा सघाउ पुऱ्याउनु नै हो

❖ प्रा. डा. हेमनाथ पौडेल

साहित्य सन्ध्याको यो लामो अनवरत यात्रामा विविध समसामयिक विषयमा बहस तथा छलफल गरिरहेको संस्थाले आज ‘समाजवादको यात्रामा साहित्यको भूमिका’जस्तो ज्यादै विस्तृत र गहन विषयमा बहस गर्ने गरी आयोजना भएको यो विशेष समारोहमा आफ्ना धारणा राख्ने अवसरका लागि हार्दिक धन्यवाद दिन्छु । समकालीन साहित्य लेखनमा प्रतिध्रुवीय धार वा समानान्तर धार र समाजवादी धार क्रियाशील रहेका छन् । पुँजीवादी व्यवस्थालाई समाप्त पारी समतामूलक सिद्धान्तको अवलम्बनसहित कायम गरिने शासन व्यवस्था नै समाजवाद हो । योग्यताअनुसार काम र कामअनुसार दाम हुने समानताको सिद्धान्त यसले अवलम्बन गर्दछ । पुँजीवादी मुलुकहरूले पनि मिश्रित रूपमा जनताका सेवासुविधा समान रूपले प्रदान गर्ने व्यवस्था गरेका छन् भने समाजवादी हौँ भन्ने मुलुकहरूले पनि त्यस्तै यात्रा तय गरिरहेका छन् । हाम्रो सन्दर्भमा समाजवादउन्मुख शासनव्यवस्था सञ्चालन गर्ने संवैधानिक व्यवस्था भए पनि पूर्ण कार्यान्वयनको तहमा पुग्नसकेका छैनौँ, पुँजीवादकै यात्रामा यात्रारत रहेका छौँ । आर्थिक, सामाजिक, शैक्षिकलगायत क्षेत्रमा सरकारको नियन्त्रण हुने समाजवादी यात्रामा नपुगेका हामी प्रतिस्पर्धात्मक पुँजीवाद वा दलाल पुँजीवादकै चरणमा रहेका छौँ । वर्गीय शोषणको अन्त्य, बेरोजगारीको अन्त्य र योग्यतानुसारको काम तथा कामअनुसारको दामको कार्यान्वयन समाजवादका विशेषता रहे पनि हामी त्यो चरणमा पुग्ने यात्रा नै तय नगरेको अवस्थामा छौँ ।

अहिले काल्पनिक समाजवाद, वैज्ञानिक समाजवाद, लोकतान्त्रिक समाजवाद आदि आदि शब्दको प्रयोग भइरहेको पाइन्छ । नेपालको एकीकरणको समयमा वीर धारामा साहित्य सिर्जना भएको; राणाकालसम्म निराशाका, भक्तिका सिर्जना भएका छन् भने निरङ्कुश शासन व्यवस्थाका विरुद्धमा सङ्घर्षका वा क्रान्तिका सिर्जना रचिएका छन् । त्यसैले साहित्य र राजनीतिको सम्बन्ध हुन्छ मात्र होइन साहित्यले समाजवादी यात्राका लागि सघाउने गर्दछ । अठारौँ शताब्दीमा पश्चिमा समुदायमा यथार्थवाद र आलोचनात्मक यथार्थवाद उल्लेख भएको देखिन्छ । समाजवादी यथार्थवादले भने इतिहास तथा वर्तमानलाई उजागर पनि गर्ने र भविष्यको आँकलनसमेत गर्ने कार्य गर्दछ, आदर्श समाजको परिकल्पना गर्दछ, यसले यथार्थको वर्णन मात्रलाई अपूर्ण मान्दछ । सन १९०१ मा गोर्कीको ‘आमा’ उपन्यास आएको

र १९३४ मा समाजवादी यथार्थवादी उपन्यास भन्ने दृष्टिकोण प्रस्तुत गरियो । समाजवादी यथार्थवादको दार्शनिक पक्ष भनेको मार्क्सवादी दर्शन हो । १९१७ को अक्टुबर क्रान्ति वा बेलायत, फ्रान्समा भएका मजदुर आन्दोलन वा वर्गसङ्घर्षका आन्दोलन आदिले समाजवादी यथार्थवादको गोरेटोको काम गरेका छन् । यद्यपि इसापूर्व ३८५ मै प्लेटोले आफ्नो पुस्तकमा समाजवादको चर्चा गरेका छन् भने बेलायतका थोमस मोरले आदर्श राज्यको र विभेदको अन्त्यको काल्पनिक आदर्शवादी समाजको चर्चा गरेका छन् । रुसोले समाजवादको स्पष्ट उल्लेख गरेका छन् । मार्क्सवादले भने समाजवादका सबै पक्षको चर्चा गरेको हुँदा यो सर्वव्यापी भएको छ । चीनमा माओले पनि समाजवादी साहित्यका बारेमा बृहत् चर्चा गरेका छन् । सन १९३६ मा भारतीय साहित्यकारहरूले सङ्गठित भएर समाजवादी साहित्यका बारेमा चर्चा गरेका छन् । सोभियत सङ्घको विघटन भएपछि समाजवादी विचार केही कमजोर भएको भए पनि संसारभरिका लेखकहरू निराश भएका देखिदैनन् । वर्तमानमा त जलवायु समाजवादसम्मको चर्चा पनि हुने गरेको पाइन्छ।

नेपालको सन्दर्भमा वि.सं.२००६ सालमा कम्युनिस्ट पार्टीको गठन भएपछि २००८ सालमा कृष्णचन्द्रसिंह प्रधानले 'भञ्ज्याङनिरै' कवितासङ्ग्रहमा आफैँले साहित्य कस्तो हुनुपर्छ भन्नेसम्बन्धमा भूमिका लेखेर समाजवादी यथार्थवादको प्रवेश गराएका छन् । त्यस समयसम्म नेपालमा घटेका मकैपर्वलगायतका विभिन्न घटनाहरूले पृष्ठभूमिको काम गरेका छन् । सँगसँगै विभिन्न स्रष्टाका थुप्रै कृतिहरू पनि प्रकाशित भएका छन् । साहित्य र राजनीति एकअर्काका पूरकका रूपमा उभिएका छन् । २०१७ सालपछि पञ्चायतका विरुद्धका, २०४७ पछि र फेरि २०५२ पछि एउटा पक्ष सशस्त्र वर्गसङ्घर्षका पक्षमा देखियो भने अर्को पक्ष शान्तिपूर्ण वर्गसङ्घर्षका पक्षमा उभिएको र यी दुबैको समान महत्त्व रहेको स्वीकार गरी दुइटैको संयुक्त प्रयत्नले लोकतान्त्रिक गणतन्त्रको स्थापना सम्भव भएको छ । तर हाम्रो शासनको वर्तमानको चरित्र उदारवादी रहेको छ । हाम्रो लेखन पनि आलोचनात्मक यथार्थवादभन्दा माथि उठ्नसकेको छैन । सिर्जना पनि गुटपरस्त देखिएको छ । समाजवादी साहित्यले सामन्त एवम् पुँजीवादी समाजका समग्र विसङ्गति र विषमताहरूको अन्त्य गरी सबै प्रकारको शोषणबाट मानवसमुदायलाई मुक्त गर्दै समुन्नत एवम् समतामूलक समाजको निर्माण गर्ने उद्देश्य राख्ने हुँदा यसले स्वरलाई प्रधानता दिन्छ र स्वर र शिल्पबिच द्वन्द्वात्मक एकता वा सङ्गतिको माग पनि गर्ने भएकाले हामी स्रष्टाको आजको आवश्यकता भनेको मार्क्सवादमा आधारित समाजवादी साहित्यलेखनका माध्यमबाट नेपाली समाजको पूर्ण रूपान्तरणमा सघाउ पुर्‍याउनु नै हो भन्नेसमेतको विशद धारणा राख्दै समाजवादको सङ्क्षिप्त परिचय, समाजवादी साहित्यको परिचय, समाजवादको उद्भव र विकास, नेपालमा समाजवादी साहित्यको प्रवेश र विस्तार, निष्कर्षसमेतका शीर्षक-उपशीर्षकमा चौध पृष्ठ लामो गोष्ठीपत्र नै पेस गर्ने र यो विशेष समारोहमा आफ्ना धारणा राख्ने गरी प्राप्त अवसरका प्रति मलाई गौरवानुभूति भएको छ ।

*-रमेश पोखरेल (प्रा.डा.हेमनाथ पौडेलले साहित्य सन्ध्याको ४६४ औँ शृङ्खलामा व्यक्त गर्नुभएको मन्तव्यमा आधारित)*

# दीपावली सतर्कतापूर्वक मनाऔँ

**दीपावलीको समयमाः**

मैनबत्ती, दीयो तथा विद्युतीय बत्ती प्रयोग गर्दा आगजनी हुनसक्छ त्यसबाट बच्न :

- दीयो, मैनबत्ती बाल्दा आगोले टिप्ने सामान नजिक नराखौँ,
- बालबालिकाले भेट्ने गरी दीयो, मैनबत्तीलगायतका प्रज्ज्वलनशील पदार्थ नराखौँ,
- पर्दा वा झ्यालढोकाको नजिकै तथा काठका फर्निचरमाथि दीयो तथा मैनबत्ती नबालौँ,
- मैनबत्ती, दीयो बालिसकेपछि ननिभेसम्म निगरानी गरौँ,
- धेरै विद्युतीय उपकरण प्रयोगका कारण विद्युत सर्ट भई आगो लाग्नसक्ने हुँदा कम प्रयोग गरौँ,
- एक्स्टेनसन प्लगको क्षमतानुसार मात्र बत्तीको प्रयोग गरौँ,
- पटाका तथा अन्य प्रज्ज्वलनशील वस्तुको प्रयोग नगरौँ ।

**आगजनीबाट बचौँ र बचाऔँ ।**


नेपाल सरकार


**विज्ञापन बोर्ड**

बबरमहल, काठमाडौँ

जि.प्र.का.का. द.नं. ९४/२०६०/०६१

म.क्षे.हु.नि. द.नं. २०/०६९/७०




'अविच्छिन्न प्रकाशन भइरहेको साहित्यिक पत्रिका शब्द-संयोजन मासिक'

खोजी खोजी पढ्नुहोस्' ।